# आदर्श मञ्जरी

**Aadarsha Manjari**

वर्ष २, वसन्त अङ्क, वैशाख २०८१

Vol. 2, April 2024




त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

## आदर्श बहुमुखी क्याम्पस

## ADARSHA MULTIPLE CAMPUS

गजुरी- १,, धादिङ । Gajuri- 1, Dhading

फोन नं. : ०१०-४०२३३२

ई-मेल : amcgajuri616@gmail.com, वेबसाइट : www.amcdhading.edu.np

सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धादिङ

## सिद्धलेक गाउँपालिकाद्वारा जारी सन्देश



समाजमा व्याप्त सामाजिक विभेद, उत्पीडन, सांस्कृतिक विचलन, गरिबी, बेरोजगारी, आर्थिक शोषण, अन्याय र अत्याचार अन्त्य गरी आदर्श, समुन्नत र सुसंस्कृत समाज निर्माण गर्नु हाम्रो साझा दायित्व हो। आमनागरिकको सहयोगबिना विकास निर्माणका कुनै पनि कार्यले सफलता पाउँदैन। उपलब्ध स्रोत र साधनलाई अधिकतम उपयोग गर्दै आर्थिक, सांस्कृतिक तथा सामाजिक रूपान्तरणको अभियानमा एकजुट हुन सबैमा हार्दिक अनुरोध गर्दछौं।

साथै

नव वर्ष २०८१ सालको पावन अवसरमा सिद्धलेक गाउँपालिकावासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूप्रति सुख,शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछौं ।

| डा. चक्र वली | सविता अर्याल | परशुराम खतिवडा |
|---|---|---|
| नि.प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

“साहित्य र सिर्जनाको अभियान : आदर्शको पहिचान”

# आदर्श मञ्जरी

वर्ष २, वसन्त अङ्क, वैशाख २०८१

**सल्लाहकार**
मा. राजेन्द्रप्रसाद पाण्डे
अध्यक्ष
(क्याम्पस सञ्चालक समिति)
मुक्तिकला लामिछाने
(क्याम्पस प्रमुख)

**प्रधान सम्पादक**
सुरेशकुमार बस्नेत
(प्रमुख, नेपाली भाषा शिक्षा विभाग)

**सम्पादक**
ईश्वरीप्रसाद ढुङ्गाना

**संयोजक**
दुर्गा घिमिरे
शङ्कर सुवेदी

**विज्ञापन व्यवस्थापन**
रामकुमार श्रेष्ठ

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
**आदर्श बहुमुखी क्याम्पस**
गजुरी, धादिङ

कम्प्युटर सज्जा : रञ्जन घिमिरे (९८५१००३०१६), मुद्रक : ग्लोबल प्रिन्ट कनेक्सन प्रा.लि., कमलादी, काठमाडौँ

# आदर्श मञ्जरीले निरन्तरता पाओस्



आदर्श बहुमुखी क्याम्पस गजुरी धादिङको वि.सं.२०६३ सालमा स्थापना भएको हो । त्यतिबेलासम्म धादिङ जिल्लाको दक्षिणी क्षेत्रमा एउटा पनि क्याम्पस थिएन । त्यो समयमा म स्थानीय विकास मन्त्रीको जिम्मेवारी सम्हालिरहेको थिएँ । आफू जन्मेको, आफूले पढेको र आफैँले पढाएको गजुरीमा उच्च शिक्षा पढ्ने क्याम्पस स्थापनाको आवश्यकतालाई ध्यानमा राखी क्याम्पस स्थापना गर्न मैले नेतृत्वदायी भूमिका निभाएँ । क्याम्पसको लागि जमिन खरिद गर्न र भवन बनाउन आर्थिक श्रोत जुटाउने काम गरेको हो । अहिले क्याम्पस स्थापना भएको १८ वर्ष पूरा भैसकेको छ । उच्च शिक्षाको अवसरबाट वञ्चित विद्यार्थीको आवश्यकतालाई मध्यनजर गरेर न्यून आर्थिक स्रोत, विद्यार्थी र प्राध्यापकहरूको जोडजाम गरी क्याम्पस स्थापना गरिएको थियो । सुरुमा हामीले आदर्श माध्यमिक विद्यालयकै कक्षाहरू प्रयोग गरी क्याम्पस सञ्चालन गर्‍यौँ । अहिले यो क्याम्पसको आफ्नै जमिन र सुविधा सम्पन्न दुई ओटा भवनहरू छन् ।

त्यतिबेला धादिङ जिल्लाको दक्षिण राजमार्ग क्षेत्रमा आदर्श बहुमुखी क्याम्पस मात्र सञ्चालन भएकाले कक्षा अन्यत्र सञ्चालन भए पनि छत्रेदेउरालीदेखि जोगिमारासम्मका विद्यार्थीहरूको शैक्षिक गन्तव्य बन्यो यो क्याम्पस । अहिले राजमार्ग क्षेत्रमा अरू आठओटा क्याम्पस खुलेका छन् जसका कारण क्याम्पसहरूमा विद्यार्थी सङ्ख्या घटेको छ । यद्यपि यस क्याम्पसको भौतिक विकास भैरहेको छ । यस क्याम्पसमा स्नातकोत्तर तहमा नेपाली र शैक्षिक योजना र व्यवस्थापन विषयको अध्यापन हुन थालेको पनि पाँच वर्ष पूरा भएको छ ।

स्थानीय आवश्यकता, त्रिभुवन विश्वविद्यालयको प्रावधान र विश्वविद्यालय अनुदान आयोग नेपालले निर्धारण गरेको उच्च गुणस्तरका सूचकबमोजिम यस क्याम्पसले वि.सं.२०७६ सालमा पहिलो रणनैतिक योजना (२०७६-२०८०) तर्जुमा पनि गर्‍यो । त्यस योजनाले गजुरीलाई शिक्षा र साहित्यको केन्द्र बनाउने प्रस्ताव गरेको थियो । त्यसै साल असार २१ गते यस क्याम्पसले धादिङ जिल्ला स्तरीय कविता प्रतियोगिताको पनि आयोजना गर्‍यो र त्यसको सँगसँगै यस क्याम्पसले आदर्श मञ्जरी शरद अङ्क प्रकाशन गर्‍यो । त्यस प्रकाशनमा गजुरी क्षेत्रका प्रतिभाहरूको लेख रचनाहरू पनि यथेष्ट मात्रामा समेटिएका थिए । त्यसैगरी २०७८ सालमा यस क्याम्पसले अन्तर्विद्यालय निबन्ध प्रतियोगिता पनि आयोजना गर्‍यो । वि.सं. २०७७

सालदेखि नै यस क्याम्पसले अनुसन्धानमा आधारित जर्नलका चार अङ्कहरू प्रकाशन गरिसकेको छ । यसरी यस क्याम्पसमा आबद्ध प्राज्ञिक व्यक्तित्वहरूको सक्रियतामा विभिन्न शैक्षिक र साहित्यिक गतिविधि हुन थालेकोमा म यस क्याम्पसको स्थापना कालदेखिको सञ्चालक समितिको अध्यक्ष र यस जिल्लाको शिक्षाप्रेमी, शैक्षिक आन्दोलनको अगुवा नेताको हैसियतले निकै खुसी छु । यस्ता शैक्षिक र साहित्यिक गतिविधिहरूले निरन्तरता पाउनुपर्छ भन्ने मेरो जोड छ ।

आदर्श मञ्जरीको दोस्रो वसन्त अङ्कले पनि गजुरी र यस क्षेत्रका प्रतिभाहरूलाई समेटेको छ । यसले निरन्तरता पाउँदा यस क्षेत्रका र यस क्याम्पसमा जोडिएका साहित्यानुरागीहरूका लेख रचना प्रकाशन गराउने चौतारीको काम यसले गर्नेछ । यस क्षेत्रको जनप्रतिनिधि र शिक्षाप्रेमी भएका नाताले पनि आदर्श मञ्जरीले निरन्तरता पाओस् भन्ने शुभेक्षा व्यक्त गर्दछु । आउँदै गरेको नयाँ वर्ष २०८१ को उपलक्ष्यमा मेरा मतदाता, सहकर्मी र सम्पूर्ण साहित्यानुरागीहरूमा मङ्गलमय शुभकामना प्रकट पनि गर्दछु ।

मा. राजेन्द्रप्रसाद पाण्डे
अध्यक्ष
आदर्श बहुमुखी क्याम्पस

# क्याम्पस प्रमुखको मन्तव्य




मानव जीवन सदा खोज र सिर्जनामा मात्र सार्थक हुन्छ । खोजले चिन्तन क्षमता र सिर्जनाले विचार वा भावलाई पल्लवित गरिदिन्छ जसले जीवनको मञ्जरीलाई इङ्गित गर्दछ । मानिस जीवन जिउने क्रममा हरसमय खुसी हुने वाहना खोजिरहेको हुन्छ । जीवनका तिता मीठा अनुभव र अनुभूतिहरूसँगै सँगालेका खुसीलाई अनुहारमा देखाउँदै अनि विषाक्त पीडालाई पोल्टामा लुकाउँदै बाँचेको हुन्छ मानव । त्यसैले हामी चाहन्छौँ, आम सरोकारवालाहरूको जीवनका आरोह अवरोहसँग फक्रिएको मञ्जरी बनेर सफेद जीवनलाई सिङ्गार्ने साधन बनोस् आदर्श मञ्जरी । मानव मनको गुम्फन निकासको आधार हो आदर्श मञ्जरी । हरमनको पल्लव बनोस् मञ्जरी, हरकोहीको मनको आवाज बनोस् मञ्जरी, अनि आम सरोकारवालाहरूको सिर्जना र प्रेरणाको स्रोत बनोस् मञ्जरी ।

हरेक शरद् र वसन्तमा सिर्जित हुने अभीष्टका साथ जन्मिएको मञ्जरी वसन्तमा पाउलिने अभिलाषामा शिशिरको तुसारोमा नै कठ्याङ्ग्रिएर उजाडिन पुगेकाले यस वर्ष हरियाली वसन्तमा पुनः **साहित्य, शिक्षा र जीवनः आदर्श, पहिचान र स्वाभिमान** भन्ने नाराका साथ नव मञ्जरी भएर पल्लवित भएको छ । हामी पुलकित भएका छौँ यसको दोस्रो अङ्क प्रकाशनले । हामीलाई विश्वास छ कि यस अङ्कले पहिलो अङ्कमा समेट्न नसकेका विधा र सामग्रीहरूलाई पनि समेटेको छ । हाम्रा क्याम्पसका सञ्चालक समितिका आदरणीय अध्यक्ष तथा सदस्यज्यूहरू, प्राध्यापक, विद्यार्थीलगायत आम सरोकारवाला र आकाशभन्दा फराकिलो मन भएका हाम्रा विज्ञापनदाताहरू सबैको सहकार्यको उपज हो- यो प्रकाशन । यस प्रकाशनलाई यो आकारमा ल्याउन र प्रकाशन गर्नका लागि योगदान पुऱ्याउने सबैप्रति कृतज्ञता ज्ञापन गर्दछु । हाम्रो मञ्जरी प्रकाशन गर्ने उद्देश्य पवित्र छ । यसमा कुनै सन्देह छैन तर यस प्रकाशनले निरन्तरता पाउने कुरामा बिचमा अन्योल रह्यो । त्यो अन्योललाई हाम्रो टिमले छिचल्यो । हामीले हार्दिकताका साथ अनुरोध गऱ्यौँ । हाम्रो अनुरोधलाई सहर्ष स्वीकार गरी विज्ञापनदाताहरूको आर्थिक योगदानले पनि हामीलाई थप उत्साहका साथ दोस्रो प्रकाशन पस्कन प्रेरित गरेको यथार्थ उल्लेख नगर्नु अन्याय हुन्छ । त्यस्तै गरी यस क्याम्पसको विकासको लागि गजुरी गाउँपालिकाले दिएको महत्त्वपूर्ण साथ र सहयोगप्रति आभारी छु । सम्पूर्ण सर्जक, विज्ञापनदाता र प्रकाशन टोलीको यस्तै प्रशंसनीय भूमिका भविष्यमा पनि रहने र यो साहित्य सिर्जनाले निरन्तरता पाउने अपेक्षा गर्दछु ।

अन्त्यमा, नयाँ वर्ष २०८१ सालको उपलक्ष्यमा सञ्चालक समितिका सम्पूर्ण सदस्य, प्राध्यापक, कर्मचारी, विद्यार्थी, सरोकारवालाहरू र सम्पूर्ण पाठकहरूको उत्तरोत्तर प्रगति र सुस्वास्थ्यको कामना गर्दछु ।

मुक्तिकला लामिछाने
क्याम्पस प्रमुख

# सम्पादकीय

यतिखेर प्रकृतिमा वसन्तको बहार छ । रङ्गीन पुष्पहास अनि नवमञ्जरीहरूले धरती चिटिक्क सजिएको छ । आदर्श बहुमुखी क्याम्पस पनि हाम्रा समादरणीय ज्ञानपिपासु साहित्यानुरागी पाठकवृन्दसमक्ष 'आदर्श मञ्जरी'को अर्को वसन्त अङ्क लिएर हाजिर भएको छ । मूलतः यस अङ्कमा हामीले पाठक वर्गका लागि शिक्षा र साहित्य मिश्रित सिर्जनाको स्वादिलो परिकार पस्केका छौँ ।

गजुरी आसपासका सिर्जनालाई विशेष स्थान दिइए पनि देशैभरिका प्रतिभाका रचनाहरू यस प्रकाशनमा समेटिन सक्छन् । सिर्जनाको स्वरूपमा स्थापित सर्जकहरूदेखि नवप्रतिभाहरूको जमघट हामीले यहाँ गराएका छौँ । यस अङ्कमा पनि मनका उच्च, शान्त र विचित्र भावनाहरूको अभिव्यक्ति गर्ने जमर्को सबै स्रष्टाहरूले गर्नुभएको छ । गीत, गजल, काव्य, आख्यान, मुक्तक, निबन्धलगायतका विधाका सुन्दर र अमूल्य सिर्जनाहरू समेटिएका छन् । विभिन्न विधाका यी सामग्रीहरूले पाठकहरूलाई केही न केही सुझ, सन्देश, शिक्षा र मनोरञ्जन सम्प्रेषण गर्न सफल रहनेप्रति हामी पूरै विश्वस्त छौँ । पहिलो र दोस्रो अङ्क पाठक र समालोचकहरूका माझ पहिला नै उपलब्ध भइसकेकाले ती अङ्कहरूले गजुरी र यसको आसपासमा के कति शैक्षिक र साहित्यिक योगदान पुऱ्याए, त्यसको समीक्षाको गहन अभिभारा यहाँहरूकै काँधमा सुम्पिन चाहन्छौँ ।

यस मञ्जरीमा प्रकाशित सामग्रीहरू सम्बद्ध लेखकहरूकै हुन् । त्यसैले सम्बन्धित सामग्रीप्रतिको सर्वाधिकार पनि लेखकहरूकै हुन आउँछ । भाषा साहित्यमा चञ्चुप्रवेश गरेकै आधारमा पनि व्याकरणिक शुद्धाशुद्धि देख्दा हाम्रो पनि आँखा बिझाए । त्यसैले भाषा सम्पादन गर्ने गहन जिम्मेवारीलाई हामीले कति न्याय गर्न सक्यौँ त्यसको मूल्याङ्कन गर्ने कार्यसमेत पाठकवर्गबाट हुने नै छ । यस प्रकाशनमा नवप्रतिभाहरूलाई केही वाक्यान्तर गरेर किन नहोस् उल्लेख्य रूपमा समेट्ने प्रयास भएको पाठकहरू माझ छिपाएर पनि छिप्दैन ।

आदर्श मञ्जरीको यस वसन्त अङ्कमा केही परिष्कार र परिमार्जन गरेरै भए पनि प्राप्त भएजति सबै सर्जकहरूका सिर्जनालाई समावेश गरिएको छ । सूचना सम्प्रेषण अपेक्षित प्रभावकारी हुन नसकेर पनि होला, हामीले स्थापित सर्जकहरूका रचनाहरू उल्लेख्य सङ्ख्यामा प्राप्त गर्न सकेनौँ । प्राप्त भएका रचनाहरूको पनि जुन गहनतामा परिष्कार हुनु पर्थ्यो, त्यो नभएको पनि हुनसक्छ । यसलाई हाम्रा प्रबुद्ध पाठकहरूले सामान्य रूपमा लिएर स्वीकार गरिदिनुहुने कुरामा कुनै सन्देह छैन । यस अङ्कमा प्रकाशित प्राज्ञिक तथा सिर्जनात्मक रचनाहरूको अध्ययन र आस्वादन गरी यहाँहरूका हृदयतलबाट स्वतःस्फूर्त निसृत भावसहितको सुझाव, प्रतिक्रिया अनि पृष्ठपोषणको हार्दिक अपेक्षा गर्दछौँ जसबाट हामीलाई आगामी अङ्कहरू अझै बढी परिपक्व, उपयोगी, सान्दर्भिक र पाठकप्रिय बनाउन अन्तरदृष्टि मिलोस् ।

अन्त्यमा, नव वर्ष वि.सं. २०८१ को पावन अवसरमा यस आदर्श बहुमुखी क्याम्पसको सञ्चालक समिति, प्राध्यापक, कर्मचारी, विद्यार्थी, अभिभावक, शुभचिन्तक, सरोकारवालाहरूलगायत यस प्रकाशनमा समेटिएका सिर्जनाका समस्त सर्जकहरू, विज्ञापनदाता एवम् सम्मानित पाठकवर्गप्रति हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

# विषयसूची


| | | |
|---|---|---|
| आदर्श क्याम्पस | जीवनहरि शर्मा | १ |
| आमा | शर्मिला तिमल्सिना | २ |
| गजुरी | गीतकार : डा. सदानन्द कँडेल<br>सङ्गीतकार : प्रमोद पन्त | ३ |
| सुब्बा साबको सरुवा | डा. शरदचन्द्र सिंखडा | ५ |
| गर्मी | रुद्रप्रसाद दनै | ९ |
| नमस्कार ! | रामचन्द्र अर्याल | ११ |
| फर्किएको अस्तित्व | मुक्तिकला लामिछाने | १२ |
| छोरी | ईश्वरीप्रसाद ढुङ्गाना | १५ |
| महाकवि देवकोटा : आत्मिक सुखका प्यासी | रमेश भट्टराई 'सहृदयी' | १६ |
| मङ्गली | टङ्क सिलवाल | २१ |
| मैले देखेको मेरो देशको यथार्थ | रमेश अधिकारी | २९ |
| मुक्तक | रञ्जिता लामिछाने | ३० |
| परीक्षाफल | गम्भीर दुवाडी | ३१ |
| उन्नतिको शिखर | कृष्ण कुम्पुरे | ३२ |
| नयाँ नेपाल | सत्यवती पाण्डे (सेढाईं) | ३३ |
| उच्च शिक्षा अनुसन्धानमुखी भएको महसुस गरेका छौँ | सरस्वती गुरागाईं | ३४ |
| बालबालिकाको भविष्य निर्माणमा अभिभावक र शिक्षकको दायित्व | वसन्त महत | ३६ |
| उच्च शिक्षाको गुणस्तर सुधारमा विद्यार्थीको भूमिका | शान्ति छत्कुली | ४० |
| तिरष्कृत आमा ! | पूर्ण तामाङ | ४२ |
| फागु | साम्भवी थापा | ४३ |
| गजल | मनोज चेपाङ 'बाबू' | ४४ |
| इच्छा | अश्विन भण्डारी | ४४ |
| घडी | मन्जिल ढुङ्गाना | ४५ |
| शिक्षा | अप्सरा भण्डारी | ४६ |
| मेरी आमा | प्रेमनाथ लामिछाने | ४७ |
| आवाज | सोबिता लामिछाने | ४८ |
| लाहुरेको कथा | सरस्वती भण्डारी | ४९ |
| तिमी चाहन्छौ नै भने आऊ न त | सङ्गीता विश्वकर्मा | ५० |
| बाबा र आमा | सुस्मा मगराती | ५१ |
| विदेश जाने किन ? | प्रजिना अधिकारी | ५२ |
| म र मेरो कोठा | दीपिका तिमल्सेना | ५३ |

# आदर्श क्याम्पस


जीवनहरि शर्मा

सारा धादिङ्गवासी वा दाताको देन वैभव
मन्त्री राजेन्द्रको प्राप्त नित्य नेतृत्वले जब ।
राजनीतिज्ञको साथ सेवी समाजका सब
शिक्षाप्रेमीहरू मिल्दा बन्यो क्याम्पस यो अब ॥ १

भिन्न विशेषता युक्त नाम आदर्श राखियो
त्रिसट्ठी सालमा मात्र सुचारु गरियो अहो !
यो स्थापना भएदेखि संस्था अध्यक्षमा रही
निरन्तर गरे सेवा आजसम्म पनि यहीँ ॥ २

उनै राजेन्द्र पाण्डेको अगुवाई छ नित्य नै
उच्च शिक्षा लिनेलाई मौका प्राप्त शनैः शनैः ।
त्रिविको मान्यता प्राप्त शिक्षा प्रवाह ध्येय छ
नाफा कमाउने छैन उद्धेश्य यसभित्र त ॥ ३

साँच्चै पवित्र वा स्वच्छ शारदा दिव्य मन्दिर
भूमि आफ्नै छ धेरै नै त्यसैमा बनिए घर ।
सम्पन्न सुविधायुक्त कोठाहरू त्रिचालिस
विशाल खेल मैदान अति शान्त व्यवस्थित ॥ ४

पवित्र त्रिशुली बग्छिन् देखिन्छ हरियो जल
अवस्थित किनारामा उच्च शिक्षा लिने स्थल ।
राजमार्ग छ आडैमा होहल्लाबाट मुक्त छ
शिक्षाशास्त्र पढाइन्छ स्नातकोत्तर स्नातक ॥ ५

विद्यार्थी मनको इच्छा पारिन्छ पूर्ण सार्थक
व्यवस्थापन सङ्काय मा मात्र चल्छ स्नातक ।
पुस्तकालयको सेवा मनोविनोद वा अरू
सेवारत रहेका छन् कर्मचारी तथा गुरु ॥ ६

अनेकौँ विघ्नबाधामा निरन्तर लडी रह्यो
निष्कलङ्क छरी राख्यौँ शिक्षाको दिव्य ज्योति यो ।
योजना दीर्घ राखेको यसको रणनैतिक
राष्ट्र निर्माणमा टेवा समृद्धि ल्याउने चिज ॥७

जनशक्ति तयारीको लिएको लक्ष्य कारण
शक्ति सञ्चयका साथ व्यक्तित्व परिवर्तन ।
अनुसन्धानका लागि व्यवस्थापन कक्ष छ
जसले खोज गर्नेको ज्ञान निर्माण गर्दछ ॥ ८

यिनै एकाइले फेरि काम गर्न सघाउँछन्
अनुसन्धानका स्रेस्ता चारवटा प्रकाश छन् ।
उपल्ला प्राज्ञका खोज विदेश देशका खुला
समावेश गरेको छ अनुसन्धान जो भला ॥९

यसैकारण बढ्ने छ विमर्श गरिए पछि
कला निखारिँदै जान्छ पढ लेख र प्रस्तुति ।
शिष्य सन्तुष्ट पार्ने हो यसैले सबको भलो
छ गुणस्तरमा वृद्धि उच्च शिक्षा लिने छ जो ॥१०

यावत् दृष्टिहरूबाट धनी बनाउने विधि
पुष्प परागझैँ बन्ने विद्यार्थी शिष्य सन्तति ।
समुदाय र विद्यार्थी कर्मचारी र शिक्षक
नथाकी काममा लाग्ने सङ्कल्प सबभित्र छ ॥ ११

जो सरोकारवाला छन् हातेमालो गरी अझ
रोजा बनाउने लक्ष्य यसैद्वारा छ सम्भव ।
देश निर्माण वा यस्तै भविष्य फलदायक
समाज सभ्य वा शान्त समुदाय समुन्नत ॥ १२

युगानुकूल शिक्षाले लक्ष्य प्राप्त हुने हुँदा
मनसा कर्मणा वाचा सम्पूर्ण एक हौं सदा ।
शरद्चन्द्र खटेका छन् दिलोज्यान दिई सधैँ
योग्य नेतृत्वका माझ प्रफुल्लित सबै सबै ॥ १३

कविता

# आमा



शर्मिला तिमल्सिना

आमा जन्म दिने खुबै असल हौ देवी मुमा भारती
इच्छाले मन यो समर्पित गरेँ श्रद्धा छ यो आरती
आमा आसिकबाट विश्वभरको खुल्दैछ सम्भावना
काखैमा म बसें पिएँ पयसुधा गर्दैछु आराधना

हुर्कायौ खुब लाडप्यारसित म माया भरी काखमा
आहा ! स्नेह मिल्यो अथाह गहिरो चुम्मा गऱ्यौ चाखमा
आँखामा ममता उजागर थियो न्यानो मिल्यो हर्दम
पूजा भाव थियो समर्पित कला झन् स्नेहको उत्तम

आमा च्याप्प समाउँथ्यौ नयनले गर्थ्यौ सदा रक्षण
पाएँ सुन्दर वक्ष -कुण्ड र पिएँ सौभाग्यले पोषण
आमाको महिमा बयान म गरूँ इच्छा छ चोखो अति
श्रद्धामा म गरूँ बिहान, दिनमा सम्साँझमा आरती

आमा आसिकबाट चल्छ दुनियाँ सौजन्यको सोखमा
कस्तो कष्ट सह्यौ मुमा सकस ती राख्दा घुली कोखमा
आमाको शुभ चाखका वचन ती बिर्सन्न कहिल्यै पनि
आमाबाट दया मिल्यो गजबको यो जन्मको जीवनी

प्यारो नाम लिँदा भयो अझ खुसी आनन्द वर्षा पनि
चल्दै उत्सुक काखमा जब बसेँ झल्लै थियो जीवनी
पाएँ दिव्य भलो घडा तब पिएँ मान्नेर सञ्जीवनी
आमाको शुभ कोखमा सरस झन् बन्दै गयो जीवनी

गजुरी -५, धादिङ, हाल- काठमाडौं, ९८४१४०४५०४

नव वर्ष वि.सं. २०८१ को अवसरमा
आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,
स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण
नेपालीहरू, हाम्रा शुभेच्छुक ग्राहक
महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा
उत्तरोत्तर प्रगतिको
**हार्दिक मङ्गलमय शुभकामना**
व्यक्त गर्दछु ।



**सुशीला मगर**
Sunrise Beauty Academy
गजुरी- १, धादिङ

# गजुरी



गीतकार : डा. सदानन्द कँडेल
सङ्गीतकार: प्रमोद पन्त

पूर्वी सीमा बेल्खुको कलकल
पश्चिमपट्टि मलेखु सलल
उत्तर बग्ने अविरल त्रिशुली
खैलुङडाँडा दक्षिणमा वाप्चुली
त्रिशुलीको काखैमा, हाम्रो गजुरी
जनताको आँखैमा, राम्रो गजुरी ।

पिडा, च्याङली, किरान्चोक गावैँमा
हिमाल देख्ने रमाइलो यो ठावैँमा
भेषभूषा राम्रो छ संस्कृति
स्वर्गै समान सुन्दर छ प्रकृति ।

बेसी टारमा जमिन छ उर्वर
डाँडापाखा मुहान छ निर्झर
हरेक वार्डमा छ सडक संजाल
खोला नाला हरियो वन जंगल ।

नव वर्ष २०८१ सालको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण आमाबुबा, दाजुभाइ तथा दिदीबहिनी, यस बैंकका सम्पूर्ण शेयरधनी तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको साथै यस क्याम्पसमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको शैक्षिक सफलता तथा यस क्याम्पसको उच्च शैक्षिक उन्नयनको लागि
**हार्दिक मङ्गलमय शुभकामना**
व्यक्त गर्दछौँ ।

prabhu Bank
BANK OF THE YEAR 2023

**नवीनकुमार ढकाल**
प्रबन्धक
**प्रभु बैंक लि.**
शाखा कार्यालय
गजुरी- १, धादिङ

काशी छहरा केराको राजधानी
आँप लिचीले मायाटार सम्झाउनी
राक्सिङ गाउँमा सुन्तला फलेको
दरियाल फाँटमा धानबाला झुलेको ।

किरातेश्वर लाम्चिरा पशुपति
थुम्किडाँडा पेटारे गाउँ बस्ती
पिन्डेश्वरी, डोलभन्ज्याङ घुमौँला
मयुर झरना भै आदमघाट झरौँला ।

गौरी भन्ज्याङ, बितलवमा वनभोज
गरौँ तुदी झरनामा मनमोज
नाचगान गरी कंकाल्नी जात्रामा
जाउँला छेपाङ, वाल्सिङ पदयात्रामा ।


माछा खाउँला मलेखु झरेर
मन बहलाउँला रमाइलो गरेर
पिँडा गाउँ, रमाइलो घाटबेसी
बेल्खु दोभान भुलिन्न हम्मेसी ।

मौलिक हक स्वास्थ्य र शिक्षा
खानेपानी, सरसफाइ, सुरक्षा
उद्योग, रोजगार, कृषि र पर्यटन
जनमैत्री सेवाभाव सुशासन ।

वृद्ध, प्रौढ, युवा, बालबालिका
सुखी जनता समृद्ध पालिका
मन मन्दिरमा सम्मानको गजुर
गाउँ विकासमा जुटौँ है हजुर ।




# सुब्बा साबको सरुवा



डा. शरदचन्द्र सिंखडा

तल कलकल बग्ने नदी । नदीका किनारमा लमतन्न फैलिएका टारहरू । माथि अग्लिँदै गएका पहाडका शृङ्खलाहरू । पहाडको चुचुरोसम्म फैलिएको हरियो जङ्गल क्रमशः देखिँदै गयो । साउन महिनामा हरियो वस्त्र लगाएकी नवयौवना नै अगाडि उभिएकी हुन् कि जस्तो प्रतीत हुन्थ्यो । पहाडको चुचुरोमाथि सेतो बादल नवयौवनाले ओढेको चुनरी पो हो कि जस्तो लाग्थ्यो । त्यस पहाडका तलतिर थुम्का परेका अनेकन बस्तीहरू । बस्तीहरूको बिचमा एउटा थुम्कामा पार्वतीले पढ्ने विद्यालय थियो । विद्यालयभन्दा तल मानिसहरू पूर्व पश्चिम आवतजावत गर्ने बाटो थियो । त्यसभन्दा तल सडक थियो । सडकका दुवैतिर घरहरू र सडकमुनि सरकारी कार्यालयहरू ।

विद्यालयको पढाइ सकिएपछि पार्वती सडकैसडक घरतिर फर्किँदै थिइन् । उनी विद्यालयबाट ओरालो लागिन् । सडकैसडक पूर्वतिर हिँडिन् । उनको दाहिने हातमा किताबहरू थिए । फिका निलो सर्ट र फ्रक लगाएकी उनी सडकमा हिँड्दा चप्पलको आवाज प्रष्ट सुनिन्थ्यो । उन्नत वक्षस्थलले पुष्पित हुँदै गरेको जवानीको छनक दिन्थ्यो । मनमा कुरा खेलाउँदै उनी जिल्ला विकास समितिको पूर्वपट्टि रहेको चमेना गृहतिर मोडिइन् । उनका बाबु आमा त्यहीँ चमेना गृह चलाएर बसेका थिए ।

उनी सरासर कोठाभित्र पसिन् । सुत्ने ओछ्यानमा किताबहरू फ्यात्त फालिन् । कपडा फेरिन् । चमेना गृहमा खाजा खानेहरू आइराखेका थिए । टेबलहरूमा रहेका असरल्ल ग्लास र प्लेटहरू बटुलिन् । रछानमा लगेर माभ्न थालिन् । जि.वि.स.मा काम गर्ने दुई जना महिला कर्मचारीहरू खाजा खान आएका थिए । एक जना विवाहित थिइन् भने अर्की अविवाहित । उनले खाजा खान नियमितरूपमा आउने सबैलाई चिनेकी थिइन् ।

'थाहा पाउनु भयो मिस ? आज हाम्रो कार्यालयमा नयाँ सुब्बा साब आउनुभएको छ नि !'

मिस निकै बेर टोलाइन् । उनको घर जि.वि.स. को नजिकै थियो । उनी लगातार पढ्दै जाँदा माग्न आउनेहरूले बहिनीहरू मन पराए । सरल र लजालु स्वभावकी उनको चाहिँ बिहे भएको थिएन ।

पुराना सुब्बा पनि यसरी नै आएका थिए । उनका मनमा मखमली अनुभूति उत्पन्न भएको थियो । सुरुमा उनीहरूको नयनलाभ भयो । त्यसपछि बातचित हुन थालेको थियो । बातचित बाक्लिँदै गएपछि उनीहरू खाजा पनि सँगै खान थालेका थिए । उनले पुराना सुब्बालाई मनले रुचाइसकेकी थिइन् । उनीहरू पटकपटक सँगै मन्दिर र पार्कतिर घुम्न पनि गए । उनले निकै पछ्याइन् पनि । महिनौँपछि मात्र उनलाई थाहा भयो कि उनी विवाहित रहेछन् । उनको खुसी एकाएक पानीको फोका जस्तै फुटेका थिए । शायद उनका मनमा पुराना सुब्बासँग जोडिएका यादहरू चलचित्र जस्तै देखापरे ।

उनले ढिला मात्र भनिन्, 'ए, हो र ! कतिखेर नि ?'

'एघार बजेतिर । पहिले मुगुतिर कार्यरत हुनुहुँदोरहेछ । आज यहाँ हाजिर हुन आउनुभयो । स्थानीय विकास अधिकारी सरले उहाँलाई स्वीकार

र स्वागत गरिसक्नुभयो' दरौंदीको पानी बगेझैं प्रौढा कर्मचारीको अभिव्यक्ति आयो ।

'म त माथि सूचना केन्द्रमा पत्रिका पढ्दै थिएँ । थाहा नै पाइनँ । कस्तो हुनुहुँदो रहेछ त ?'

'एक्लै हुनुहुँदो रहेछ । डेरा कता गर्नु हुन्छ त भनेर हाकिम साबले सोध्दै हुनुहुन्थ्यो । पच्चिस छब्बिस वर्षका लक्का जवान पो हुनुहुँदोरहेछ ।'

उनी केही क्षण मौन रहिन् । सहकर्मीका अन्दाजअनुसार नयाँ सुब्बाभन्दा उनी उमेरमा दुई तीन वर्ष जेठी थिइन् । सायद उनले मनमनै हिसाब गरेर अमिलो अनुभूति गरिन् कि ? सहकर्मीले उनको मनोभाव अड्कल गरिन् । 'कति धेरै सोचेको नि पहिलो दिनमै ? फेरि पहिले जस्तै धोका होला नि मिस ?' उनले झटारोसमेत हानिन् ।

पार्वतीले यो सब वार्तालाप सुनेकी थिइन् । उनलाई पनि पुराना सुब्बा साबको सम्झना आयो । 'हामीलाई पनि मायाले हेर पार्वती' भन्ने गीत त्यतिखेर खुब चलेको थियो । त्यो गीत गुन्गुनाउँदै उनका गालामा सुब्बा साबले चिमोटेका थिए । त्यसबखत पार्वतीका मनमा केही विचार र अर्थ त्यस कार्यका पछि आएको थिएन । यतिबेला भने किनकिन उनलाई पुराना सुब्बा साबको त्यतिबेलाको स्पर्श मिठो लाग्दै आएको थियो । पुराना सुब्बा साब त गैहाले । नयाँ सुब्बा साब आएका छन् भन्ने सुन्ना साथ उनको मन किन तरङ्गित भैरहेछ, उनलाई पनि थाहा छैन । नयाँ सुब्बा साबले पनि त्यसरी नै गीत गुन्गुनाएर गालामा मृदु स्पर्श गर्लान् कि आउने दिनमा ? उनको मनमा कल्पना उब्जियो । यसरी सहसा मनमा खेल्दै गरेको चुलबुल उनी आफैँलाई पनि अभूतपूर्व लाग्दै थियो । अरूले जस्तै उनले पनि कल्पना गर्न थालिन् 'साँच्चै उनी कस्ता होलान् ? पक्कै पनि अरू स्टाफ जस्तै हामीकहाँ खाजा खान आउलान् !'

'कति बेर लगाएको ए पार्वती तैँले ? यहाँ हाकिम साबहरू खाजा खान आइसक्नुभयो । भाँडाहरू छिटो ले'न' उनकी आमाको तिखो आवाजले उनको झरना जस्तो भावनाको प्रवाह खण्डित भयो । हस्याङ फस्याङ गर्दै उनले माझेका भाँडाहरू आमालाई दिइन् । 'मलाई भोक लाग्यो मामु, खाजा दिनुस् न', उनले एक क्षणको धैर्यता भङ्ग गर्दै भनिन् । अघि थन्क्याएको किताबकै आडमा बसेर उनी खाजा खान थालिन् । कान भने कर्मचारीहरू कै बहस सुन्न लालयित थियो ।

त्यस दिनको कुराकानीको शीर्षक नै सुब्बा साबको सरुवा थियो । उनी कस्ता होलान् ? हाकिमहरूको कुराकानी निरन्तर थियो । 'शुद्ध सरकारी तलबले त यो महङ्गीमा केही उपाय लाग्दैन । यसो कलम दायाँबायाँ नघुमाए त गुजारा नै चल्दैन । पुराना सुब्बा साब त विवाहित रहेछन् । आफ्ना समस्याबारे जानकार र व्यावहारिक पनि । उनले त ठिकै काम गरेका थिए,' एक जना बुढा टाइपिस्टले बात सुरु गरे ।

'भर्खरका नौजवान रहेछन् । विवाहित जस्ता पनि लाग्दैनन् । कत्तिको व्यावहारिक छन् ?' अर्का कर्मचारीले प्रश्न थपे ।

'आजकल दलहरूको प्रभावबाट अलि जुझारु र आदर्शवादी पुस्ता पनि देखिन थालेको छ । त्यस्तो दुर्गम जिल्लाबाट यहाँ आएका ! पक्कै राम्रो पहुँचवाला नै हुनु पर्छ । नत्र कसरी यहाँ सरुवा हुँदो हो र ?' नागरिकता फाँटका खरदारले सुझाए ।

पार्वतीले अर्थ धेरै नबुझे पनि सबै वार्तालाप सुन्दै थिइन् । अर्का टोली खाजा खान आइपुगे । यी कर्मचारीहरू धेरै राजनीतिका कुरा गर्छन् । उनले पुराना वार्तालापहरू सम्झिन् । नभन्दै उनीहरू नयाँ सुब्बा साबका राजनैतिक आस्था बारे कुरा गर्न थाले ।

'अहिले सत्तापक्षको केही दिलचस्पी होला हाम्रो जिल्लामा । त्यसैले उनलाई यहाँ पठाएका होलान्' कर्मचारी युनियनमा सक्रिय एक जना कर्मचारीले बात सुरु गरे ।

'हाम्रा जिल्लाकै सांसद् मन्त्रीकै नातेदार पनि हुन सक्छन् यी मान्छे,' अर्काले थपे ।

'सचिव वा मुख्य सचिवकै निकटका मान्छे पनि हुन सक्छन् नि !' तेस्रो कर्मचारीले थपे ।

'जे भए पनि यहाँको संरचनामा रहेर कार्य गर्ने हो । ढिलो छिटो हाम्रै सङ्गठनको ढाँचामा

आएर काम गर्न कर लागिहाल्छ,' अर्का कर्मचारी नेताको विश्वास थियो ।

'अस्ति त प्रतिपक्षका कर्मचारीलाई फोन गरेका रहेछन् । यो कार्यालयमा हाजिर हुँदैछु भनेर । उनी त प्रतिपक्षकै होलान् जस्तो लाग्यो मलाई त माडसाब', अर्का कर्मचारीले शङ्का व्यक्त गरे ।

'होइन । कार्यालयको फोन जसले पनि उठाउन सक्छ । उनलाई के थाहा यता कसले फोन उठाउँछन् भनेर ? निजी फोनमा फोन गरेको होइन । यो तर्क ठिक लागेन है मलाई त,' अर्का कर्मचारी नेताले दाबी गरे ।

'प्रतिपक्षका कर्मचारीले उनको अलि पक्ष लिएका थिए । त्यसै भएर ..........'

'हैन सर यी प्रतिपक्षी कर्मचारीले विरोध वा समर्थन गर्नुमा कुनै टुङ्गो छैन । उनी जे पनि हुन सक्छन्' सत्तापक्ष निकट कर्मचारी नेताले दलील पेस गरे ।  'हैन, हाल कुनै कर्मचारी यसरी सरुवा हुँदा प्रतिपक्ष हुनै सक्दैन । प्रतिपक्षको त अहिले दाल नै गल्दैन त !' अर्का सत्ता पक्षका कर्मचारीले थपे ।

एकातिर यस्ता छलफल भैरहेको थियो भने पार्वतीको मखमली अनुभूति भने अर्कै थियो ।

फेरि अर्कोथरि कर्मचारीहरू चमेना गृह प्रवेश गरे । उनीहरू पनि आउना साथ तिनै सुब्बाको कुरा गर्न थाले । पार्वतीकी ममीका मनमा भने पुराना सुब्बासँगको लेनदेनको याद आएको थियो । 'उनी खाजा त खान्थे तर पैसा तिर्न भने किचकिच गर्थे । नयाँ कस्ता होलान् ?' उनले पनि कल्पना गरिन् ।

उनी कर्मचारीहरूका नजिक गइन् । उनीहरूको रन्को नयाँ सुब्बा कस्ता र कुन पार्टीका होलान् अड्कल र चर्चा गर्न नै केन्द्रित थियो । 'अरू दिन त बाटैदेखि खाजा अर्डर गर्नुहुन्थ्यो । आज के खाजा खानु हुने हो ?' पार्वतीकी आमाले सोधिन् । उनीहरू खाजा अर्डर गर्नासाथ फेरि विषयमै केन्द्रित भए । एक जना त यी सुब्बा प्रतिपक्षकै हुन् भनेर निकै हौसिए । उनको हौसलामा अर्का कर्मचारीले पानी खन्याए । उनी तिल्मिलाए । उनले अकस्मात् 'ल आउनुस् बाजी थापौं', पो भने ।

'ल, हुन्छ थापौं' अर्का कर्मचारी पनि कस्सिए ।

'प्रतिपक्ष रहेछन् भने तपाईंले मलाई दश हजार दिने । सत्ता पक्ष रहेछन् भने मैले तपाईंलाई दश हजार दिने हुन्छ ?'

'हुन्छ !'

पार्वती भने आज गृहकार्य धेरै छ, जाने बित्तिकै गर्न बसिहाल्छु भनेर सोच्दै आएकी थिइन् । कर्मचारीहरूका ठोलाबाजी सुनेर दङ्ग परिन् र अल्मलिइन् ।

फेरि केही समयपछि अर्का टोली कर्मचारी आए । उनीहरू त बाटैदेखि झगडा गर्दै पो आए । उनीहरू त बाझाबाझमा नै उत्रिए । एक जनाले त टेबलको भाँडा फालेर रछानमा पो पुऱ्याए । यो देखेर पार्वतीकी आमा पनि झोक्किइन्, 'यसरी नयाँ मान्छे


नव वर्ष २०८१ सालको
पावन अवसरमा समस्त वडाबासी
आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,
देश तथा विदेशमा रहनुहुने सम्पूर्ण
नेपालीहरूलगायत हाम्रा शुभेच्छुक महानुभावहरूमा
सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको साथै
क्याम्पसको उच्च शैक्षिक उन्नयनका लागि
**हार्दिक मङ्गलमय शुभकामना**
व्यक्त गर्दछु ।



**पेमा वङ्ग्याल लामा**
अध्यक्ष
वडा नं.१
**सिद्धलेक गाउँपालिका**

कुन पार्टीका हुन् भनेर यस्ता पढेलेखा मान्छेले पनि यस्तो दुर्व्यवहार गर्ने ? मेरा भाँडाले के बिराएको थियो ? रिस पोख्नुको पनि एउटा हद हुन्छ नि ?'

त्यस दिन त्यहाँ देखिएको खलबली पनि समाजको सानो आँखीझ्याल नै त थियो । समाजमा दलीय राजनीतिको सुरुवात भएको थियो । सुरु सुरुमा दलीय क्षुद्रताका कारण यस्तै उत्ताउला गतिविधिहरू आम रूपमा देखा परे । यो सन्दर्भ ती नवयौवनाका लागि कसरी बोधगम्य हुन्थ्यो र ? सधैँ मिलेर बसेका एउटै कार्यालयमा काम गर्ने मिठा र रमाइला कुरा गर्ने कर्मचारीहरू आज किन बाझाबाझमा उत्रिए ? पार्वतीलाई एकातिर उदेक लागिरहेको थियो भने अर्कातिर उनीभित्र अपूर्व तरङ्ग पनि महसूस गरिरहेकी थिइन् । गृहकार्यको चिन्ता कता भाग्यो भाग्यो । 'साँच्चि, यी नयाँ सुब्बा चाहिँ खाजा खान आउँदा रहेनछन् ? उनकै विषयमा यति रडाको उब्जिरहेछ' उनको मनमा प्रश्न उब्जियो । 'यहाँ चमेना गृह छ भन्ने उनलाई थाहा नै छैन होला । नयाँ ठाउँ,' मनमनै उत्तर पनि आफैँले दिइन् ।

केही क्षणपछि दुई जना कर्मचारीहरू खाजा खान आए । उनीहरू जि.वि.स.को सूचना केन्द्र र पुस्तकालयमा काम गर्थे । नयाँ सुब्बा साब र उहाँको वैचारिक आबद्धताबारे भएको त्यस अघिको रडाकोको विषयमा उनीहरू भने अनभिज्ञ देखिन्थे । एक जनाले भने, 'नयाँ सुब्बा साब त कम्प्युटरमा माहिर पो हुनु हुदो रहेछ ।'

'त्यही त भनेको !' अर्कोले सही थापे ।

हाकिम साब भन्नुहुन्थ्यो जिआइएसमा दक्ष भएकाले केन्द्रले उहाँलाई पठाएको रे ! जि.वि.स. को योजना तर्जुमा लगायतका कार्यका लागि जिआइएसमा दक्ष कर्मचारी नभएको जानकारी केन्द्रलाई हाकिम साबले केही महिना अघि नै गराएका रहेछन् । पछि थाहा भयो नयाँ सुब्बालाई भने राजनीतिबारे उति चासो रहेनछ । न त सुब्बा साबको सरुवामा कुनै राजनैतिक साइनो भएको पुष्टि भयो ।


नव वर्ष वि.सं. २०८१ को पावन अवसरमा आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरू, शेयर सदस्यहरू तथा हाम्रा शुभेच्छुक ग्राहक महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको

**हार्दिक मङ्गलमय शुभकामना**

व्यक्त गर्दछौँ ।

**वासुदेव सुवेदी**
**प्रबन्धक**

**अरूण पराजुली**
**अध्यक्ष**

**सदभाव गरिबी निवारण**
**सहकारी संस्था लि.**
गजुरी- १, धादिङ

# गर्मी



रुद्रप्रसाद दनै

मंसिरको यो लाग्दै हप्ता मिनपचासले पुरै छोए झैं सारै उत्ताउलो भएको छ । बिहान उठ्दा बाटो, घरको छानो, बोटबिरुवा सबै लथलथ देखिन्छन् । प्रकृति जे होस्, मानिसलाई आफ्नो धन्दा गर्नु नै छ । अन्न भित्र्याउने, अर्को खेती लगाउने काममा मानिस अबिराम लाग्नु पर्ने बेला छ । तैपनि बिहे ब्रतबन्धको लगनले कामको रोऽऽ बिथोलिदिन्छ । सोही क्रममा रागिनीको घरमा पनि निम्तो आउँछ साथीको छोरीको बिहेको । घरायसी कामको समय दैनिक आधा चोर्दै उनी त्यहि निमन्त्रणा मान्न जाने तयारी गर्छिन् । घर नजिकैको सुचीकारलाई नपत्याएर उनी बिहेमा लगाउने कपडा सिउन बजारको बुटिक पुगिन् । उनले पुराना गहनालाई नवीकरण गराइन् । उनको अनुपस्थितिको परिणामस्वरूप कामको बोझ पति दयारामलाई पऱ्यो ।

बिहेको दिन सबेरैदेखि सुरु भयो शृङ्गारपटार । उग्र शृङ्गारको साथ गहिरो बदन

नव वर्ष वि.सं. २०८१ को पावन अवसरमा आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरू, शेयर सदस्यहरू तथा हाम्रा शुभेच्छुक ग्राहक महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको

**हार्दिक मङ्गलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**प्रेमनाथ लामिछाने**
**प्रबन्धक**

**रेशमलाल श्रेष्ठ**
**अध्यक्ष**

**जनआदर्श बहुउद्देश्यीय**
**सहकारी संस्था लि.**
गजुरी- १, धादिङ

कभरको मोडेलमा सिलाइएको ब्लावजको पछाडिको पाटोको तना बाँधिदिन रागिनीले दयारामलाई बोलाएपछि मात्र उसले देख्यो र ठान्यो सुचीकारले पछाडिको पाटो हाल्नै बिर्सिएछ । यसै पहिरनमा उनी जान लागेको देखेपछि उसले भन्यो "जाडो हुन्छ, स्विटर पछ्यौरा लैजाऊ ।" उनले प्रतिवाद गरिन्, "मलाई जाडै हुँदैन", यति भनेर गइन् निम्ता मान्न ।

जन्ती आउने र उनी पुग्ने एकैसाथ भयो । जन्ती कस्ता रहेछन्, घरपतिको चासो, घरपति कस्ता रहेछन्, जन्तीको चासो । चासोहरूको सम्मिलन भयो । रागिनीले पनि धेरैतिर नजर लगाइन् । धेरैले रागिनीलाई नजर लगाए । आँखा बोल्यो । शृङ्गार र पहिरन बोल्यो । भेउ बुझ्नेहरूको खाल लाग्यो । रागिनी जग्गेमै खजन्ती नजिकै उभिइन् दुलहीको लोकन्ती बनेर । घन्चमन्च भयो । छुवाछुई भयो । अन्जानमा र नियतमा । अन्जानको छुवाइ नियतको भन्दा अझ दुई पाइला अगाडि । निमेषमा पत्तै नपाई दिन बित्यो । दुलही अन्माउँदा पो रागिनीको होस ठाउँमा आयो । अतृप्त तृष्णाले निम्त्याएको खिन्नता बोकी घर फर्किन् उनी गरुङ्गो हुँदै । घर पुगिन् असिनपसिन हुँदै । दयाराम भन्छ, "यस्तो जाडोमा के विधि पसिना ? पानीले मुख धोऊ ।" रागिनी कटाक्ष पेल्छे "कति भन्नु मैले, भित्री ज्वरोले मलाई जाडै हुन दिँदैन भनेर, कहिल्यै कुरो बुझ्दैनौ त !" रन्किएर आएकी रागिनीले ज्वरो छाम्न लगाई दयारामलाई । बिचरा सोझो दयारामले सिटामल दिन्छ, र रागिनी खान्छिन् । यसले छुँदैन भन्ने थाहा हुँदाहुँदै पनि केवल दयारामलाई बिमार हो तर जाडो भएकै छैन भन्ने देखाउनकै लागि उनी सुतिन् सिरक ओढेर ।

●

नव वर्ष वि.सं. २०८१ को पावन अवसरमा आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरू, तथा हाम्रा शुभेच्छुक ग्राहक महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको

**हार्दिक मङ्गलमय शुभकामना**

व्यक्त गर्दछौँ ।

प्यान नं. ६००३९२३७०

(खतिवडा इन्टरप्राइजेज)

**खतिवडा कपडा पसल**

गजुरी गा.पा. १, धादिङ, नेपाल, फोन नं. ९८४१०६२६९७, ९८५११०३८६०




हाम्रा सेवाहरू

सम्पूर्ण डिजाइनको थानको कपडाहरू, विभिन्न ब्रान्डका रिब, भेलोर, ग्राफिक प्रिन्टेड कार्पेटहरू, पि.भि.सी. कार्पेट, डोरम्याट, पर्दा, सिरक, डस्ना, विवाह, व्रतबन्धका सिजनअनुसारको कपडाहरू पाउनुको साथै डेलिभरिको पनि व्यवस्था रहेको छ ।

# नमस्कार !



रामचन्द्र अर्याल

आफ्ना छोराछोरी पढाउने शिक्षकको रूपमा मलाई एक अभिभावकले अत्यन्तै मान सम्मान अनि आदर गर्थे। मौसमअनुसारका तरकारी, फलफूलको साथै हरेक वर्ष गुरु पूर्णिमाको अवसरमा म केही मनपर्ने लुगाफाटो अनि कुनैकुनै वर्ष महङ्गो उपहार समेत पाउने गर्थें।

एकदिनको कुरा हो, बाटोमा हिंड्दै गर्दा ती अभिभावक नजिकै आइसक्दासमेत नचिनेझैं परपर हेर्दै हिंडेको देख्दा अचम्म लाग्यो। बर्षौंदेखि मलाई देख्नेबित्तिकै परैबाट अत्यन्तै आदरभावले सङ्गैका अरूले समेत अचम्म मान्नेगरी ठुलो स्वरमा "नमस्कार" भन्दै आएर अङ्गालो मार्ने मान्छेले त्यसदिन भने मेरो नमस्कार समेत फर्काउन आनाकानी गर्दै हत्तपत्त बोले- "छोरो त काठमाडौ भर्ना भैसक्यो नि।"

उहाँको सोच पनि ठिकै होला, सबैभन्दा कान्छो छोरोसमेत यहाँको स्कुल पढ्न छाडेर ठुलो सहर पसिसकेपछि एक मामुली गाउँले शिक्षकलाई किन गर्नु त नमस्कार ? निश्चित अवधिका लागि प्राप्त ती स्वार्थी नमस्कार अनि सत्कारको अवधि सकिएकोमा खिन्न भएको मेरो मन आज यो कथा लेखेपछि अलि हलुँगो महसुस भएको छ। आज बल्ल बुझ्दैछु, नमस्कार पनि एउटा स्वार्थ पूरा गर्ने उपक्रम मात्रै पो रहेछ।

●

नव वर्ष वि.सं. २०८१ को पावन अवसरमा आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरू एवम् हाम्रा शुभेच्छुक सेवाग्राही महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको साथै क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक सफलता एवम् क्याम्पसको उच्च शैक्षिक उन्नयनका लागि

**हार्दिक मङ्गलमय शुभकामना**

व्यक्त गर्दछु।



**पुरूषोत्तम पाण्डे**

प्रमुख

**व्यावसायिक तथा सिप विकास तालिम केन्द्र**

गजुरी- १, धादिङ

# फर्किएको अस्तित्व



मुक्तिकला लामिछाने

उफ् ! कस्तो निस्सासिएको ?
उफ् ! कस्तो अँध्यारो ?
उफ् ! कस्तो अनकन्टार ?
खै मेरो स्वरूप ?
कहाँ छ मेरो अस्तित्व ?
कहाँ छु म ?
यसरी नै अनेकौँ प्रश्नहरूको तरङ्गमा
हराएको पनि आज दशकौँ भएछ ।

म धेरै रोएँ
मैले धेरै कराएँ अनि चिच्याएँ पनि
अपशोच !
मेरो चिच्च्याहट कसैले सुनेन
म आवाजविहीन भएँ
विलय भयो मेरो अस्तित्व धरतीमुनि
मेरो स्वतन्त्रता खोसियो यही धरतीमुनि
म खुला ब्रह्माण्डमा विचरण गर्न चाहन्थेँ
मेरो सुन्दर रूपको छटामा
मन्त्रमुग्ध पारेर
प्रदीप्त मनसँगै
चाहन्थे सबैलाई हँसाउन
तर बिडम्बना
आउने पुस्ताले त यो मेरो
स्वरूप नै नदेख्ने भए
म सधैँ गुमनाम हुने भएँ
मेरो अस्मिता लुटियो
म निरीह भएँ
तिमीलाई तिम्रो भागले पुगेन र ?
अनि लाग्यौ
मलाई लुकाउन
म सहन बाध्य भएँ
यो कालकोठरीमा
सम्झिँदै मेरो विगत
त्यो सुन्दर पलको स्मृतिघेरामा
आफूलाई बन्दी बनाई
एकालापीय शैलीमा
म बाँच्न विवश भएँ ।

मैले धेरैको जीवन बचाएँ
मैले धेरै जमिन सिञ्चित गरेँ
धेरै जीवन ममा अडिए
म सबैको श्वास बनेँ
दुर्भाग्य !
म तिमीहरूजस्तो निर्दयी हुन कहिल्यै सकिनँ
जसले जीवन दियो उसैलाई मेटाउन सकिनँ ।

तिमी आज सर्वशक्तिमान् भएका छौ
तिमीसँग मसँग भन्दा बढी शक्ति छ
जसको आडमा तिमीले मलाई बन्धक बनायौ
म निस्कन खोजेँ
तर तिमीले मेरा हातखुट्टा यसरी बाधिदियौ कि
मैले उम्किनै सकिन
र मेरो चित्कारलाई पनि दबाइदियौ
तिमी मप्रति कृतघ्न भयौ ।

मैले धेरै सहेँ
झण्डै एक शताब्दीजस्तो
म अस्तित्वविहीन भएर
अनवरतरूपमा आफ्नो यात्रा तय गर्दै

यो ओढारभित्र गुम्सिएरै भए पनि
बाँच्न सिकेँ
तर तिमीले त मेरो दुरावस्थालाई इन्कार गर्दै
म माथि व्यापार गऱ्यौ
मेरो स्वरूपलाई कुरूप बनायौ
कमाउनु कमायौ, जमाउनु जमायौ
पद, पैसा र शक्तिको आडमा
तिमीले मलाई त बिर्सेकै हौ
तर कस्तो हुस्सु तिमी
तिमीले त नश्वर शरीरसँगै आफैलाई पो बिर्सेर
आसमानको चराजस्तै भएको भ्रममा परेछौ
अब विस्तारै
मेरो सहनशीलताको बाँध फुट्नेछ
देख्ने छौ मेरो वितण्ड रूप
मडारिने छ मेरो स्वरूप
बडारिनेछौ त्यसमै तिमी ।

मैले त यो समय
सहन गर्न सक्ने क्षमता बटुलेँ
आशै आशको भुमरीमा रुमलिएर पनि
चुली चढ्ने निर्णय गरेँ
जति विघ्नबाधा आए पनि
हरेक अड्चनसँगै बाँच्न सिकेँ
तर अब तिम्रो ज्यादतिको पराकाष्ठा पुग्यो
अब मेरा पीडा शमन हुँदैछ
दुर्भाग्य !
तिनै पीडा ममा शमन हुँदा
तिमीमा गमन हुनेछन् ।

म प्रफुल्लित छु
आज एक साहसी, निडर र कर्तव्यपरायण
छोरा जन्माएकी छु
ऊ प्रदीप्त छ उसको तेजको अगाडि
अब तिम्रा पद, पैसा र शक्ति बेकाम हुनेछन्
तिमी मभन्दा पनि निरीह हुनेछौ
तिम्रो अन्त्यको घडी आउनेछ
म शताब्दीऔँदेखि त्यसैको पर्खाइमा छु
म बरबरिक र सञ्जयजस्तै बन्नेछु

नव वर्ष वि.सं. २०८१ का अवसरमा आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, स्वदेश तथा विदेशमा बस्नुहुने सम्पूर्ण नेपालीहरू, हाम्रा शुभेच्छुक ग्राहक महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछौँ ।

**हाम्रा सेवाहरू** : टाइपिङ तथा प्रिन्टिङ, इमेल, इन्टरनेट फोटोकपी र लेमिनेसन; लोकसेवा आयोग, शिक्षक सेवा आयोगलगायत सबै प्रकारका अनलाइन फाराम भर्ने सुविधा; विदेशमा अध्ययन गर्न जानेहरूका लागि नाता प्रमाणित, आय स्रोत, आय कर तथा प्रोपर्टी एवम् अन्य कागजात तयार गरिन्छ । इ–सेवामार्फत विदेशका लागि प्लेनको टिकट र अन्य सेवासमेत उपलब्ध छ । यसका साथै खोपको QR कोड तथा अनलाइनबाट सबै प्रकारका पुलिस रिपोर्टसमेत भरिन्छ ।

**न्यु ग्लोरियस इन्टरप्राइजेज**
गजुरी– १ धादिङ (राष्ट्रिय वाणिज्य बैंकसँगै)
सम्पर्क : ९८५१११५९०१, ९८४१०४३९०१, ९८१८७७७६२५

जसरी अधर्मको विरुद्ध भएका धर्म युद्धमा झैँ
ऊ लड्ने छ
जसरी सत्य, त्रेता र द्वापर युगमा भएका थिए
ती युद्धहरू
त्यसरी नै मेरो छोरो राम, कृष्ण र अर्जुन बनेर
जित्नेछ तिमीलाई
जसरी कृष्णले कंशको बन्धनबाट
देवकी र वासुदेवलाई मुक्ति दिलाएका थिए
त्यसैगरी मलाई दिनेछ मुक्ति मेरै छोराले
अनि फेरि म मेरो पहिलेकै स्वरूपमा पुग्नेछु
र आफूलाई पाउँनेछु
उही हराभरा, उही निर्मलता, उही कञ्चनता र शुद्धता।

म जन्मिदा कुरूप थिइनँ
अहँ कत्ति पनि थिइनँ
तर मेरो रूप र सौन्दर्यलाई
तिमीले नै कुरूप बनाएका थियौँ
अब मेरो छोरा मेरो सुन्दरता लिएर आएको छ
लोभिने छन् सबै
मेरो अमर कौमार्य देखेर
खेल्नेछन् खुलेर जलकेलि
नाच्नेछन् चराचुरुङ्गी
रम्नेछ यही प्रकृति पनि
जो मेरो आधा हिस्सा हो।

त्यसैले मेरो छोरा मेरो स्वतन्त्रता लिएर आएको छ
मेरो खुसी, मेरो अस्तित्व बोकेर आएको छ
खुला आकाशको ओतमा
अनेकौँ सहयात्रीको भेटमा
अनि गन्तव्यको फेदमा
मेरो निर्मल स्वरूप लिएर
गुमेको मेरो अस्तित्वलाई पुनः प्राप्त गरी
मेरो अनन्त यात्रामा लाग्दै गर्दा
म तिमीलाई मेरा सुवचनले आशीर्वाद दिनेछु
फेरि पनि यो कलिमा
धर्म रक्षार्थ युद्धमा राम र कृष्ण जस्तै
अर्को रूप भएर जन्मनू।



नव वर्ष वि.सं. २०८१ को पावन अवसरमा आमाबुबा,
दाजुभाइ तथा दिदीबहिनीहरू, स्वदेश तथा विदेशमा बस्नुहुने
सम्पूर्ण नेपालीहरू, शेयर सदस्यहरू तथा हाम्रा शुभेच्छुक ग्राहक महानुभावहरूमा
सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको साथै क्याम्पसको उच्च शैक्षिक उन्नयनको
लागि **हार्दिक मङ्गलमय शुभकामना**
व्यक्त गर्दछौँ।

के तपाईंहरू घर,
सामुदायिक भवन,
विद्यालय,
मठमन्दिरलगायत
निर्माण कार्य गर्दै
हुनुहुन्छ ?




यदि हुनुहुन्छ भने
हामीलाई सम्झनुहोस्।
यहाँ बालुवा, गिट्टी,
चिप्स, रोडा
उपलब्ध छ।

# छोरी !



ईश्वरीप्रसाद ढुङ्गाना

छोरी !
तिम्रा प्राकृतिक सौन्दर्यमा भुल्ने भमराहरू
खुट्याउन नसकेर
अबोध तिम्रा नयनले
निमेषको तिम्रो बेहोसीपनमा
हुन के बेर तिमी
मैना र निर्मलाहरू !

छल्दै हुँडार, गिद्ध र चिल
मलाला र तसलिमा
सीता, भृकुटी र गार्गी
तिम्रा अग्रजहरू
पर्खिरहनेछन्
झोमोलुङ्माको पाङ्देन पत्री
पासाङ अनि
शिरीषमा पारिजात
झमक र हेलेन केलरहरू !

नीलम, सुशीला र विद्या
अनि,
फ्लोरेन्स र म्याडम क्युरीका मार्गचित्रमा
पछ्याउनेछन्
तिम्रा पदचापहरू !

छोरी !
तिम्रो आस्थाको दियो
आफन्तीबाटै निभ्न सक्छ
रामनामी जप्नेहरू नै
रावण हुन् भन्ने चिन्न
समय लाग्नेछन् तिम्रा मनहरू !

बादलको गाम्भीर्यमा
अवसर खोज्नेका
चट्याङ बनेर गर्जिदा तिमी
फ्युजहीन हुनेछन् मनहरू !

छोरी !
तिमी प्रकृति हौ
जीवनको लामो यात्रामा
शिल्पकारिताको वसन्त
फुलाउनुछ तिमीले
छिचोलेर शिशिरका तुषाराहरू
भुलाउनु छ - बेबिलोनका बगैँचाहरू
फैलाउनु छ - विश्वमा नारी सौन्दर्यका
पौरख र आविष्कारहरू !

बालेर चेतनाको मसाल
डढाउनु छ - समाजका कलङ्कहरू
ढाल्नु छ- विषवृक्षहरू
सहरी कुरूपतामा
डगमगाउने छैनन्
तिम्रा कठोर मनहरू
अविचलित अध्ययन आरोहणमा
समर्पित हुनेछन्- तिम्रा मन, वचन र कर्महरू !

# महाकवि देवकोटा : आत्मिक सुखका प्यासी



रमेश भट्टराई 'सहृदयी'

भाषा र साहित्यभित्र एक कालजयी नाम जो कुनै युग र वादमा जन्मिएनन् । नेपाली साहित्यमा पाश्चात्य चिन्तनको स्वच्छन्दतावादलाई आफैँले जन्माए र हुर्काए पनि । युगै जन्माउने पौरखी । मानवतावादी राजनीतिलाई स्वतन्त्रताको आत्माले सजाउने उनको गरिमालाई इतिहासले सम्झन जान्नुपर्छ । मानिसलाई धेरै समय ओहदामा रहनुले होइन कर्मको महानताले नै कालजयी बनाउँछ । आखिर ११० दिन मन्त्री बनेका न हुन् । शैक्षिक दूरदर्शितालाई त्रिभुवन विश्वविद्यालयको परिकल्पनाबाटै सोचे काफी हुन्छ । राजनीतिभन्दा शिक्षा महान् हुन्छ नि । वास्तवमा कसैलाई यसरी प्रशंसा गरिरहँदा कञ्चन हृदयले स्वीकार गरोस् जहाँ निष्कलङ्क चिन्तन होस् । स्वार्थ र पूर्वाग्रहरहित सम्मानमा मात्रै 'प्रशंसा' शब्दको शाब्दिक औचित्य पुष्टि हुन्छ । त्यही भावको सिंहासन बनाएर नेपाली मनमुटुमा बसेको हुन्छ- महाकवि लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६) को नाम पनि ।

भनिन्छ- उनले मकै, भटमास र मुला खाएरै कति रात काटे रे । विपन्नको पहाडभित्र साहित्यको सुगन्ध छरियो । जीवनको भोगाइले साहित्यको भ्याङ बाँसझैँ भ्याङ्गियो । लेखक मरे पनि पाठक जीवित हुन्छ नै । हामी मथिङ्गलमा उनका विचारलाई सापटी लिइरहन्छौँ । उनी स्वच्छन्दतावादभित्र वर्डस्वर्थ र कलरिजको लिरिकल ब्यालेटको सुगन्धमा मग्मगाए । रुसोमा सजिए । चिन्तनको महासागर । प्रकृतिका अनन्य भावचिन्तक साधकी । आफैँमा जीवन र जगत्का एक खुला पुस्तक ।

आख्यानमा जत्तिकै पद्य विधामा उनको लेखनी धनाढ्य छ । चालीस बर्से लेखनयात्रामा देवकोटा बढ्दा कवि अनि अब्बल निबन्धकार हुन् । उनी आख्यानकार, नाटककार, गीतकार, बालसाहित्यकार र समालोचक पनि त हुन् । बहुआयामिक चिन्तनभित्र पत्रकार अनि राजनीतिक व्यक्तित्वको छवि उत्तिकै गहन छ । एक व्यक्तिको व्यक्तित्व, कृतित्व र छविलाई नेपाली साहित्यले सदा हृदयतः श्रद्धाञ्जली अर्पन्छ र अर्पिरहन्छ नै ।

## सङ्घर्ष र साहित्य

एक सर्जकको गरिमा बिर्सँदा नेपाली साहित्यमा एउटा ठूलो भ्वाङ पर्छ । यो अतिशयोक्ति हुँदै होइन । विपन्नताको सुनामीमा पौडँदै बाँचेका मान्छेले वैराग्यको डोरो समाते पनि हुन्थ्यो तर स्वच्छन्दतावादी सोचको फेरो पो समाते । एक रातमा कुञ्जिनी खण्डकाव्य अनि दश दिनमा सुलोचना महाकाव्य लेख्नुको चर्चामा समालोचकको मथिङ्गल किन हल्लिन्छ ! त्यो आशुकवित्व साधना मात्रै नभएर कृपा पनि त हुँदो हो ! आँसुको आहालमा हुर्केका कमलका फूल हुन्- देवकोटा । सादा जीवन उच्च विचारको एक दृष्टान्त पनि । खुला हृदय अर्थात् सत्यम्, शिवम् र सुन्दरम्को भावना । भोगाइभित्रका सङ्घर्ष र परिश्रमलाई बिर्सेर देवकोटाका साहित्यको गुण-दोषमा खेल्न सकिँदैन । यसर्थ उनको लेखनी र रचनाको भावसौन्दर्यभित्रै पूर्ण जीवन खोजे पनि पर्याप्त हुन्छ ।

पहाराको कापबाट पिपल उम्रियो । त्यही छहारीमा अनेकन बटुवाले शितल तापे । बिज रोपे

हुनन् र रोपिरहेकै छौँ पनि । छिद्रताभन्दा आद्रताको उचाइभित्रै रम्नुको मजा त बेग्लै नै हुन्छ । धर्मपत्नी मनदेवीको मन नै भत्केर कृष्णलीलामा थुरिएका प्रसङ्गभित्रका सत्यता कति हुन् कुन्नि तर ट्युसन पढाएर गुजारा गर्नु उनको बाध्यता रहेछ । विपन्नको वेदनाले कसरी झापड हान्छ, त्यो भोग्नेले मात्रै बुझ्छ । सायद साहित्यको साधकलाई परिवारको पूर्ण साथ नहुनुले पोलेपछि वैराग्यभाव पनि जागेको हुँदो हो । आत्मामा पाप नभएका एक व्यक्ति । हरेक सफल व्यक्तिको पछाडि कसैको हात हुन्छ तर देवकोटामा साथ नपाएको इतिहासका पत्तालाई हामी अर्को पुस्ताले पढ्ने गर्छौँ । अनि अझै चुरोट पिउने आदतमा फसे हुनन् र 'धुम्रपानको क्षमा-प्रार्थना' निबन्धभित्र अलङ्कृत भए हुनन् । कुण्ठाको कठघरा नै साहित्य अनि विचारको बाढी नै साहित्य । तर, जीवन र जगत्को चिन्तनको गहनता भोगाइ पनि हो र अनुसन्धान त हुँदै हो । उनका निबन्धमा रमरम बौद्धिकता हुन्छ । दर्शनको एउटा ब्रह्माण्ड र ब्रह्मको दीप सजिन्छ । पद्यतिर हेर्दा पाठकले 'मुनामदन' लाई जति रमेर र गमेर पढ्छ, त्यसरी नै 'यात्री' कवितामा अन्तर्दृष्टि लगाउनु आवश्यक छ । 'पागल' सँगै 'भिखारी' पनि त मार्मिक छ । जति सोच्यो उति मार्मिक साहित्य तर जीवनको आरोह-अवरोहको किस्सामा देवकोटाको सङ्घर्ष कथा ज्यादै पीडादायी लाग्छ ।

## जीवन र जगत्को किस्सा

घटाकाश र पटाकाशको ब्रह्म चिन्तनभित्र मानिस अवाक् हुन्छ । चिन्तनको चौतारीमा दर्शनभित्रको 'दैहिक' तर्कसँग भोगाइको 'आत्मा' पनि चाहिने रहेछ क्यार ! देवकोटाभरि खेलिरहँदा 'यात्री' कवितामै मात्रै पनि आत्मज्ञानी चिन्तनको गहिराइ भेटिन्छ अनि चुर्लम्म डुब्न मन लाग्छ । उनको 'साहित्यमा शिवत्व' निबन्धभित्रको भावमा त अझै लछ्याप्रै हुन मन हुन्छ : *"सृष्टि विश्व काल्पनिक पदार्थ सम्झिन्थ्यो; एक अतिमानव आत्माको पैदायस एक दिव्य इच्छाको कविता हुन सक्ला तर ठोस प्रमाण पाइन्न । हामी त्यति सजिलोसँग सहज स्वीकार गर्न सक्दैनौँ : गरे विवेकले डस्छ ।"* दाजुले पूजनीय भाउजूमाथि सौता हालेपछि उनी विरक्तिएको किस्साभित्र पनि जीवनको गहन भाव रहेछ :

*घनघोर दुःखसागर संसार जान भाइ*
*नगरे घमण्ड कहिल्यै मर्नु छ हामीलाई ।*

सायद यसभित्र सन्त कबिरको भाव गुञ्जायमान भएको पनि हो कि :

*दुर्लभ मानुष जन्म है, देह न बारम्बार*
*तरुवर ज्यों पत्ता झडे, बहुरि न लागे डार ।*

(यो संसारमा मानिसको जीवन पाउन कठिन छ । यो मानव शरीर रुखको पात झरेर फेरि पलाए जसरी पटक-पटक पाइँदैन ।)

प्रकृति, ईश्वर र मानिसको त्रि-आयामिक चिन्तनमा रम्य बन्छन् उनी । आखिर मानिस आत्मिक र दैहिक रूपबाट सन्तुष्ट नभएसम्म प्यासी रहने रहेछ । अलिकति आस्था र अलिकति मनको वेदना बिसाउने चौतारी पनि चाहिने रहेछ । जीवन थिएन, छ अनि रहने छैन आखिर । थिएन र रहने छैनका बिचको भाग जीवन रहेछ । उही सत्यम्, शिवम् र सुन्दरम्को मर्ममा । अलिकति खुशीको मोहमा समर्पण र आदर्शता पनि । भौतिक र आत्मिक संसारको एकमुष्ट चिन्तनमा साधन र साध्यको बराबरी हिस्सा हुने रहेछ । जीवन जान्न र भोग्न इन्द्रीय पनि चाहिन्छ नै तर यो अवश्य नाशवान् छ । सायद 'दृश्यन्ते नश्यन्ति' अर्थात् 'देखिने (भौतिक) वस्तु नाशवान् छन्' भन्ने पूर्वीय दर्शनको प्रभाव पनि भनौँ । जीवनको गहिराइमा घोत्लिनु मानवीय सामर्थ्य हो । उनी पाश्चात्यको भौतिकवाद र पूर्वको अध्यात्मवादका सङ्गम पनि त हुन् । त्यसमा पनि पूर्वमा चार्वाक दर्शनले आदर्श जीवनको भौतिकवादी स्वरलाई निर्देश गरेको बोध हुन्छ :

*यावज्जीवेत् सुखं जीवेत ऋणंकृत्वा घृतं पिवेत्*
*भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः ॥*

(जति बाँच्छौ सुखले बाँच, ऋण गर घिउ पेऊ भस्म भएर जाने यो देह कहिल्यै फर्केर आउँदैन ।)

उनका कृतिमा भौतिकवादी विकास र समुन्नतिको आवाजभित्रै आध्यात्मिक सुखसत्ताको अभिलाषा छताछुल्ल हुन्छ । आखिर दुवैको मिलन बिन्दु नै जीवन हो । यद्यपि त्यहाँ निर्गुण भाव नै सुरम्य देखिन्छ । त्यसभित्र दर्शन हुन्छ, जीवन अनि जगत्को अस्तित्वबोध हुन्छ । मृत्युशैयामा देवकोटा लेख्छन् नि :

*संसार आफ्नो सबै नै गुमाएँ*
*म शून्यमा शून्य सरी बिलाएँ*
*जन्मेँ म यो स्वर्गविषे पलाएँ*
*आखीर भै खाक उसै बिलाएँ ।*

यसर्थ देवकोटाले बुझेको संसार अलौकिक चिन्तन नै हो तर चार्वाक दर्शनको समाप्तिचाहिँ पटक्कै होइन । अर्कोतिर उनले गरिब कवितामा पोखेको आलङ्कारिक भोगाइ त वास्तवमा न दर्शन हो न त चिन्तन तर भावको मीठो सुगन्धको किस्सा अवश्य हो :

*गरीब भन्छौ ! सुखको मझैँ धनी*
*मिल्दैन संसारभरी कतै पनि*
*विलासको लालस दास छैनँ म*
*मीठो छ मेरो रसिलो परिश्रम ।....*
*विमान खासा मनको लिईकन*
*म चन्द्र, तारा, पृथिवी घुमीकन*
*विहारको मोज लुटी-लुटीकन*
*फर्कन्छु फेरि उही रम्य आँगन ।*

मानिसमा कर्मको समर्पणभित्र राष्ट्रिय चेत जागृत हुन्छ । देवकोटाको देशप्रेम त झनै गहन लाग्छ । वस्तुतः नेपाली धरामा एउटा चिन्तनको बाढी पाश्चात्यका 'वाद' मात्रै होइनन् । आत्मिक सुखको गहिराइ पनि हो । उनी 'वैराग्य' निबन्धमा लेख्छन्– *"मलाई भयो, पुग्यो ईश्वर ! म कृतज्ञ छु' भनेर अहङ्कारको पापले काँपेर संसार छोड्नु नै सच्चाको मरण हो । तेरो नामलाई कल्कि किन चाहियो ? निर्मलता नै धन हो ।'"* अनि प्रश्न उठ्छ– जीवन के हो ? जीवनको गहिराइ के हो अनि जगत्भित्र जीवन


नव वर्ष वि.सं. २०८१ को पावन अवसरमा आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, स्वदेश तथा विदेशमा बस्नुहुने सम्पूर्ण नेपालीहरू, शेयर सदस्यहरू तथा हाम्रा शुभेच्छुक ग्राहक महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको साथ क्याम्पसको उच्च शैक्षिक उन्नयनको लागि

**हार्दिक मङ्गलमय शुभकामना**

व्यक्त गर्दछौँ ।

**सन्तोष रिजाल**
**अध्यक्ष**
**श्री सुनदेवी अर्गानिक**
**कृषि सहकारी संस्था लि.**
गजुरी– १, धादिङ

किन छ ? सायद देवकोटाले सोचको गहिराइमा पूर्व र पश्चिमका विचारभित्र संस्कृत र अङ्ग्रेजी दुवैलाई साँधैर हेरे । अन्ततः ईश्वरको खोजमा समर्पित भए । दुवैको सारभित्र सुखसत्ताको खोजी गरे ।

### आत्मिक प्रताडना र सुखसत्ताको अपेक्षा

*"संसारको सबै धनसम्पत्तिबाट पनि एउटा श्वासलाई किन्न सकिँदैन । तपाईँसँग धेरै पैसा नहुन पनि सक्छ तर तपाईँसँग एउटा यस्तो चीज छ जसलाई संसारको सबै धनसम्पत्ति भएर पनि किन्न सकिँदैन । यो वास्तवमा अमूल्य छ !"* अन्तर्राष्ट्रिय शान्तिवक्ता तथा लेखक प्रेम रावतको यो भावगुम्फनमा श्वास र जीवनको सरल अनि मीठो सुगन्ध छ । यही सौन्दर्यमा महाकविको यात्री कविताले ब्रह्ममय रचनाभित्र पुगेर शरीरको संरचना खोज्न पुग्छ । चेतनाको तह अनि क्षणभङ्गुर देहको संरचना । प्रेम रावतको भनाइ पनि त्यस्तै लाग्छ– 'हामीले भित्री शान्ति प्राप्त गर्नुपर्छ र त्यो यसै जीवनमा सम्भव छ । शान्तिलाई बाहिर होइन, हृदयमा खोज्नुपर्छ ।' सन्त कबिरदास, तुलसीदास, सन्त रहिम, मीरा बाई आखिर त्यो मग्नताभित्र ईश्वरीय साक्षात्कारको गूढ पक्षको चिन्तन खोतलिएको रहेछ । ऋषि–मुनिले वर्षौं तपस्या गरेर पत्ता लगाएको ज्ञान– आत्मज्ञानको भित्री रहस्य । अब, यात्री कविताको सारभित्र पसौँ–

*हाडहरूका सुन्दर खम्बा, मांसपिण्डका दिवार*
*मस्तिष्कको यो सुनको छानो, इन्द्रियहरूका द्वार ।....*
*भित्र छ ईश्वर बाहिर आँखा खोजी हिँड्छौ कुन पुर ?*
*ईश्वर बस्तछ गहिराइमा सतह बहन्छौ कति दूर*
*खोजी गर्छौ ? हृदय उगाऊ, बत्ती बाली तेज प्रचुर !*

देवकोटा न पूजापाठमा लागे न त भजन कीर्तनतिर नै । तथापि, उनको चिन्तनले दैहिक र आत्मिक धारभित्र मानवीय अस्तित्वभित्र वास्तविक सुखसत्ताको खोजी गरे । चूडामणि बन्धु (२०६७ : ३७३) द्वारा 'देवकोटा' नामक पुस्तकमा लेखिएको आधारमा हेर्दा शान्तभवन अस्पतालमा रामहरि शर्माले देवकोटासँग 'ईश्वर र परलोकका बारेमा तपाईं कस्तो अनुभव गर्नुहुन्छ ?' भनेर सोधेका रहेछन् । जवाफमा देवकोटाले भनेछन्– *"खै अन्धकार मात्र देख्छु । उज्यालो छ कि भनेर हेर्छु, तारा कहीँ देखिन्नँ ।"* त्यसो त उनका पछिल्ला धेरै कृतिका किस्साभरि ईश्वरसँग पश्चाताप गरिएका हुन्छन् । यो पृथ्वीलाई स्वर्ग र मानिसलाई जनार्दन बनाउने मानवतावादी मीठो सौन्दर्य कसिला हुन्छन् । अन्ततः लेखिएको कृतिभित्र कतै न कतै वेदना भाव देखिन्छ नै–

*रहेछ संसार निशासमान*
*आएन ज्यूँदै रहँदा नि ज्ञान*
*आखीर श्रीकृष्ण रहेछ एक*
*न भक्ति भो ज्ञान न भो विवेक ।*

उनमा भित्री शान्तिको तिर्खा रहेछ । जीवनप्रति वितृष्णा र पश्चाताप पनि । प्रेम रावतको भनाइ र उनको सोचाइमा ठ्याम्म मेल खायो– 'मानिसलाई शान्तिको तिर्खा लागेको हुन्छ र उसले जीवित छँदै आफूभित्रको त्यो प्यासलाई मेट्न सक्छ ।' त्यसो त देवकोटा निर्विकल्प समाधिमा


नव वर्ष २०८१ सालको
पावन अवसरमा समस्त वडाबासी
आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,
देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरू
लगायत हाम्रा शुभेच्छुक महानुभावहरूमा
सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको
साथै क्याम्पसको उच्च शैक्षिक उन्नयनका
लागि **हार्दिक मङ्गलमय शुभकामना**
व्यक्त गर्दछु ।



**गोविन्द लामिछाने**
अध्यक्ष
वडा नं. ५
गजुरी गाउँपालिका

हराउन चाहन्थे । उनले जिज्ञासा राखे तर त्यो आत्मज्ञान पाउन सकेनन् कि ! तथापि, चूडामणि बन्धुका अनुसार उनले साहित्य लेखेर र ट्युसन पढाएर आत्मालाई सुधार्न नसकेको कुरालाई केदारनाथ न्यौपानेसँग व्यक्त गरेका रहेछन् । यस कुरामा भने कबिरदासको दोहासँग घोत्लिनु सान्दर्भिक हुन्छ :

*तनको जोगी सब करैं, मनको बिरला कोई*
*सब सिद्धि सहजे पाइये, जे मन जोगी होइ ।*

(शरीरमा पिताम्बर लगाएर जोगी बने पनि मनको जोगी बन्ने कोही–कोही मात्रै हुन्छन् । अर्थात्, तिनले कपडा होइन मनलाई रङ्गाएका हुन्छन् । यदि मन योगी भयो भने सबै सिद्धि प्राप्त हुन सक्छ ।)

पूर्वीय आत्मिक चिन्तनले शरीरलाई साधन मान्छ । आत्मा (साध्य) को अस्तित्वमा मात्रै शरीरको मूल्य स्थापित हुन्छ । पूर्वीय चिन्तनले त *'शरीरस्य न चैतन्यं मृतेषु व्यभिचारतः'* (मृत शरीरमा चेतना नहुने भएकाले शरीरलाई चेतनाको अधिष्ठाता मान्न सकिँदैन ।) भनिदिन्छ । चूडामणि बन्धुले आफ्नो पुस्तकभित्र देवकोटाले अन्तिम अवस्थामा गरेका कुराकानीलाई समेटेका सन्दर्भ हेरौँ, *"मेरा कविता धेरै भौतिक थिए । ती ज्यादै सांसारिक थिए तर म तिनलाई त्याग्दिनँ । म पशुपतिको देवलमा छु । म मरिरहेछु । तर कहीँ मैले आफ्नो एक इन्च छोडेको छु । ....आफ्नो एक अणु छोडेको छु । जसले मलाई जान दिँदैन । म प्रार्थना गर्दछु कि म जान पाऊँ । .....यदि भगवान् पशुपति यहाँ आउँदा हुन् म आफ्नो खोपडी फुटाउन माग्ने थिएँ ।"* यसर्थ आत्मिक असन्तुष्टिले प्रताडित रहेछन् देवकोटा । उनको अन्तिम अवस्थाका काव्य चिन्तनभित्र आत्मिक सुखसत्ताको अपेक्षा द्रवित भएको देखिन्छ । सायद उनले आत्मज्ञानको अपेक्षा राखेका रहेछन् अनि त्यो अधुरो भएछ । सायद भित्री सुखको भाव 'यात्री' कविताभित्रै सीमित हुन पुगेछ क्यार !

नव वर्ष वि.सं. २०८१ का अवसरमा
आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, स्वदेश तथा विदेशमा बस्नुहुने सम्पूर्ण नेपालीहरू, हाम्रा शुभेच्छुक, सम्पूर्ण व्यवसायी महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको
**हार्दिक मङ्गलमय शुभकामना**
व्यक्त गर्दछु ।



**विष्णुप्रसाद थपलिया**
**अध्यक्ष**
**धादिङ उद्योग वाणिज्य संघ**

# मङ्गली



टङ्क सिलवाल

"हुनेहार दैव नटार !" आखिर यो एउटा उखान न हो । तर मङ्गली यस उखानकी जीवन्त उदाहरण हो । उसको प्रयोगले सिद्ध एक फेहरिस्त हो । मङ्गली गर्भवती भएको ठीक सात महिना भएको थियो । उसको लोग्ने एकै बेरको व्यथाले ठहरै भयो । उनीहरूको दाम्पत्य जीवन सुरु भएको दुई वर्ष तीन महिना मात्र भएको थियो । बिहे गर्दा मङ्गलीको लोग्ने हर्के १७ वर्षको र मङ्गली १६ वर्षकी थिई । एक बिहान हर्के र मङ्गली खाजा खाइवरी मकै गोड्न बारीमा गएका थिए । वैशाखको महिना बिहानदेखि नै टन्टलापुर घाम लागिरहेको थियो । दुवै जनाले सासै नबिसाइकन खनेको खन्यै गरे । ११ बजे मेलो छोडेर घर मात्र के आइपुगेका थिए- हर्के मुटु खायो भन्दै देब्रे छाती हातले च्यापेर रुन कराउन थाल्यो । मङ्गली 'के भयो ! के भयो !!' भनेर हर्के भएकै ठाउँमा गई । वल्लो घर पल्लो घर सबैतिरबाट मानिस आउँदै थिए । हर्केले बाटो ततायो ।

राम ! राम !! मान्छे कराउँदै थिए । मङ्गली बेहोस भएर भुइँमा ढली । हर्के टुहुरो थियो । हुर्क्यो, बढ्यो, लोग्ने बन्यो तर बाउ बन्न भ्याएन । काजक्रिया सकियो । मङ्गलीका लागि संसार शून्य । खोलामा बगेको मानिसले तृणलाई पनि समातेर बाँच्ने आशा गर्दछ रे । ऊ अब गर्भको बच्चाको आशा र भरोसामा बाँचेकी छ । गाउँले सबैले मङ्गलीलाई माया गरेका छन् । उसको गर्भलाई सबैले चियाइरहेका छन् । छोरो नै होस् भनेर कामना गरिदिनेको सङ्ख्या पनि कम्ती थिएन ।

१० महिना पुगेपछि बच्चा जन्मियो । मङ्गलीले सबैको कामना पूरा गरिदिई । हर्के गएकै दिनमा बच्चाको नाम तय भइसकेको थियो । छोरी भए के हुन्थी छोरो भए 'गर्भे' । तर, पुरेतले चाहिँ उसको नाम 'दिलमान' राखिदिए । मङ्गली बिछट्टै खुसी भई दिलमान छोरा जन्मेकोमा । उसको छोरो दिलैदिलले भरिपूर्ण । तर दिलमान नामको परीक्षामा पास हुन बाँकी नै छ ।

मङ्गली विपन्न छे । जग्गा-जमिन जम्माजम्मी दुई रोपनी जति छ । चौपायाको नाममा एउटा सानो भैंसीको पाडी छ । फुसको छानो भएको एउटा झुपडी- त्यही पनि ढल्न लागेको छ । हर्केले दुःख-सुख गरेर भए पनि आउने हिँउदमा नयाँ बनाउने योजना बनाएको थियो ।

दिलमान तर गाउँलेले चाहिँ गर्भे नै भन्थे । बढ्दै, हुर्कँदै गएको छ । जसरी-जसरी गर्भे बढ्दो छ त्यसरी नै मङ्गलीको दुःख पनि उकालो चढ्दो छ । हर्केको बाहुबलमा प्राण धान्न मुस्किल परिवारलाई मङ्गली एक्लैको के तागत ? मंगलीको दिनचर्या सुन्नेलाई त आँसु नझारी सुखै हुँदैन । झनै देख्नेको त कुरै नगरौँ । मान्छे भन्छन्, सुत्केरी भएको बेलामा त बेस्सरी शरीर पोस्नु पर्छ रे ।

सुत्केरी भएको बिसै दिनका दिनदेखि मङ्गलीको बास दिउँसो घरमा छैन । मजेत्रोको खोकिला बनाएर बाँदरले जस्तै जहाँ-जहाँ आफू हाम्फाल्छे त्यहीँ-त्यहीँ गर्भे पनि । ढिकी-जाँतो, मल-भकारो, खन्ने-खोस्रने, भाँडाकुँडा माझिदिने र कतिका नियमित लुगा धुने अनि बनिबुतो गर्दै मङ्गलीका दिनहरू बितिरहेका थिए ।

कतिका घरका भाँडाकुँडा र कपडामा मङ्गलीको हात परेन भने त ती जुठ्यानका जुठ्यान र भोकका भोकमा नै रहन्थे अरे । मङ्गलीलाई भाँडा माझ्न यसर्थ पनि मन थियो किनभने ती भाँडाकुँडामा भात पनि राखिदिएको हुन्थ्यो । हर्के गएका दिनबाट मङ्गलीको शरीरमा नयाँ लुगाको आगमन छैन ।

गर्भे अब अलिअलि फतफताउन थालेको छ । आमा, पापा, बाबा, चिची भन्न थालेको छ । एकदिन जब पहिलो पटक गर्भेले बाबा भन्यो, त्यसपछि मङ्गलीको पुरिएको घाउ फेरि ह्वाङ्ग भएर आयो । उसको मुटुमा भक्कानो छुटेर आयो । उसले मनमनै भनी, "उनको ठाउँमा म जान पाएको भए पनि त आज मैले यो सुन्नु पर्दैनथ्यो ।" फेरि सम्झी, "हुन त म नै गएको भए गर्भे काँ जन्मिन पाउँथ्यो र ! कमसेकम गर्भेले उम्रन त पायो ।"

मङ्गलीको दिनमा कहिले सुख आएको छैन । गर्भे हुर्कँदै छ । मान्छे आशाले बाँच्ने जात हो । कहिलेकाहीँ गर्भेको अनुहारमा हेर्दै के-के गुन्छ- उसको मनले । आँसु बरर झार्छे । यसरी सुख र दुःखका आँसुमा बहँदै । जीवनसाथीको विछोडलाई बिर्सँदै । एउटा बिलाउनेको लट्ठीको सहारामा, उर्लँदो भेलमा मङ्गली अघि बढ्दै छे । पल्लो किनारसम्म पुग्न ।

गर्भे पूरै सात पुगेर आठ वर्षमा टेकेको छ । उसका साथीहरू सबै स्कुल जान्छन् । गर्भे र मङ्गली दुवैले देखेका छन् । गर्भे मिजासिलो, हँसिलो छ । दुःखमा हुर्के पनि हृष्टपुष्ट छ । मङ्गली आफू आधा पेट खाएर पनि गर्भेको पेट सन्तुष्ट पार्छे । गर्भे नै उसको जीवनको टेक्ने लौरो हो, मुटुको ढुकढुकी, पानी निल्ने घाँटी अनि ढिकुराको पूजारी । अझै गर्भे उसकी आमाकी आँखाको नानी अनि सेतो पिठोमाथिको राती गेडी ।

एकदिन मङ्गली छोरो लिएर स्कुल गई । सबै शिक्षकहरूले स्याबासी पनि दिए र उसको छोरोलाई पूर्ण निःशुल्क पढाइदिने वाचा गरे । गर्भे पढ्नमा लगनशील भएर आयो । तीन कक्षामा पढ्दा त उसले धेरै कुरा सिकिसकेको थियो । ऊ हरेक बेलुका सुत्ने बेलामा आमासँग पढाइदेखि घर-व्यवहारका दुःख-सुखका कुरा गर्ने गर्थ्यो । यस्तैमा मङ्गलीले गर्भेलाई भनी, "बाबु, 'छोरा पायो अर्काकी छोरीलाई, आमाबाउलाई केही छैन बरिलै' भन्छन् । तँ भने के गर्छस्, कसको हुन्छस् ।" गर्भेले अलि ननिको मान्यो आमाको यो गीतलाई । आमाले भनी, "मोरा ! मैले त ठट्टा पो गरेको हुँ । काँ'को यस्तो कुरा पत्याको तैँले । तँ त मेरो अँध्यारोको बत्ती ।" यस्तै गन्थन-मन्थनपछि उनीहरू सुत्छन् ।

गर्भे आजकाल ज्यादै गम्भीर र भावुक बन्न थालेको छ । स्कुलमा पनि शिक्षकहरू उसलाई देख्दा दङ्ग पर्छन् । आजकल ऊ घरव्यवहारका कुराहरू, आमाको दुःख, घरको हालत देख्दा उसको अनुहारमा त्यति चमक र उत्साह देखिँदैन । मनमनै सोच्ने गर्छ, "मैले आमाको आँसु पुछ्नुपर्छ । आमालाई सुखी र खुसी बनाउनै पर्छ । मेरी आमा मेरी शाश्वत् भगवती देवी हुन् । यिनका वचन माने भने मेरो जिन्दगी सुखी हुन्छ । यिनलाई हेलाँ गरेँ भनेँ त कुकुरले भन्दा बढी दुःख पाउँछु ।"

गर्भे ६ कक्षामा पढ्दै थियो । मङ्गलीलाई थाहै भएन तर ऊ त गाउँका मानिसका साथमा लागेर दिल्लीतिर भागेछ । बेलुका गर्भे आएन । मङ्गलीले स्कुलमा पनि ऊ नभएको खबर पाई । उसलाई आज दिउँसै घाम डुबे । सारा संसार अन्धकार भयो । उसको मुटु बन्द भएजस्तै भयो । कान बहिरो । मनै ढले ज्यानको त के कुरा ! मनभित्रको भुटभुटी बाहिरैबाट सुनिन्थ्यो । ऊ पीडामा कराउन थाली- "हे ईश्वर ! उनलाई पनि एकैछिनको व्यथाले लग्यो । मलाई चाहिँ किन यति गाह्रो ? एउटा लिखुरेको लागि पाखुरा बजारेँ । त्यो पनि व्यर्थ । म पापिनी, अभागिनी । कुन जुनीको श्राप भोग्नुपर्‍यो मैले । अब म पनि बाँच्दिन । ठुलो पहराको भीर मेरै लागि बनाइदिएको रहेछ भगवान्ले ।"

अन्योल नै अन्योलका बिचमा मङ्गलीले खबर पाई । उसको छोरो गाउँकै मानिसको साथमा लागेर दिल्ली गएको छ । उसको पीर बीसको उन्नाइस भयो । खाना बनाउने र खाने आँट आएन आज उसलाई । चुलो चिसो नै बस्यो आजको साँझ । भैँसीलाई घाँस दिई । ओच्छ्यानमा ज्यान लमतन्न ढाली । निद्रादेवी त्यति सजिलै कहाँ आउनु ? तर्कनाका लहरा सुदूर क्षितिजसम्म विष्णुमतीका मूला बढेझैँ बढ्न थाले । राम्रा-नराम्रा सबै खालका । अरूका लाख आमाको काख । चित्त कसै गरी बुझ्दैन । एक्लो जीवनको छटपटाहटमा ऊ टोलाउँदै बिस्तारै सम्हालिन अभ्यस्त भई ।

दिल्ली गएको पाँच महिनापछि एउटा पत्र आइपुग्यो । पत्रमा लेखिएको थियो :

*परमपूजनीय माता*

*साष्टाङ्ग दण्डवत्,*

*सन्चै छु र तपाईँलाई पनि सन्चो आराम होस् भनी पशुपतिनाथसँग प्रार्थना गर्दछु । आमा, म १३ वर्षको उमेर हुँदासम्म तपाईँले एकजोर नयाँ लुगा लगाएको देख्न पाइन । यसले मेरो मुटु अहिले पनि कोक्याइरहेको छ । फेरि, घर ढल्न आँटेको छ । बनाउने उपाय केही पनि देखिन । थाहै नदिई आएकोमा माफ पाऊँ । चिठी ल्याइदिनेको हातमा एक जोर कपडा र अलिअलि रूपैँया पठाइदिएको छु । बाँकी सबै कुरा भेटमा गरौँला ।*

*उही तपाईँको छोरा*
*दिलमान (गर्भे)*

वास्तवमा मङ्गलीलाई नयाँ लुगा र दिल्लीबाट पैसा आएकोमा रमाइलो कति पनि छैन । कसैकसैले मङ्गलीका सुखका दिनहरू आए पनि भन्न थालेका छन् । तर, मङ्गली भने मुटुविनाको शरीर मात्रै छे । छोरोले घर छोडेको दिनबाट आङ्मा घाम लागेको छैन । पेटमा भोक त्यसै-त्यसै मर्दै गएको छ । संसार अन्धकार बनेको छ । घर ओढारजस्तै बनेको छ । दशैं-तिहार या अन्य चाडपर्व आए गएको पत्तै छैन ।

उसका दिनाचार्य पूर्ववत् छन् । परमेश्वरको असीम वरदान पाएर हो या अन्य कारण सामान्य रुघा खोकी भन्दा ठूलो रोगचाहिँ उसलाई लागेको छैन ।

मङ्गली ठ्याक्कै अठ्तीस वर्ष पुगेकी छे अहिले । छोरोले घर छोडेको सात वर्ष पूरा भयो । कसैले मङ्गलीको उमेर यकिन गर्न भन्यो भने साठीभन्दा कम्ती भन्दैनन् । ऊ शुद्ध हाडछालाबाट बनेकी मानिस हो । झण्डै विज्ञानको प्रयोगशालामा राख्दा सुहाउने ।

आज दशैंको फूलपातीको दिन । बिहान उठ्ने बित्तिकै मङ्गलीलाई बाडुल्की लाग्छ । उसले बिहानको आफ्नो नित्यकर्म गरिभ्याई । खाना खाने बेलामा एउटा काग घर अगाडि आएर करायो । मङ्गलीले कुनै कुराको मतलबै राखिन । दिनभर आफ्नो गर्ने काम भ्याई, बेलुकीको खाना खाई र ओच्छ्यानमा गएर ढली ।

सारा संसार दशैंको उज्यालोमा धपक्कै बलेको छ । जुन टहटह लागेको छ । तर मङ्गलीलाई भने औँशीको रात सरह । आज कुन्नि किन हो उसलाई सजिलै निद्रा लागेछ । रातको नौ बज्न लागेको रहेछ । एउटा तिखो स्वरले मङ्गलीको कानमा प्रहार गर्‍यो, "आमा ! म आएँ ।" मङ्गली झल्याँस भई । स्वर फेरि दोहोरियो, "आमा ! उठ्नोस् न ! म आएँ ।"

मङ्गली हत्तपत्त स्याँस्याँ फ्याँफ्याँ गर्दै उठी । ढोका खोली । बत्ती बाली । ढोका छेवैमा गर्भेको उपस्थिति । ममताको बर्कोले उसलाई अंकमाल गरी । वर्षौंसम्मको कुण्ठाले थिचिएको मनको भारी बिसाई । मानौँ ऊ जीवनभर तपस्या गरेपश्चात् ईश्वरको साक्षात्कार गरिरहेकी छ । दिलमान सुपुत्रलाई गम्ल्याङ्ग अँगालो मारी । धेरैबेरसम्म गाला र कपाल मुसारेको मुसार्‍यै गरिरही । गर्भे पनि भाव विह्वल भयो । "आमा ! सन्चै हुनुहुन्छ त ? आँसुका दिन गए अब । नबगाउनुहोस् ती आँसु ।

लुकाउनुहोस् । गर्भे हुँ, गर्भमै माथि गएको भए के गर्न सक्थें र ! अब केही गर्न नसके पनि तपाईंको आँखामा आँसु चाहिँ कसै गरी पनि झर्न दिन्न क्या आमै" गर्भेले हर्षित मुद्रामा ठट्टा पनि गऱ्यो ।

"मेरो परमेश्वर ! मेरो भगवान् ! मेरो मुटु । काँ'गाथ्यौ सात-सात वर्ष ? काँ'बाट आयौ ? आज यसरी फुत्त ।" अँगालो मार्दै भित्र लिएर गई मङ्गलीले- उसको मुटुको टुक्रालाई । बुढेसकालको टेक्ने लौरो । सात वर्षपछि साउनेपानीको मूल फुटेझैं मङ्गलीको छाती फुट्यो र फरर बोली छोरासँग । आज बाहिर जुन जति चम्किलो छ भित्र मङ्गलीको अनुहार त्यत्तिकै चम्किलो ।

वर्षा पछिको आकाश जति सफा र निर्मल देखिन्छ, मङ्गलीको शरीरमा फूर्ति पनि त्यस्तै । शरीर फूलको थुँगाजस्तै भएको छ । नयाँ दुलहीले नौलोपौलो हुँदा देखाउने फ्याकफुरुक जस्तै छ आज मङ्गलीको चाला । गर्भे मनमनै सोच्छ, 'साँच्चै आमा देवी नै हुन् । आमा संसार हुन् । मायाको खानी ।' त्यसैले बुढापाकाले भन्दा रहेछन्, "बाउ नभए भुरा आमा नभए टुहुरा ।" आमाको ठाउँमा बाउ भएको भए सत्ते ! यति धेरै माया त गर्दैनथे । सायद बाबुले त पहिले नै 'बाबु ! कमाइ कस्तो हुँदो रहेछ भनेर सोध्थे होलान् । मङ्गलीले खानासाना खाइवरी ओच्छ्यान लगाइदिई । आज मङ्गली र गर्भे टाउको-टाउको जोडेर आधा रातसम्म गफ गरे । गर्भे टोलाएको जस्तो लाग्यो मङ्गलीलाई । उसका मनका कथा आधी पनि भएका थिएनन् होला । तैपनि, छोराको थकानलाई याद गरेर निदाउने तर्खर गरी ।

भोलिपल्टबाट एक सातासम्म मङ्गली छोरालाई एक निमेष मात्र देखिन भने पनि छट्पटाइहाल्थी । जहाँ गए पनि जे, गरे पनि आमा छोरासँगै । दशैं तिहार सकिए । "कि लामो बाटो कि बाख्रा पाठो" भनेजस्तै गर्भेले राम्रै पैसा कमाएर आएछ । आमा छोराको सल्लाह भयो अब एउटा घर बनाउने । ढुङ्गा-माटो जोडेर जस्ताको छानो लगाएर गर्भेले घर बनायो । मङ्गलीको लागि त्यो नौतले दरबारजस्तै भयो । अझै केही बचे खुचेका पैसा गर्भेले बैंकमा लगी राख्यो । यस्तैमा गर्भेले एक वर्ष बितायो ।

एकदिन गर्भेले फेरि दिल्ली जाने सुर निकाल्यो । आमासँग प्रस्ताव राख्यो । मङ्गलीले ठाडै अस्वीकार गरिदिई । गर्भेले आज भोलि-पर्सि गर्दै आमाको मन पगाली छाड्यो । ऊ जाने नै भयो । मङ्गलीले हारी । गर्भेले जित्यो । यस पटक मङ्गली पहिले जस्तो भइन । छोराको भलाइको निम्ति उसले चित्त बुझाई । टिकाटाला गरेर बिदा गरी ।

पहिलेको जस्तो अतिसाह्रो दुःख छैन आजकाल मङ्गलीलाई । तैपनि, मान्छे जन्मदैमा रोएको भएर होला नरोइ, दुःख नगरी त कसको जिन्दगी बितेको छ र ! आजभोलि गर्दै पाँच वर्ष बित्यो । गर्भे घर आयो । उस्तै खुसी, उस्तै रमाइलो । आमा छोराको मिलन । एउटा शरीर अर्को मुटु । एउटा देह अर्को आत्मा ।

गर्भेको बिहेको लागि मङ्गलीले गाउँ घरमा कुरा चलाई । गर्भेलाई सुझाइ रन्थी, बाबु ! "पानी मूलको, केटी कुलको" भन्छन् । गरिब भए पनि इज्जत भएका र रहेका सँग नाता लाउनुपर्छ । उनीहरूको घरभन्दा चार पाँच घण्टा टाढाको गाउँकी एक सुलक्षिणा नाउँ गरेकी केटीसँग गर्भेको बिहे भयो । गर्भेका टोल छरछिमेक सबै खुसी छन् । मङ्गलीलाई सबैले स्याबासी दिएका छन् ।

"भारी रूपधार्या स्वास्नी शत्रु" भन्छन् । सुलक्षिणा वास्तवमा ज्यादै राम्री छ । व्यवहारमा चाहिँ कसी लाउन बाँकी नै छ । बिहेको एक वर्षपछि नै गर्भेलाई पुत्ररत्न प्राप्त भयो । बच्चो भुइँमा खस्नसाथ मङ्गली जुरुक्क उठेर फनफनी सात फन्का नाची । हर्षको पर्बाह रहेन । सारा खुसी भए । सबैले मङ्गलीको तपस र सत्धर्मको तारिफ गरे । बच्चाको नाम सुशील राखियो । नातिलाई भुइँमा राख्नै नदिई हुर्काई मङ्गलीले । आखिर माया र पानी उँधै बहने त हो नि !

एक दिन गर्भेलाई बेसरी ज्वरो आयो । ओखती मूलो त गरियो तर व्यथा बीसको उन्नाइस

पनि भएन । गर्भेले ज्वरोको पिरले भातै छोड्यो । उता मङ्गलीले छोरोको पिरले भात छोडी । भात छोडी तर छोरोको निदारबाट हात छोडिन । साँच्चै सुलक्षिणामा बरु त्यस्तो केही देखिएन । "बाँचे पोई मरे सासुको छोरा त हो नि" आखिर नातो चाहिँ । भोलिपल्टबाट ज्वरो पनि ओर्लियो अनि मङ्गलीको डर पनि ओर्लिंदै गयो ।

यस्तैमा मङ्गलीका घरमा दोपाय बढदै गए । फेरि अर्को बच्चा जन्मियो । यस पटक सुलक्षिणाले छोरी पाई । संसार भर्ने जात । सिर्जनाको मुहान । सबैले रमाइलो नै माने । उसको नाम राखियो सुशीला ।

यता गर्भे केही गर्ने सोचमा छ । अब परिवारको आकार बढ्दो छ । दुई मुखको ठाउँमा पाँच-पाँच मुख भइसके । ऊ गाउँमै केही गर्ने कि सहर पस्ने द्विविधामा छ । आज उसको मनमा उद्विग्नता बढेको छ । मन कता कता आँखाको कोषमा परेलीको रौँ पसेर बिझाए सरी बिझाइरहेका छन् । आमाको आँसु खसेको हेर्दिन भन्ने गर्भेलाई आमा भल्भती रोएको देख्नु पर्‍यो । खासमा सुलक्षिणाले नमिठो बोलिछ । उसले भनिछ, "यस्तै बोलीले लोग्ने खायौ, हामी पो कति छाक हौँला र !" साँच्चै रामवाण प्रहार गरिछ । मङ्गलीलाई यसले कति बिझायो यो बुझ्न अर्को मान्छे मङ्गली नभई कसले सक्ने ?

गर्भेले भन्यो आमा माफ गर्नुस् । म छोरा त्यो बुहारी हो । म मान्द्रो हो ऊ त बिस्कुन । उसलाई त्याग्छु तपाईँलाई त्याग्दिन । त्यही दिनदेखि मङ्गलीका मनले हरेस खान थालेका छन् । बिस्तारै-बिस्तारै सर्पले अत्याएको मानिस जसरी काँचुली देख्दा मात्र पनि झस्कन्छ त्यस्तै भएकी छे मङ्गली । बाउन्न ठक्कर र त्रिपन्न घुस्साको अनुभवको पोको हो मङ्गली । दुःख उसको मित्र हो अनि सुख उसको शत्रु । अझै उसको पैँताला हेर्‍यो भने कलिलो बन्सोको घाँस काट्न त उसका पैँतला नै काफी छन् । करौँतीका धार जस्तै रिङ्गै मिलेर फुटेका छन् उसका पैतला ।

बिस्तारै-बिस्तारै मङ्गली भात भातभान्साबाट लप्सीको दाना फुत्केजस्तै गरी फुत्किन थालेकी छ । चुच्चे ढुङ्गो उही टुङ्गो । मुसाकी छोरी मुसालाई । मङ्गलीको उही पुरानो दिन आउने एउटा हरियो बत्ती । आजकाल मङ्गली सिकारीको हातबाट फुत्केको हरिणजस्तै दच्किन थालेकी छे ।

गर्भे सहर पसेर बन्दव्यापार सुरु गर्ने तरखरमा छ । दशैंतिहारको स्वागत र बिदाइ पछि गर्भेको स-परिवार काठमाडौँ प्रस्थान । मङ्गली पनि उतै डोरिई । धेरैले मङ्गलीको कर्मको स्तुति गान गर्न थाले । पहिलेको दुःख पछिको सुख सुल्टो अरे पारखीहरूको ठहर । हुन त मङ्गलीका दिनहरू अझै दचल्किएका मात्र छन् । शेष भइसकेका चाहिँ छैनन् । गर्भेले एउटा खाद्यान्नको पसल सुरु गर्‍यो । दिल्ली बस्दा तारे होटलमा गरेको कामको सिप र ज्ञान उसमा ताजै छ । पसललाई श्रीमतीको रेखदेखमा जिम्मा दिएर ऊ फेरि काठमाडौंको तारे होटलको जागिरमा हाजिर हुन थाल्यो । कमाइ असाध्यै राम्रो छ । उसका छोराछोरीहरू अङ्ग्रेजी बोर्डिङ स्कुलमा पढ्न थालेका छन् । जेठो नाति सुशील साँच्चै मङ्गलीप्रति ज्यादै सुशील नै छ । मङ्गली पनि नाति, नातिनालाई बिछट्टै माया गर्छे । साँवाको भन्दा ब्याजको माया बढी हुन्छ रे मानिसलाई ।

गर्भेलाई लक्ष्मीले भरपूर आशीर्वाद दिएकी रहिछिन् । दिन दुईगुना रात चौगुना भनेजस्तै गरी गर्भेलाई आम्दानी लाभ हुँदै गएको छ । काठमाडौँ पसेको तिन वर्षमा नै गर्भेले एउटा घर बनायो । डेराबाट सपरिवार आफ्नै निजी घरमा सरेका छन् । गृह प्रवेशका दिन ठूलै भोजको आयोजना भयो । चिनेजानेको र आफ्ना आफन्तजन जति सबैलाई बोलायो तर कत्रो बिडम्वना ! मङ्गली कहाँ बिलाई त्यत्रो भव्य कार्यक्रममा । रातभर नाचगान भए तर मङ्गलीको नाम निशाना नै रहेन । ऊ त केवल झुम्राको पुतली मात्र बनी, आमा बन्न सकिन ।

पहाडको झुपडीदेखि काठमाडौँको महलसम्म यात्रा गर्न र देख्न पाई एउटै मङ्गलीले । धन्य भगवान् । लेखेको पाइन्छ तर देखेको पाइँदैन । साँच्चै मङ्गलीहरूको लागि बनाइएका हुन सक्छन यस्ता उक्तिहरू ।

मङ्गलीका पुराना दिनहरू बिस्तार-बिस्तार पुनरावृत्ति हुन थालेका छन् । मङ्गली आमा होइन ऊ केवल सुसारे बनेकी छे । नातिनातिनाका कपडा धुने, घर सफा गर्ने, भाँडा माझ्ने, सागपात लगाउने इत्यादि काममा नियुक्ति पाएकी छे । अब सुलक्षिणा र गर्भेका निगाह बक्स भएमा मङ्गलीका हातमुख जुर्छन् नत्र रित्तो पेट थिचेरै बस्नुपर्छ ।

मङ्गली अब त उमेरले पनि बुढी भएकी छे । कपाल कपास जस्तै सेताम्मै फुलेको छन् । अनुहारमा छाला चाउरी परेर मुजैमुजा परेका छन् । रातको समयमा कसैसँग जम्काभेट हुँदा किचकन्या भनेर भाग्न बेर लाउदैनन् मानिसहरू ।

तेह्र वर्षको उमेरमा आमाको थोत्रो लुगा र पुर्ख्यौली ढल्न लागेको घर छोड्न बाध्य बनेको गर्भे आज काठमाडौँको महलमा बास बस्न पुगेको छ । आमाको आँसु झर्न दिन्न भनेर कसम खाने गर्भे आमासँग अकारण बोल्न छोडेको छ । आजकाल कहिलेकाहिँ मङ्गली छोरो गर्भे भएको ठाउँमा गएर बसिहाली भने पनि गर्भे जुरुक्क उठेर अर्को कोठातिर लाग्छ । छोराको यस्तो चालढाल देखेर मङ्गलीको मनमा भक्कानो छुटेर आँउछ । ऊ भलभल्ती रुन शिवाय केही गर्न सक्दिन । न त विगतमा हराउन बाहेक अरू जान्दछे ।

“आमा बाबुको मन छोराछोरी माथि, छोराछोरीको मन ढुङ्गा मुढामाथि” कस्तो सुहाएको उखान । एकरात मङ्गली ओछ्यानमा पल्टी तर उसलाई निन्द्रा परेन । मनमा साह्रै छटपटी भयो । पीडाले नराम्ररी थिच्न थाल्यो । उसले मनमनै धेरै कुरा खेलाउन थाली । गर्भे उसको शरीरमा बास गरेको दिनदेखि आजका दिनसम्मका सम्पूर्ण घटनापरिघटना उसका मनमा ताजै छन् । गर्भेले हिजोका दिनसम्म बोलेका शब्दहरू उसका मनमा अझै पनि ठोक्किरहेका छन् । यी सबै घटना सम्झिसकेपछि उसले कालको आराधना गर्दैमा त्यो रात पूरै बिताई ।

गर्भेका मनमा कत्ति पनि अफसोचको मुना पलाएका छैनन् । ऊ मङ्गलीलाई एउटा अनावश्यक भारको रूपमा देख्छ । ऊ सोच्ने गर्छ, मङ्गली नहुँदा उसलाई धेरै हलुङ्गो हुन्छ । मङ्गली अब गर्भेको मनको अबिरो । गर्भे मनमनै सोच्छ, आखिर बाबु नहुँदा के भयो र ? अनि आमा नहुँदा पनि के नै हुन्छ होला र ? अब त मेरै पनि छोराछोरीले समेत सहारा दिन सकिहाल्छन् । यस्ता बुढाबुढीहरू लुकाउन पनि नमिल्ने फेरि कसैले देखे भने लाज मर्दो हुने ।

उता सुलक्षिणाले त मङ्गलीलाई एउटै मात्र आँखाले पनि देख्न सक्दिन । कथमकदाचित मङ्गलीसँग घरमा जम्काभेट भइहाल्यो भने सुलक्षिणाले खुट्टा बजारेर एउटा प्रलयकारी कम्पन नै उत्पत्ति गराइदिन्छे । खानेकुरा हमेसा छोराछोरीलाई दिन लगाउँछे । मानौँ सुलक्षिणा र मङ्गलीबिच नाता नै छैन ।

मङ्गलीलाई हरेक दिनहरू सपना भएका छन् । अरूका कुरा छोडौँ- आफ्नो त्यति मीठो र गुलियो छोरो आज यति तीतो र टर्रो होला भन्ने उसका मनमा एक रौँ पनि थिएन । नाति-नातिनाले पनि खै के सिके वा के बुझे उनीहरू पनि मङ्गलीसँग बोल्न रुचाउँदैनन् । सहरमा उसलाई चिन्ने वा बुझ्ने कोही पनि छैनन् । उसको जाने ठाउँ कतै छैन । उसका लागि संसार शून्यसरह छ । उसका अगाडि पुराना गाउँ, बस्ती झल्झली आएका छन् । गाउँघरका इष्टमित्रको उसलाई बारबार याद आउँछ तर “लङ्कामा सुन छ, कान मेरा बुच्चै ।” अब ऊ गाउँ फिर्न सक्दिन । ऊ त “भीरको चिनो, उँधो न उँभो” भएकी छे ।

कठैबरा मङ्गली ! दैव कति निष्ठुर ! एकदिन मङ्गलीलाई एक्कासी भुङ्ग्रो ज्वरोले छोप्यो । शरीर पूरै लाल भएको छ । उसका आँखा उघ्रिएका छैनन् । कोठाको एउटा कुनामा कुकुर

गुडुल्किएझैँ गरी गुडुल्किएकी छे आज मङ्गली । इन्तु न चिन्तु । सुलक्षिणाको कुरा नगरौँ । बेलुकी छोरो दिलमान अर्थात् उही गर्भे आयो तर आमालाई भेटेन । बल्ल खानापिना गरिसकेपछि मङ्गलीको मुटुको टुक्रा उही दिलमान छोरो आमा छेउ उभिन पुग्यो । आमाको शरीर छाम्यो; पूरै शरीर जलन । कुन्नि के सोच्यो उसले र औषधि पसलमा गएर ज्वरोको औषधि किनेर ल्यायो र मङ्गलीलाई खुवायो । बेसुरमा मङ्गलीले पनि ती औषधी खाई । रात बित्नु नै थियो बित्यो पनि ।

धन्य भगवान् । भोलि बिहान मङ्गलीको ज्वरो अलि ओर्लिएको रहेछ । उसका पेटमा अन्न परेको छैन । यस्तैमा तिन दिनपछि मङ्गलीको ज्वरो हरायो । त्यसपछि छोरो पनि उसको नजरबाट हरायो । मङ्गली लन्याङ्लुरुङ्ग गर्न सक्ने भई । अब उसका लागि छोरा, बुहारी, नाति नातिनाको परिभाषा कण्ठ भएको छ ।

यस्तैमा एकरात दिलमान र सुलक्षिणाले एउटा योजना बनाए । योजनाअनुसार भोलिको रात मङ्गलीलाई पशुपति छेत्रमा लगेर छोडिदिने । मङ्गलीले अब भोलि गर्भे छोरो जन्माएर हुर्काएको पुरस्कार पाउने पक्कापक्की भएको छ । उता मङ्गली यस योजनाप्रति पूर्ण बेखबर छे ।

नभन्दै भोलिको रात आयो । मङ्गलीलाई आज अचम्म लागेको छ । उसलाई मिठो बोलेर मिठो खाना खुवाइएको छ । जसरी पशु बेच्ने पशु धनीले गोठबाट निकाल्नुपूर्व ढुटोपिठो खुवाउँछन् । यस्तो देख्दा मङ्गली सोच्छे– आज के हुन आँट्यो यो घरमा ? कतै मेरो छोरा बुहारीको मन फर्केको त होइन ? फेरि म साँच्चैकी आमा बन्न लागेकी हुँ त ?

यस्तैमा रातको एघार बज्यो । गर्भेले आमालाई बोलाएर उठायो । मङ्गलीलाई फेरि औषधी गर्ने निहुँ बनाएर कारमा राखेर गयो । पशुपति क्षेत्रमा छोडेर ऊ घर फिऱ्यो । घर फर्कँदा रातको एक बजिसकेको थियो । जब गर्भे ओछ्यानमा ढल्यो ऊ अचानक बेहोस जस्तै बन्यो । उसलाई साँचो अर्थमा त्यस रात निद्रा परेन । उसले मङ्गलीलाई अविरो सम्झेर काटेर त फाल्यो तर त्यसबाट भत्भति बगेको रगत भने थामिएन । कुन्नि के भयो गर्भेलाई र सोच्यो “यसले मलाई कदापि लाभ हुँदैन । मेरो दुर्दिनहरू सुरु भए ।” यस्तैमा रात बित्यो र बिहानी आयो । गर्भे अरू दिनभन्दा आज चाँडै उठ्यो ।

उता सुलक्षिणा भने ज्यादै पुलकित भएकी छे । गर्भेले मन लागी नलागी खाना खाएर जागिर धान्न गयो । बेलुकी सुत्ने बेलामा श्रीमतीसँग सबै कुरा बतायो । सुलक्षिणाले “जुँगा चल्यो कुरा बुझ्यो” भने जस्तै श्रीमान्का कुरा बुझिहाली । गर्भेलाई तुरुन्तै मलमपट्टी लगाइदिएर उसको मनलाई निको गराइदिई ।

यता मङ्गली रातको समयमा सडकमा छाडिएपछि आश्रय खोज्दै जाँदा ढलमा परेर उसको निधार र अनुहारमा चोटैचोट लागेर त्यहीँ रात बिताइछ । बिउँझदा उसलाई थाहै छैन ऊ कहाँ आइपुगेकी छे ।

बिहानीको आगमनसँगै पशुपति क्षेत्रमा मानिसको चहलपहल बढ्न थाल्यो । यस्तैमा उसलाई कसैले ढलबाट निकालेर बाहिर ल्याइदिए । कसैले उसलाई बिस्कुट, पानी र फलफूल समेत खान दिए ।

मङ्गली बिस्तारै पशुपतिका भक्तजनहरूको संसर्गमा पुगी । उसलाई आजकल अलि रमाइलो लागेको छ । बिहानी बेलुकी भजन मण्डलीको भजनमा थपडी मार्दै कसैको निगाहबाट प्राप्त हुने अन्नबाट पेटको गुजारा चलाउन थालेकी छे । पशुपति क्षेत्रमा मङ्गली जस्ता थुप्रै आमाहरूको समूह नै रहेछ । थुप्रै आमाहरूलाई पशुपतिले ओत दिएको रहेछ । यसोभन्दा पशुपतिलाई पशुपति नभनी आमापति भन्दा पनि फरक चाहिँ नपर्दो रहेछ ।

यत्तिकैमा एकरात मङ्गलीलाई अचानक राति सडकमा निक्लिएको बेलामा गाडीले ठक्कर दिएर भुतुक्कै मारेछ । भोलि बिहान थुप्रै मानिसहरू त्यहाँ जम्मा भए । सरकारका पुलिस लगायत अरू मानिसहरूको सहायतामा मङ्गलीको दाहसंस्कार सम्पन

भयो । दैवसंयोग जुन रात मङ्गलीले संसार छोडेकी थिई त्यही रात यता गर्भेलाई सपनामा हुनसम्म भयो । हुन त त्यस दिन बिहानदेखि नै गर्भेलाई आलस्यताले आक्रान्त पारेको छ । उसमा स्फूर्ति हराएर गएको छ । आँखा बेस्सरी फरफराएका छन् । काममा कति पनि दिलचस्पी छैन । जब ऊ रातमा ओछ्यानमा ढल्यो- ऊ अनायासै छिट्टै निदायो । उसले सपनामा देख्यो । सपनामा उसकी आमा मङ्गलीले सरासर आएर उसलाई गमल्याङ्ग अगाँलो हाली । उसको अनुहार र टाउको मुसारी । उसले भनी “बाबु ! विशेषयः आयु होस् तिम्रो । शरीरको ख्याल गर । तिम्रा सन्तानले डाँडाखोला ढाकून् । हिँड्दा ठेस र कोर्दा केश नझरून् । छोरालाई, ख्याल गरेस् बाबै । तिम्रो मुटुको टुक्रा । बूढेसकालको साहारा । पानी निल्ने घाँटी” यति फरर बोलेर मङ्गली अलप भई ।

गर्भे बिउँझ्यो । ऊ ओछ्यानबाट जुरुक्क उठेर एक गिलास पानी पियो । छातीमा मुड्की हानेर भक्कानियो । उसले मनमनै सोच्न थाल्यो, “भोलि बिहान जसरी पनि आमाको खोजी गरेर आमालाई घरमा लिएर मात्र आउँछु ।”

बिहानीको झिसमिसेसँगै गर्भे चिया पनि नपिई सुलक्षिणालाई थाहै नदिई पशुपति क्षेत्रमा गयो । त्यहाँ सोधपुछ गर्‍यो । एक वृद्ध आमाले भनिदिइन्, ‘हो, मङ्गली नामकी एक महिलाको केही दिन अगाडि गाडीको ठक्करबाट मृत्यु भइसक्यो । उनको दाहसंस्कार समेत भयो ।’ यो सुनेर गर्भे टोलायो र शिर झुकायो ।

फेरि गर्भेको मनले मानेन । उसले मङ्गली को थिई र कहाँबाट आएकी रहेछिन् भनेर सोध्यो । उनै महिलाले बताइन्, ‘छोरो गर्भमा सात महिनाको हुँदा लोग्ने मरेको भन्थिन् । पछि त्यही छोरो हुर्की, बढी काठमाडौंमा घर समेत थियो रे । छोरा-बुहारीले असाध्यै माया गर्थे रे तर उनलाई भगवान् भक्तिमा असाध्यै मन गएकाले एकदिन भागेर यहाँ आएकी अरे । छोराको गुणको निकै बयान गर्थिन् । बिचरा उनी ! छोरोलाई थाहा पत्तै छैन यता दैवले चुँडेर लग्यो । कठैबरा ! उनी त स्वर्गमा सिधै गइन् होला ।’

यति सुनिसकेपछि गर्भे त्यहाँबाट बाटो लाग्यो । मनलाई एकभारी गह्रुँगो पश्चातापमा डुबाएर ।


नव वर्ष वि.सं. २०८१ को पावन अवसरमा आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरू, शेयर सदस्यहरू तथा हाम्रा शुभेच्छुक ग्राहक महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको

**हार्दिक मङ्गलमय शुभकामना**

व्यक्त गर्दछौं ।



**मनोहरदास श्रेष्ठ**
अध्यक्ष

**गजुरी बचत तथा ऋण सहकारी संस्था लि.**

गजुरी- १, धादिङ

# मैले देखेको मेरो देशको यथार्थ



रमेश अधिकारी

ज्ञानमा आधारित समाज आजको आवश्यकता हो । शिक्षा नै ज्ञानको प्रमुख स्रोत हो । कुनै पनि देश विकासको प्रमुख साधन नै प्राकृतिक, मानवीय र आर्थिक साधनहरू हुन् । जुन देशहरूले मानव पूँजी निर्माणमा खर्च गर्दछन्, ती देशहरूको विकासको गति बढी हुन्छ । शिक्षाको प्रमुख उद्देश्य नै विभिन्न तहको मानव संसाधनको विकास गरी इमानदार, कर्तव्यनिष्ठ, राष्ट्रभक्त, अनुशासित र सकारात्मक सोच भएका नागरिक तयार गर्नु हो ।

कुनै पनि देशमा जति नै प्रचुर मात्रामा प्राकृतिक स्रोत साधनको उपलब्धता भए तापनि मानव साधनमा उचित लगानी नभएमा विकासले गति लिन सक्दैन । शिक्षा र रोजगारबिच प्रत्यक्ष सम्बन्ध हुन्छ । आजको शिक्षा सिक्ने, बिक्ने र टिक्ने हुनुपर्दछ । युवाहरू शिक्षा र रोजगारलाई समानान्तर रूपमा अगाडि बढाउन चाहन्छन् तर नेपालको परिवेशमा रोजगारीको सीमित अवसर मात्र प्राप्त हुँदा बाध्य भएर युवा पलायन भएका छन् । वैदेशिक रोजगारीमा जाँदा पनि प्रायः जोखिमयुक्त र कम वेतनका कार्यमा युवाहरू संग्लन छन् । विदेशबाट प्राप्त भएको विप्रेषण रकम पनि उत्पादनशील क्षेत्रमा लगानी गर्न सकिएको छैन । युवाहरू आफ्नो जीवनको महत्त्वपूर्ण समय विदेशमा व्यतित गरी बुढेसकालमा मात्र आफ्नो देशमा फर्कने वा विदेशमा नै स्थायी बसोबास गर्दा देशलाई दीर्घकालीन असर पर्न सक्छ । जनसाङ्ख्यिक लाभको वर्तमान अवस्थामा पनि देशले विकासको मार्ग लिन नसक्ने हो भने अवश्य नै विकासमा पछाडि पर्ने सङ्केत देखिन्छ ।

नेपालमा प्रत्येक वर्ष एस.ई.ई. पास गर्ने विद्यार्थीमध्ये अधिकांश विद्यार्थीहरूको छनौटमा नेपालको उच्च शिक्षा पर्न सकेको छैन । विश्वविद्यालयमा विद्यार्थीहरूको खडेरी छ । विश्वविद्यालयहरू मसानघाट जस्तै सुनसान देखिन थालिसकेका छन् । प्रथम बर्षमा भर्ना भएका अधिकांश विद्यार्थीहरू दोस्रो, तेस्रो र चौथो वर्षमा पुगेका छैनन् । कक्षा छोड्ने दर उच्च छ । देशमा जनशक्तिको अभाव हुँदै छ । जनसङ्ख्या वृद्धिदर घट्दै छ । विदेशमा गएका विद्यार्थीहरूमध्ये कतिपय विद्यार्थीहरू नामै नसुनेका विश्वविद्यालयमा भर्ना भएका छन् । अध्ययनभन्दा पनि काममा केन्द्रित हुँदा विश्वविद्यालयसँगको सम्बन्ध बिग्रदै गएको पाइन्छ । उत्तीर्ण दर अत्यन्तै न्यून रहेका समाचारहरू आइरहेका छन् । रोजगारीको अभावमा युद्धग्रस्त मुलुकमा समेत युवाहरूको आकर्षण बढ्दै गएको पाइन्छ । कक्षा ९, १० पढ्दादेखि नै नेपालमा हाम्रो भविष्य छैन । जसरी भए तापनि विदेश जानुपर्छ भन्ने मान्यताको विकास विद्यार्थीहरूमा भएको छ । सेना, प्रहरी, डाक्टर, इन्जिनियर, शिक्षक, गायक र खेलाडी बन्छु भन्ने विद्यार्थीहरू कक्षा सर्वेक्षण गर्दा पाउन मुस्किल छ । विद्यार्थीहरूमा सामाजिकीकरणको अभाव छ । सेवा भावनामा आँच आउँदै छ । गाउँमा युवा भेटिँदैनन् । पूरै गाउँ रित्तो हुने अवस्थामा छ । प्रायः घरहरूमा बुढाबुढी भएका बुबा आमा मात्र छन् । मान्छे मर्दा मलामी जाने मानिस नपाउने अवस्था सिर्जना भएको छ । भएका

जग्गा जमिन सबै बाँझो हुँदै गएका छन् । मूल्य वृद्धिले सगरमाथा पार गरिसकेको छ । वैदेशिक ऋण र कुल गार्हस्थ उत्पादनबिच कुन प्रथम हुने भन्ने प्रतिस्पर्धा छ । सबै नीतिको मूल नीति राजनीतिमा आँच आउन थालेको छ ।

यति सुन्दर र शान्त स्वर्गको टुक्रा जस्तो मेरो देश नेपाललाई सबैको आशा र भरोसाको केन्द्र बनाउन आवश्यक छ । यसको लागि हामी सबैले आआफ्नो ठाउँबाट आफूले गर्न सक्ने काम गर्न आवश्यक छ । कृषिमा आत्मनिर्भर हुनलाई कृषि उत्पादनमा अनुदानको आवश्यकता छ । उद्योग धन्दा खोली युवालाई सिपको आधारमा रोजगारी दिन आवश्यक छ । पढ्दै कमाउँदै कार्यक्रम विश्वविद्यालयहरूले ल्याउन आवश्यक छ । जलस्रोतलाई उचित उपयोग गरी बहुउद्देश्यीय परियोजनाहरू सञ्चालन गर्न आवश्यक छ ।

## मुक्तक



भोलि कतिसम्म होला सम्पत्ति यो सोचिरहेछु
कस्ता देखाउलान् उनले मति यो सोचिरहेछु
खुट्टा मात्र तान्न सिपालु छन् मेरा आफन्त पनि
खोइ कसरी गर्ने होला नि प्रगति यो सोचिरहेछु

रञ्जिता लामिछाने


नव वर्ष वि.सं. २०८१ को पावन अवसरमा आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरू, शेयर होल्डरहरू तथा हाम्रा शुभेच्छुक अभिभावक महानुभावहरू, विद्यार्थी भाइबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिका लागि

**हार्दिक मङ्गलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**रमेशकुमार श्रेष्ठ**
**प्रिन्सिपल**

**शुक्लबहादुर उप्रेती**
**अध्यक्ष**

**तथा**

**मुनाल एकेडेमी परिवार**

गजुरी- १, धादिङ

# परीक्षाफल



गम्भीर दुवाडी

जीवन एक पाठशाला
गुरुकुल धाएँ
स्वरवर्ण
व्यञ्जनवर्ण
अङ्कगणित समयको मान्द्रोभरि फिजाएँ ।

घाम पानी नभनी
अहोरात्र हलो जुवा
काँधमा बोकी
सन्तानलाई
मानचित्र पढाउने बाबुको
आँधीबेहरी छेकी
न्यानो काखमा
हुर्काउने आमाको
जीवनी नपढ्ने म ।

महापञ्चभूत
अदृश्य शक्तिको देन पाएर
प्रकृतिको स्वाद खाएर
स्वर्णिम उपाधि लाएर
विज्ञानको चमत्कारमा
बहुलाउने म ।

नौ दिन पछि नौलो
बिस दिनपछि बिर्सने
जैविक रोगले ग्रसित म ।

सरस्वती, शारदा र गीतालाई
सम्फेर नपुज्ने म
घोकन्ती विद्या
धावन्ती खेतीमा
नभुक्ने म ।

स्टेसनरी तथा खेलकुदका सामानहरू होलसेल तथा सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्भनुहोला ।



हाम्रो बुक्स एण्ड स्टेसनरी
गजुरी- १, धादिङ, सम्पर्क : ९८४१७३०७१८ (यात्रु प्रतिक्षालयसँगै)

आफैँलाई सर्वेसर्वा जान्ने
अरूलाई भुसुनो ठान्ने
नसक्नेलाई भेटे चोरी हान्ने
भित्तामा पाए अँचेट्ने
छेउमा पाए घचेट्ने
नयाँ शिक्षाको हिमायती म ।

घन घोटेर सियो
हलो मासेर मुङ्ग्रो
पानी मथेर घ्यू
बालुवा पेलेर तेल
शिक्षालय लडाएर जेल
बनाउन लागिपरेको म
मान्यजनले
'पढेर ठूलो भएस्
कुलको इज्जत जोगाएस्'
भन्दा
के पढेर हात्ती ठूलो भएको हो ?

तुरुन्तै ओठे जवाफ फर्काउने म
सुतेर कहिल्यै नअघाउने म
पुस्तकभित्र आँखा नडुलाउने म ।

जब भयो राति
तब बुढी ताती
परीक्षाको घडी
बकुल्ला ध्यान गर्दै
देउता सम्झेर
डाँडाभाटा गन्दै
हतार पतारमा केरकार गर्ने म
यतिखेरसम्म त
हजुरले मेरो परीक्षाको कापी
पक्कै जाँचिसक्नु भयो होला
भनिदिनुहोस् त गुरु
कुनै फिक्री नमानी
सय पूर्णाङ्कमा
कति नम्बर पाउँछु म ?

कविता

# उन्नतिको शिखर



कृष्ण कुम्पुरे

उत्तरबाट रेल चढेर बिकास आउँछ रे
मुलुक अब प्रगतिको शिखर चढ्छ रे

रेलको झ्यालमा हात हल्लाउँदै कुद्न पाइने भो
एकैदिनमा मेचि-काली घुम्न भ्याइने भो

तराइका फाँटदेखि हिमालफेदि सम्म
एकैछिनमा दुईचार फन्को लाउन पाइने भो

झापाबाट छुटेको रेल चिसापानी पुग्दा
कर्णालीको मीठो माछा चाख्न पाइने भो

जनकपुरको काउण्टरबाट टिकट काटी चढ्दा
टनकपुरको महाकाली घुम्न भ्याइन्छ रे

धनगढीमा ब्रेकफाष्ट लिई चन्द्रगढी पुग्दा
परिवारले पकाएको लन्च खाइने भो

सपना यो बिपनामा पूरा हुन्छ रे
अनि देशले उन्नतिको शिखर छुन्छ रे ।

# नयाँ नेपाल



सत्यवती पाण्डे (सेढाई)

जर्जर बाँझो
मस्तिष्कमा
जोतेर सपनाको हलो
उन्नत सपनाको बीउ छरेर
उब्जाउन खोजेको हो नयाँ नेपाल
रगतको बर्सातले सिँचेर ।

क्रान्तिको पाठशालामा
बन्दुकको कलम भिराएर
कलिला औँलाहरूले
लेखाएर रक्तिम अक्षर
घोकाएर विकासको हिसाब
दुई दुना चारको दुना
अग्नि परीक्षामा उतारिएको हो
नयाँ नेपालको प्रमाणपत्रमा
उच्च लब्धाङ्कसहितको उत्तीर्ण
अभिलाषामा ।

भोका भेडाहरूलाई
चङ्गाएर कुटमेरोको घाँसमा
डोऱ्याउँदै डोऱ्याउँदै
वधशालासम्म पुऱ्याएर
बेचेका छन् सुपथ मूल्यमा ।

धेरै कुरा नयाँ भएको छ नयाँ नेपालमा
भाउजूको रातो सारी फेरिएर
नयाँ सेतो सारी आएको छ ।

बाले पुराना खुट्टा
राष्ट्रिय सेनालाई चढाएर
नयाँ वैशाखी हालेका छन्
आमाले चढाएर बलिदान आफ्नै
सन्तानलाई
पाएकी छिन् देवघाटमा नयाँ
आश्रममा आश्रय
हरिया वनजङ्गलको हरियो रङ्ग
सापटी लिएर
बनेका छन् नयाँ हरिया पासपोर्टहरू ।

यो खै के भइरहेको छ नयाँ नेपालमा
निधारभरि अक्षता लगाएर
काठमाडौँमा विजयादशमी
मनाइरहँदा
कर्णाली कुपोषणले मरिरहेको छ
प्रयोगशाला भएको मान्छेको शरीर ।
हेर त
जिउँदै मानिसको दुई सय छ ओटा
हड्डी गन्न सकिन्छ
ढुङ्गालाई दुध पिलाइरहेका
पुजारीहरू
हेर त अनाथ नाबालकहरू भोकले ढलिरहेको
नयाँ त धेरै कुरा देखियो
जस्तो कि नयाँ श्रीपेचविनाको राजा
र
नयाँ अधिकारविनाको प्रजा ।

# उच्च शिक्षा अनुसन्धानमुखी भएको महसुस गरेका छौं



सरस्वती गुरागाईं

मेरो नाम सरस्वती गुरागाइँ हो । म यस आदर्श बहुमुखी क्याम्पसमा वि.सं. २०७५ फागुन महिनामा शैक्षिक, योजना र व्यवस्थापन विषय अध्ययन गर्न स्नातकोत्तर तहमा भर्ना भएँ । आफ्नो कार्यक्षेत्र नजिकै स्नातकोत्तर तहको अध्यापन सुरु भएकाले सबै सहपाठी जस्तै म पनि धेरै खुसी छु । भरसक कक्षा पनि छुटाएको छैन, नियमित छु ।

विश्वविद्यालय शिक्षा निकै फराकिलो हुने रहेछ । प्राध्यापकहरूले संसारभरिका मानव ज्ञानका नवीन आयाम बारे चर्चा गर्नुहुन्छ । कहिले विश्व बैङ्क, कहिले युनेस्को, कहिले युनिसेफ त कहिले ओसिइडी र संयुक्त राष्ट्र संघका प्रकाशनहरू नै हामीलाई उपलब्ध गराउनुहुन्छ । लेखन कौशलको अभाव र समय व्यवस्थापनमा कठिनाइका कारण शैक्षिक उपलब्धि जेजस्तो भए पनि प्राध्यापकहरूले गुगल क्लासरुम र टिम्स (Teams) मार्फत हरेक दिन पढाएका सन्दर्भ सामग्री र स्लाइडहरू उपलब्ध गराउनुभएको छ । गुगल क्लासरुममा सहजै आफूलाई लागेको जिज्ञासा सोध्न मिल्दछ । यसरी सोधिएको प्रश्नको उत्तर प्राध्यापकहरूले गुगल क्लासरुम खोल्नासाथ पठाउनु हुन्छ । हामीले मेसेन्जर समूह पनि बनाएका छौं । प्रायः कक्षा सञ्चालनसम्बन्धी सूचनाहरू र पढ्ने सामग्रीहरू पनि यसमा पोस्ट हुने गरेका छन् ।

दोस्रो सेमेस्टरमा पुगेपछि प्राध्यापकहरूले पढाइलाई खुला बनाउनुपर्दछ भन्नुभयो । उहाँहरूको जोड तीन कुरामा थियो । पहिलो– विद्यार्थीको ज्ञानको आधार बलियो बनाउने । उदाहरणका लागि अधिकारमुखी विकास वा शिक्षाको चर्चा गर्दा म्याग्नाकार्टा, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, संयुक्त राष्ट्र संघले जारी गरेका राजनैतिक, आर्थिक, जातीय, महिला, बालबालिका, जनजाति, अपाङ्गता भएका व्यक्तिसम्बन्धी अभिसन्धि र भियाना सम्मेलनसम्मका कुरा समेट्नुभयो । अधिकारमुखी अवधारणाको अद्यावधिक ज्ञान थाहा पाउन अनुसन्धान गर्नुपर्दछ भन्ने सबाल उठाउनुभयो । पाठ्यक्रममा समावेश गरिएका हरेक शीर्षकमा अनुसन्धान गर्न सकिन्छ भन्ने दृष्टान्तहरू प्रस्तुत गर्नुभयो । अनुसन्धानबाट ज्ञान निर्माण हुन्छ र उच्च शिक्षाको उद्देश्य ज्ञान निर्माण गरी मानव सेवा गर्नु हो भनेर प्रस्ट पार्नुभयो ।

हाम्रो लेखन कौशल र अनुसन्धानको सिप विकास भएको छैन । हामीले तेस्रो सेमेस्टरमा अध्ययन गर्दा अनुसन्धान विधि अध्ययन गर्‍यौं । हामीले स्नतकोत्तर तहमा गर्नुपर्ने शोधपत्रको शीर्षक छान्न र शोध प्रस्ताव पनि अध्ययनसँगै तयार गराउने सोच गुरुहरूको थियो । कोभिड महामारी र हाम्रै अन्यमनस्कताका कारण शोधप्रस्ताव लेखनमा

हामीले जाँगर चलाउन सकेनौँ । चौथो सेमेस्टरको पढाइ निकै व्यवहारिक हुने रहेछ । समसामयिक शैक्षिक मुद्दामा कार्यपत्र लेख्न र प्रस्तुत गर्न लगाउने एउटा विषय निकै रोचक रहेछ । सुरुमा त हामीलाई निकै कठिन लाग्यो । सामग्रीहरू पनि गुरुले नै पठाउनुभयो । लेखेको सामग्री शब्द शब्द हेरेर पृष्ठपोषण दिनुभयो ।

अर्को विषय प्राक्टिकम थियो । यसमा शिक्षण अभ्यास, घटना अध्ययन, अन्तर्लेखन र सेमिनार जस्ता चार कार्यहरू गरेर प्रतिवेदन लेख्ने ज्ञान र सिप बढाउने लक्ष्य हुँदोरहेछ । हामीले उच्च सिकाइ हासिल कति गर्न सक्यौं त थाहा भएन तर न्यूनतम जिम्मेवारी र आवश्यकता भने पूरा गर्‍यौं । परीक्षाका सबै विषयमा उत्तीर्ण त भयौं । अनुसन्धान प्रस्ताव लेखेर शोधपत्र बुझाउन सकेका छैनौं । यस क्रममा सरहरूले निकै सहजीकरण गर्नुभएको हो । शोधप्रस्ताव लेखेर मौखिक परीक्षा पनि लिनुभयो । शोधनिर्देशक पनि तोकिएको छ । शिक्षा र लैङ्गिकता आजकल बुझ्दैछु । घर सञ्चालन र जागिर खानुपर्‍यो । समय व्यवस्थापन गर्न नै सकिरहेको छैन । आदरणीय रुद्रप्रसाद दनै, सुरेश बस्नेत र डा. शरदचन्द्र सिंखडा गुरुहरूले त प्रशंसनीय तरिकाले सहजीकरण गरिरहनुभएको छ । हामीलाई विद्यार्थी जस्तो व्यवहार नै गर्नुहुन्न । साथी जस्तो व्यवहार गर्नुहुन्छ । उहाँहरूको आत्मीयता र विज्ञताबाट हामीले चाहिँ धेरै लाभ उठाउन नसकेकोमा आफै लज्जित छौं । ढिला भए पनि शैक्षिक यात्रा स्थगित चाहिँ गरेको छैन । यसमा आदर्श बहुमुखी क्याम्पसको सेवाभाव जिम्मेवार छ । यो शैक्षिक निरन्तरताको श्रेय क्याम्पसलाई जान्छ । सम्पूर्ण क्याम्पस परिवारप्रति आभार व्यक्त गर्दै यसै गरी विद्यार्थीमैत्री सेवा प्रदान गरिरहनुहुने अपेक्षा गर्दछु ।


नव वर्ष २०८१ सालको पावन अवसरमा हाम्रा समस्त विद्यार्थी, शिक्षक, अभिभावक, शुभचिन्तक, सहयोगदाता र सरोकारवालाहरूलगायत देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिका लागि **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछौँ ।

यही वैशाख २ गतेबाट शैक्षिक सत्र २०८१ का लागि कक्षा नर्सरीदेखि कक्षा १० सम्म भर्ना खुलेको सहर्ष जानकारी गराउँदै आफ्ना बाबुनानीहरूलाई समयमा नै भर्ना गर्नुहुन अनुरोध गर्दछौँ ।

**सुरेशकुमार बस्नेत**
प्रधानाध्यापक

**राजकुमार उप्रेती**
वि.व्य.स. अध्यक्ष

**तथा**

**आदर्श माध्यमिक विद्यालय परिवार**

गजुरी– १, धादिङ

# बालबालिकाको भविष्य निर्माणमा अभिभावक र शिक्षकको दायित्व



वसन्त महत

## पृष्ठभूमि

सबै अभिभावकहरूले आ-अफ्ना सपनाहरू बोक्दै दौडिरहेका हुन्छन् । सकेसम्म आफ्ना छोराछोरीलाई माथिल्लो दर्जामा पुर्‍याउने सोचका साथ अघि बढिरहेका हुन्छन् । डाक्टर, इन्जिनियर, वकिल आदि मात्र नभई अमेरिका, बेलायत, जापान आदि विभिन्न देशमा पठाउने र आफूले उच्च सम्मान प्राप्त गर्ने सपनाहरू बोकेर कुदिरहेका हुन्छन् तर त्यस्ता सपनाहरू पूरा गराउन के गर्नुपर्छ भन्ने ज्ञानको अभाव पनि उत्तिकै देखिएको छ । कतिपय अभिभावकहरूले त सपनाको खेती गर्दागर्दै आफ्ना छोराछोरी बिग्रिएको पत्तै पाउन सक्दैनन् ।

अर्कोथरि अभिभावक कार्यव्यस्तताले छोराछोरीहरूका लागि समय निकाल्नै सक्दैनन् । जागिर खाने, धेरै पैसा कमाउने, घर-घडेरी जोड्ने, चिल्ला गाडी किन्ने आदि महत्त्वकाङ्क्षी योजना र सोचले सन्तानका लागि समय निकाल्न भ्याउँदैनन् । कतिपय अभिभावकले बालबालिकाको उमेरगत स्वभावलाई बुझेर व्यवहार गर्न नसकेको तथा नजानेको उदाहरणहरू पनि प्रशस्तै देख्न सकिन्छ । छोरा वा छोरीले पढेन, भनेको मानेन, बोल्दैन, घरमा बस्दैन, मुखमुखै लाग्छ, काम केही गर्दैन भन्ने जस्ता विविध गुनासाहरू सुन्न पाइन्छ ।

अर्कोतर्फ विद्यालयमा शिक्षकहरू मेरो विद्यार्थी अनुशासित बनून्, दिइएको कार्य पूरा गरून्, आफूले पढाउने विषयमा अब्बल बनून्, हरेक क्रियाकलापमा सहभागी बनून्, जे भने पनि खुरुखुरु मानून् भन्ने आफ्नै कल्पित अभिलाषामा सीमाङ्कित हुन्छन् । यसले गृहकार्य गर्दैन, पढ्दैन, छुचो छ, झगडा गर्छ, किताब ल्याउँदैन, फोहोरी छ, बोल्दैन, केही जान्दैन भन्ने अनेकन नकारात्मक टिप्पणीका ट्याग लगाइदिन्छौँ । कतिपय शिक्षकहरूले त विद्यार्थीमाथि भौतिक हमला गरी घाइते बनाएका र कतिको ज्यानसमेत गएका दुःखद खबर सुन्दै आएका पनि छौँ । आखिर, विद्यार्थी किन बिग्रन्छन् ? विद्यार्थी बिग्रनुमा मुख्य भूमिका कसको हो ? उनीहरू किन बिग्रिए भनेर अनुसन्धान गर्नुपर्ला कि नपर्ला ? यो गहन र अर्थपूर्ण सवाल हो ।

## बालमनोविज्ञान र व्यवहार

एउटा बालकले नवजात अवस्थादेखि किशोरावस्थामा आइपुग्दा शारीरिक र मानसिक रूपबाट धेरै उतारचढाव खेपिसकेको हुन्छ । बालकले पनि परिवार, विद्यालय, समाज, साथीभाइ, सामाजिक संस्कार आदिसँग आफ्नै स्वभावअनुरूप सङ्घर्ष गरिरहेको हुन्छ । बालबालिकामा देखिने कतिपय उतारचढावका सन्दर्भमा न अभिभावक न विद्यालयका शिक्षक नै चिन्तित छन् । उनीहरूको उमेरअनुसारको ज्ञान-सिप हासिल गर्ने कुरामा जिम्मेवार वर्ग नै संवेदनशील देखिँदैनन् । न शिक्षकले तिनको भावनालाई बोध गर्ने चेष्टा गर्छन् न त अभिभावकले नै ।

छोराछोरी बिग्रने डरले किशोरावस्थामा पुगेपछि उनीहरूलाई घरबाट बाहिर निस्कन बन्देज गर्ने, अनावश्यक शङ्का मात्रै गरिरहने, उनीहरूका हरेक गतिविधिमा निगरानी मात्रै बढाउने, आलोचना गर्ने तर सकारात्मक शैलीमा सल्लाह दिनुपर्ने संस्कारबाट अभिभावक माथि उठ्न सकेका छैनन् । किशोरकिशोरीहरू आफ्ना अग्रज पुस्तासँग विचार नमिलेका कारण त्यसको सिकार बन्न पुगेका छन् । बरु उनीहरूलाई भुलाउन र घरमै सीमित गर्न अभिभावकले मोबाइल, ल्यापटप, आइप्याड, टेलिभिजन जस्ता सामग्री किनिदिने गरेको पनि देखिन्छन् । यस्तो वातावरणले केही विज्ञान-प्रविधिमैत्री ज्ञानको विकास त होला नै तर सामाजिक विकास कसरी हुन सक्ला र ?

हाम्रो जस्तो ग्रामीण भेगका सबै अभिभावकलाई कस्तो व्यवहारले केटाकेटीलाई कस्तो असर पुऱ्याउँछ भन्ने बारेमा राम्रो ज्ञान नहुन पनि सक्छ । आफ्ना केटाकेटी कसरी हुर्काउने भन्ने ज्ञानको अभाव हुँदा केटाकेटीहरूले एउटा सही मार्ग समाउन नसकेको पाइन्छ । झन् पछिल्लो समयलाई हेर्ने हो भने दुर्व्यसनमा लाग्ने विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या दिनानुदिन बढ्दो देखिन्छ । यसलाई नियन्त्रण गर्न बाबुआमाहरू उल्टो आक्रामक शैली अवलम्बन गर्दछन् । परिणामतः पारिवारिक सम्बन्धमा गम्भीर परिस्थिति सृजना गरिदिन्छ । यस्तो गम्भीर विषयमा सम्बन्धित निकाय कि त बेखबर छ कि त जिम्मेवार नै बन्दैन । यदि यही अवस्था रहिरह्यो भने विद्यालय शिक्षाको गुणस्तर झन्-झन् खस्कने निश्चित छ । वस्तुतः तिनको शारीरिक, मानसिक र शैक्षिक सर्वाङ्गीण विकासका पक्षमा स्थानीय सरकार र शिक्षाका जिम्मेवार निकायलाई केन्द्रीय तहबाटै सकारात्मक सुझाव र निर्देशन दिइनु आवश्यक देखिन्छ । बालबालिकाको समग्र विकासतर्फ राज्यले असल र तालिम प्राप्त शिक्षकमा लगानी गर्नेतर्फ ध्यान पुऱ्याउनु अपरिहार्य देखिन्छ ।

विद्यालयमा भर्ना भई पढ्न आएका कतिपय बालबालिकामा मानसिक समस्यासमेत देखा परेको छ । टोलाउने, एकान्त बस्न मन पराउने, अरूमाथि अनावश्यक शङ्का गर्ने, पढ्ने-लेख्ने काममा अनिच्छा प्रकट गर्ने, एक्लो महसुस गर्ने, घर छाडेर हिँड्ने, हीनताबोध महसुस गर्ने जस्ता स्वभावले तिनलाई झनै गम्भीर समस्यामा धकेल्दै लगेको यथार्थमा मुलुकको भोलिको भविष्य कस्तो बन्ला भन्ने भय पनि देखिन्छ । हाम्रो वर्तमान समाजमा छोराछोरीहरूले बढी स्वतन्त्रता खोज्छन् । बदलिँदो दौँतरी जीवनशैलीतर्फ तिनको चाख हुन्छ । हाम्रो पुस्तालाई भ्वाट्टै पचाउन सक्ने व्यवहारका विपरीत अलिक बढी तडकभडक, देखासिकी अर्थात् आधुनिक जीवनशैलीको चाह तिनमा हुन्छ । यता बाबुआमा चाहिँ परम्परागत सोचविचार र छोराछोरीलाई आफूजस्तै बनून् भनिरहेका हुन्छन् । महत्त्वकाङ्क्षी बन्ने स्वभाव हुन्छ तब पारिवारिक सम्बन्धलाई तुषारापात गराइदिन्छ । यसको लागि अभिभावक र शिक्षकहरूले आफ्ना तौरतरिका र व्यवहारलाई सुधार्नु अपरिहार्य देखिन्छ जसबाट बालबालिकाको गलत क्रियाकलापलाई केही सुधार गरी रचनात्मक बनाउन सकियोस् ।

### अभिभावकको भूमिका

- सबैभन्दा पहिलो कुरा त अभिभावकले नै आफूलाई अनुशासित बनाउनुहोस् । छोराछोरी अनुशासित बनून् भन्ने हो भने अभिभावक पनि उदाहरण बन्नुपर्छ । जुवातास खेल्ने, जाँडरक्सी सेवन गरेर झगडा गर्ने, रिस र आवेगमा अनैतिक क्रियाकलाप गर्ने जस्ता गतिविधिको असरले बालबालिकामा नराम्रो असर पर्दछ ।
- घरमा जिम्मेवारीको बाँडफाड गर्नुहोस् । हरेक बालबालिकालाई उनीहरूको उमेर र शारीरिक क्षमताअनुसार जिम्मेवारी दिनुपर्छ । त्यसबाट

उनीहरूलाई सामाजिक व्यवहारमा संलग्न हुन प्रेरणा मिल्छ ।

- पारिवारिक द्वन्द्वलाई न्यूनीकरण गर्दै सौहार्द वातावरणको सिर्जना गर्नुहोस् । घरपरिवारभित्र हुने पारिवारिक कलह, झगडा वा द्वन्द्वले बालमनोविज्ञानमा नराम्रो प्रभाव पार्ने हुनाले परिवारिक वैमनस्यता, झगडा, कलह आदिलाई न्यूनीकरण गर्नैपर्छ ।
- दण्डको सट्टा प्रशंसा गर्ने गर्नुहोस् । परिवारमा आफूभन्दा सानालाई ठूलाले दमनको नीति होइन, प्रशंसा गर्नुपर्छ । उमेर पुगेका परिवारका हरेक सदस्यसँग दुःख-सुख साटासाट गर्नुपर्छ । त्यसका लागि अभिभावकले छोराछोरीलाई समय दिनुपर्दछ । फलतः उनीहरूलाई प्रशस्त रूपमा सबैसँग खुल्ने वातावरण मिलोस् ।
- कुलतमा फसिसकेकाका लागि पनि सकारात्मक सल्लाहकार बन्नुहोस् । मानिस बिग्रेपछि फेरि बिग्रनु हुँदैन । तिनलाई राम्ररी सम्झाएर विभिन्न सिर्जनात्मक काममा सहभागी गराउँदै लैजाँदा पश्चाताप बोध हुन सहज बन्छ । प्रेमपूर्वक व्यवहारले कुलतबाट छुटाउने कोसिस गर्नुहोस् । बल मात्र प्रयोग गर्दा अर्को दुर्घटना वा खतरा बढ्न सक्छ ।
- आफ्ना बालबच्चालाई अरूसँग तुलना गरेर उसलाई दुःखी तुल्याउने काम कहिल्यै नगर्नुहोस् । हरेक बालबालिकाको आफ्नै क्षमता र चाहना हुन्छ । राम्रो वातावरण पाए सबै मानिस सफल र असल बन्न सक्छन् । खुबी सबैमा हुन्छ तर सबैमा एकै किसिमको क्षमता हुँदैन । यसर्थ उनीहरूले गरेका हरेक राम्रा कार्यको प्रशंसा गर्ने बानी गर्नुहोस् । त्यसबाट उनीहरूलाई थप प्रेरणा मिल्न सकोस् ।
- स्वतन्त्रताको नाममा अधिक खुला पनि नबन्नुहोस् र धेरै कडापन पनि नदेखाउनुहोस् । हामीले सर्प पनि मरोस् र लट्ठी पनि नभाँच्चियोस् भन्ने तरिका अपनाउनु राम्रो हुन्छ । उनीहरूको उमेर, स्वभाव, रुचि आदिको ख्याल गरेर व्यवहार गर्ने बानी गर्नुपर्छ । साथी जस्तो व्यवहार गरेमा उनीहरूलाई नकारात्मक व्यवहारबाट टाढै राखिरहन सहज हुन्छ ।
- सानैबाट बालबालिकालाई असल संस्कार सिकाउनुहोस् । उनीहरूलाई संस्कार सिकाउनुअघि आफू संस्कारयुक्त बन्नु आवश्यक हुन्छ । बालबालिकालाई गलत व्यवहारका साथीसङ्गीबाट जोगाउनुपर्छ ।

**शिक्षकको भूमिका**

- विद्यालयमा शिक्षक-शिक्षिकाहरूले बालबालिकालाई शारीरिक, मानसिक यातनाको विपरीत प्रोत्साहन, पुरस्कार र प्रेरणा दिने गर्नुहोस् । बालबालिकाको बाहिरी व्यवहारको ज्ञान शिक्षकलाई हुन्छ भने आन्तरिक स्वभाव र आचरणको धेरै ज्ञान अभिभावकलाई हुन्छ । यसर्थ अभिभावक र शिक्षकले सहकार्य गर्नु राम्रो हुन्छ ।
- शिक्षण पेसाप्रति सकारात्मक सोच बनाउनुहोस् र सबैप्रति सकारात्मक व्यवहार अवलम्बन गर्नुहोस् ।
- शिक्षकहरूले पनि बालबालिकालाई सानैबाट संस्कारयुक्त शिक्षा दिनुहोस् । यसो भनिरहँदा शिक्षक स्वयम् त झनै बढी उच्च स्तरीय दृष्टान्त हो । बच्चाले अरूको कुरा जति सहजै काट्छ त्यसरी शिक्षकको कुरालाई काट्दैन । यसर्थ आफू पनि संस्कारयुक्त बन्ने कोसिस गर्नु आवश्यक छ ।
- बालमनोविज्ञानको मनोभावना बुझेर बालमैत्री शिक्षण विधिलाई अपनाउनुहोस् ।
- बालबालिकालाई उनीहरूको अन्तरनिहित क्षमता उजागर गर्ने परिवेश बनाइदिनुहोस् । तिनलाई प्रशस्त खुल्ने मौका दिनुहोस् ।

- कुनै पनि बालबालिकालाई अर्को बालबालिकाको उदाहरण दिएर दुःखी नबनाउनुहोस् । सबै बालबालिकाको फरक-फरक क्षमतालाई सकारात्मक र सचेत सम्बोधन गर्नु आवश्यक छ । यो समाजमा सबै पेसा र व्यवसायको आ-आफ्नै जिम्मेवार भूमिका रहने कुरातर्फ विद्यार्थीलाई प्रेरित गर्नु आवश्यक छ ।
- विद्यालयभित्र प्रवेश गरिसकेपछि आफ्नो जिम्मेवारीलाई पूर्ण रूपमा पालना गर्नुहोस् ।
- बालबालिकाको क्षमता, रुचि, विशेषता, उमेर आदिलाई बुझी नवीन शैलीमा अद्यावधिक बन्नुहोस् । साथै जिम्मेवारीपूर्वक शिक्षण गर्नुहोस् ।
- विद्यालयभित्र वा बाहिर अत्यन्त जिम्मेवार, भद्र, शिष्ट, विवेकशील र शालीन व्यक्तित्व प्रदर्शन गर्नुहोस् ।

**निष्कर्ष**

बालबालिका काँचो माटो हुन् । हामीले दिने संस्कार र व्यवहारले बालबालिकाको भविष्यको गन्तव्य तय भइरहेको हुन्छ । अवसरले गलत आचरणलाई सुधार गर्न सक्छ । हरेक बालबालिकाको एउटै र उस्तै स्वभाव र क्षमता पनि हुँदैन । यसर्थ बालबालिकाको व्यक्तिगत क्षमताको विकास गर्ने परिवेश निर्माणका लागि उसको स्वभाव र रुचिलाई बोध गर्नुपर्छ । यस कार्यमा अभिभावक र शिक्षक दुवैको भूमिका उत्तिकै हुनुपर्छ । विद्यार्थीको सम्पूर्ण व्यवहारका बारेमा शिक्षक र अभिभावकबिच सम्पर्क पनि आवश्यक हुन्छ । बिग्रेको मान्छेलाई सुधार्ने दुःख गर्नुभन्दा बिग्रनै नदिनु महान् कर्म हो । यसर्थ बालबालिकाको भविष्य निर्माणमा शिक्षक र अभिभावकले रचनात्मक भूमिका निर्वाह गर्नुपर्छ ।


नव वर्ष वि.सं. २०८१ को अवसरमा

आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरू, शेयर होल्डरहरू, हाम्रा शुभेच्छुक तथा ग्राहक महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको

**हार्दिक मङ्गलमय शुभकामना**

व्यक्त गर्दछु ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

**सुरेश बिसुराल**

प्रबन्धक

**एन.आई.सी. एसिया बैंक लि.**

शाखा, कार्यालय, गजुरी- १ धादिङ

# उच्च शिक्षाको गुणस्तर सुधारमा विद्यार्थीको भूमिका



शान्ति छत्कुली

शिक्षाको अर्थ सामान्य भाषामा ज्ञान प्राप्त गर्नु वा सिक्नु भन्ने हुन्छ । शिक्षालाई अङ्ग्रेजीमा Education भनिन्छ । Education शब्द Latin भाषाको Edu र catum मिलेर बनेको हो । Edu को अर्थ आन्तरिक र catum को अर्थ बाहिर निकाल्नु हो । Education शब्द Educere, Educare हुँदै Education भएको हो ।

शिक्षा भनेको मानिसलाई बाटो देखाउने एउटा विधा हो । यही औपचारिक शिक्षा मध्येको एक तह हो उच्च शिक्षा । उच्च शिक्षा भन्नाले स्नातकदेखि स्नातकोत्तर तह, एम फिल (दर्शनाचार्य), विद्यावारिधि, उत्तर विद्यावारिधि तह सम्मको शिक्षालाई बुझाउँदछ । उच्च शिक्षाको उद्देश्य अनुसन्धानमुखी हुनु र ज्ञानको निर्माण गर्नु हो । नेपालमा हालसम्म करिब १४०० वटा उच्च शैक्षिक संस्थाहरू रहेका छन् । ती शैक्षिक संस्थाहरूमा भर्ना भएर अध्ययनरत व्यक्तिहरू नै विद्यार्थी हुन् । उनीहरू बालिग, परिपक्व र सचेत हुन्छन् ।

नेपाली बृहत् शब्द कोशले (प्रज्ञा-प्रतिष्ठान) कुनै वस्तु वा पदार्थमा रहेको गुणको मात्रा र गुणको मूल्याङ्कन गरी निर्धारण गरिने स्तर नै गुणस्तर हो भनेको छ । उपभोक्ताको आवश्यकता वा इच्छा पूरा गर्ने गुण नै गुणस्तर हो । जोसेफ जुरानले प्रयोगको लागि उपयुक्त हुने (fitness for use or purpose) स्वभाव नै गुणस्तर हो भनेका छन् । डेमिनले गुणस्तर भनेको बजार र मूल्यको तुलनामा कुनै पनि वस्तु तथा सेवामा हुने समानता वा भरपर्दो गुण हो भनेका छन् । ISO ८४०२ का अनुसार गुणस्तर कुनै वस्तु तथा सेवामा रहेको आवश्यकतालाई सन्तुष्ट गर्ने समग्र विशेषता हो । गुणस्तर भनेको निरन्तर प्रयासबाट पाउने उपलब्धि हो । शिक्षामा गुणस्तरको लागि गुणस्तरीय नीति, गुणस्तरीय योजना, गुणस्तरीय पाठ्यक्रम, गुणस्तरीय शिक्षक, गुणस्तरीय विद्यार्थी, गुणस्तरीय शैक्षणिक सामग्री र अनुगमन र मूल्याङ्कन हुनुपर्छ । शिक्षामा सन् १९८० को दशकदेखि गुणस्तरको चर्चा हुन थालेको हो ।

युनिसेफले आर्थिकरूपले उत्पादनशील दिगो जीविका आर्जन गर्न सक्ने, शान्ति पूर्ण र लोकतान्त्रिक समाजलाई योगदान दिने र व्यक्तिको भलाइमा वृद्धि गर्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो भनेर परिभाषित गरेको छ ।

नेपालमा उच्च शिक्षामा गुणस्तर कायम गर्न वि.सं. २०५० सालमा छाता सङ्गठनको रूपमा विश्वविद्यालय अनुदान आयोग गठन भएको छ । यसले उच्च शिक्षामा गुणस्तर कायम गर्न १२० ओटा सूचकहरू निर्माण गरेको छ । सूचकअनुसारको गुणस्तर भएमा आत्म मूल्याङ्कन गराएर गुणस्तर वृद्धि गर्ने लक्ष्य राखेको छ ।

शिक्षा भनेको शिक्षक र विद्यार्थीहरूको माझ हुने अन्तर्क्रिया हो । यसमा आदानप्रदान हुने गर्छ । यस प्रक्रियामा ग्रहण गर्ने व्यक्ति विद्यार्थीहरूको भूमिका सन्देशदाताको भन्दा धेरै हुन्छ । उच्च

शिक्षाको गुणस्तरमा विद्यार्थीहरू आफै सक्षम व्यक्ति भएकोले, परिपक्व, सचेत र स्वतन्त्र भएकाले उनीहरू लगनशील हुनुपर्छ । मिहिनेती हुनुपर्छ । सक्रिय कर्ता हुनुपर्छ । परिपक्व कर्ता हुनुपर्छ । आफूले प्राप्त गरेको ज्ञान सही छ कि छैन भनी मूल्याङ्कन गर्न सक्ने समालोचनात्मक चेत हुनुपर्छ । सन् १९६० को दशकदेखि विश्वमा विद्यार्थी आन्दोलन र सङ्गठनहरू फैलिए । हाम्रो देशमा पनि त्यसको लहर आयो र विद्यार्थी सङ्गठनहरू खुले । देशमा राजनैतिक दलमाथि प्रतिबन्ध भएका बखत विद्यार्थी सङ्गठनहरूले राजनैतिक दलको प्रचारक भएर जिम्मेवारी बहन पनि गरे । तर हाल परिवर्तित सन्दर्भमा राजनैतिक दलहरू माथिको प्रतिबन्ध फुकुवा भएको परिवेशमा केवल विद्यार्थीहरूको हक, हित र चासोका विषयमा मात्र केन्द्रित हुन सकेका छैनन् । दलका भातृ सङ्गठनका रूपमा मात्र भूमिका खेलिरहेका छन् । त्यसैले उच्च शिक्षाको गुणस्तर वृद्धि गर्न गैर राजनैतिक प्रकृतिका विद्यार्थी गुणस्तर वृत्त (Student Quality Circle) गठन गर्न थालिएको छ । यसरी थाल्नुको कारण उच्च शिक्षाको गुणस्तर कायम गर्न विद्यार्थीहरूमा सक्रियता र गतिशीलता वृद्धि गर्नु हो । विद्यार्थीहरू सक्रिय र गतिशील भए भने उच्च शिक्षा लक्ष्यबमोजिम नै गुणस्तरीय हुन सक्छ ।

कुल विद्यार्थीहरूको ४० प्रतिशत मात्रले उच्च शिक्षा अध्ययन गर्ने प्रवृत्ति विश्वमा छ । नेपालमा त यस्तो प्रतिशत १७ मात्र छ । उच्च शिक्षा आधारभूत र माध्यमिक शिक्षा जस्तो सबैलाई आवश्यक पर्दैन । सबैले उच्च शिक्षा हासिल गर्न पनि सक्दैनन् । परिपक्व उमेरका विद्यार्थीहरू भएकाले र उच्च शिक्षा बहुआयामिक भएकाले पनि उनीहरूको सहभागितामा गुणस्तर निर्भर गर्दछ । उचालेको कुकुरले मृग मार्दैन भन्ने त कहावत नै छ । तिर्खा लाग्नेले खोला धाउनु पर्छ भनिन्छ । शिक्षकले पढाउने हो । विद्यार्थी नै नभए शिक्षकले कसलाई के पढाउने ? अहिलेको परिवेशमा विद्यार्थीको सहभागिता घट्दो छ । अनलाइन कक्षा सञ्चालन गर्दा पनि कक्षामा २/३ जना विद्यार्थीहरू मात्र जोडिएको अवस्था छ । त्यसैले विद्यार्थीको सक्रिय सहभागितासँगै समयको उपलब्धताले उच्च शिक्षाको गुणस्तरमा वृद्धि गर्न सक्छ र देशलाई आवश्यक उच्च जनशक्ति प्राप्त गर्न सकिन्छ । त्यसैले उच्च शिक्षामा गुणस्तर कायम गर्न विद्यार्थीहरूकै भूमिका बढी र महत्त्वपूर्ण हुन्छ । वर्तमान विद्यार्थीहरूको मात्र होइन भूपू विद्यार्थीहरूको पनि उच्च शिक्षाको गुणस्तर बृद्धिमा महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले संसारभरि पूर्व विद्यार्थीहरूको सङ्गठन खोल्ने चलन छ । उनीहरू विभिन्न पदमा रहेर काम गरिरहेका हुन्छन् । उनीहरूको ज्ञान, सिप र अनुभव आफ्नो विद्यालय वा महाविद्यालयमा प्रयोग गरेमा उच्च शिक्षाको गुणस्तरमा वृद्धि गर्न अवश्य सकिन्छ ।

नव वर्ष वि.सं. २०८१ को अवसरमा आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरू, सेयर होल्डरहरू, हाम्रा शुभेच्छुक ग्राहक महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछु ।

**झंकप्रसाद अधिकारी**
**प्रबन्धक**
**कृषि विकास बैंक लि.**
शाखा, कार्यालय, गजुरी- १ धादिङ

# तिरस्कृत आमा !

**पूर्ण तामाङ**

प्रत्येक दिन पूर्वमा घाम उदाउँछ उसै गरी
प्रत्येक दिन पश्चिममा  घाम अस्ताउँछ उसै गरी
प्रत्येक दिन परिवर्तित छ प्रकृति उसै गरी
प्रत्येक दिन चरीहरू चिरबिराउँछन् उसै गरी ।
फगत म तिमीले बिर्सिएकी
आफ्नोपनले आफैँलाई बिर्सिएकी
थिचिएकी, मिचिएकी अनि तिमीले बिर्सिएकी
खुशी, उमङ्ग र हाँसोहरू सबै रित्तिएकी
उही तिम्री आमा हुँ म
चिन्यौ म त्यही तिम्री आमा हुँ म ।
फगत म आफ्नै सन्तानबाट
सत्ता, सपना र संसार जित्नैका लागि
बेचिएकी  सिक्किम हुँ म,
दार्जीलिङ हुँ म
बेचिएकी  टिस्टा हुँ म
काँगडा हुँ म
चिन्यौ ?
त्यहीँ तिम्री आमा हुँ म ।
इतिहासका काला रातहरूमा
विषालु च्याउ उम्रिएको आजै जस्तो लाग्छ
जसले हर भोरमा कालो धब्बा लगाउँछ
र मेरो वर्तमान तहसनहस गर्छ ।
आफ्नै सन्तानद्वारा बेचिएकी आमा
तितो दिन जतिबेला तिमीले मलाई पराई सम्झ्यौ
तितो दिन जतिबेला म लुटिँदै थिएँ
तितो दिन जतिबेला मलाई तिम्रो साथ चाहिन्थ्यो
ती हरेक दिन मेरो आँखामा आउँछ
र मुटु खप्नै नसक्ने गरी बिझाउँछ
हो मुटु खप्नै नसक्ने गरी बिझाउँछ ।

मेरा ओठले अझै पनि तिमीले बोल्ने गरेको भाषा बोल्छ
मेरा कानहरूले अझै पनि तिम्रो धड्कन सुन्छ
मेरा आँखाहरूले अझै पनि परसम्म  तिमीलाई खोज्छ
मेरा हातहरूले अझै पनि तिम्रा गाला मुसार्न खोज्छ
मेरा पाइलाहरूले तिमीले हिँड्ने बाटो पछ्याउँछ  ।
मेरा स्वप्निल सन्ततिहरूले
अझै तिम्रै सपना देख्ने गर्छन्
यी डाँडाकाँडा छहराले तिमीलाई खोज्छ
यहाँका पवन सधैँ तिम्रो स्पर्श खोज्छ
वनमा कोइली चरी हरपल तिम्रो खबर सोध्छ
यसरी नै प्रत्येक बिहान
आशादीप झैँ पुलकित घाम लाउँछ
यसरी नै प्रत्येक रात निराशा छाई अँध्यारो छाउँछ ।
डुब्नै लागेको घाम भए नि घर फर्कने आशा लाउँछ
र तिमी आउने आशामा यी नजर चारै दिशा धाउँछ ।

नव वर्ष २०८१ सालको
पावन अवसरमा समस्त वडाबासी
आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,
देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरू
लगायत हाम्रा शुभेच्छुक महानुभावहरूमा
सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको
साथै क्याम्पसको उच्च शैक्षिक उन्नयनका
लागि **हार्दिक मङ्गलमय शुभकामना**
व्यक्त गर्दछु ।



**भक्तबहादुर तामाङ**
अध्यक्ष
वडा नं. ६
**गजुरी गाउँपालिका**

# फागु



साम्भवी थापा

दैनिक जीवनमा मान्छे सधैं सादा देखिन्छ
रिमिकझिमिक पनि त जीवनको वास्तविकता हो
जुन क्षणिक र नक्कली लाग्न सक्छ
जीवन एक विचित्र वर्णपट हो
जहाँ रङ्गीविरङ्गी फूलहरू फुल्छन्
केही कोपिला नै छन्
केही फुलिसके
पुष्प हरबखत हाँसेकै हुन्छ
जबकि उसलाई थाहा छ
भरे मुर्झाउनु छ
भरे झर्नु छ
भरे मर्नु छ
बस् हरेक मोडमा
यी ओठमा मुस्कान कम नहोस्
उसलाई थाहा छ
यी ओठमा मुस्कान कम नहोस् ।

जीवनमा उत्साह र उमङ्ग ल्याउन
फागु पूर्णिमा प्रत्येक वर्ष आउँछ
र जान्छ
मानिसहरू रङ दलादल गर्छन्
हाँस्छन्, खेल्छन् र रमाउँछन्
तर नियतिको फागु अर्कै छ
कहिले खुसीका फागुहरू
विवाहको रातो रङ
कहिले दुःख, पीडा र मर्मका
मृत देहमा सेतो कात्रो
जीवनको अन्तिम रङ
आउला बाधा, अनेकौं अड्चनहरू
नआएका कहाँ छन्
सहज त कहाँ छ र ?
सहज काम खाना खाँदा पनि पसिना आउँछ

मनुष्य न हौं हामी
कठिनाइ, अभाव, भोगाइ
पाइलै पिच्छे कहिले ठक्कर त
कहिले चक्कर खानु नै छ
रातोबाट सेतो हुनु छ
जलेर पहेँलो अग्निको दहनसँगै होली खेल्दै
कालो कोइला हुँदै
अन्तिममा खैरो खरानीमा परिणत हुनु छ
जीवनको वास्तविक रङ
हर कोहीले हर दिन, हर क्षण लगाएकै हुन्छ
रातोबाट सेतो हुनु छ,
जन्मदेखि मृत्युसम्मको यात्रामा
फागुका रङहरू
चढ्दै चढ्दै
अन्त्यमा,
मसानघाटमा मानव जीवन टुङ्गिनु छ
सदाको लागि खरानी भएको जीवन पनि
पखालिनु छ
जीवनको रङ
साँच्चै अचम्म, वास्तविक र परिवर्तनशील छ ।

## गजल

देशमा बस्न कसैलाई पनि मन हुँदैन
किनकि यहाँ युवाको कत्ति जतन हुँदैन ।

धनभन्दा विद्या ठुलो लेखिएको थियो
त्यही पढ्न पाइँदैन  जबसम्म धन हुँदैन ।

हजारौँ चोटि खुलाइन्छ एउटै विज्ञापन पनि
जबसम्म राजनीतिज्ञको आफन्तजन हुँदैन ।

मुना र मदनको मृत्युपछि बल्ल थाहा भो
कहिल्यै पनि दुई मुटुमा  एक धड्कन हुँदैन ।

बहुजातीय, बहुभाषिक देश हो हाम्रो
र त एउटै चालचलन एउटै रहनसहन हुँदैन ।



**मनोज चेपाङ 'बाबू'**

## कविता

# इच्छा

**अश्विन भण्डारी**

आज भोलि रहर लाग्छ मलाई यस्तो किन ?
धेरै मान्छे रोइदिउन म मरेको दिन ॥

घाटैभरि मलामीको लाउन पाए लर्को
यो नै हुन्थ्यो ठुलो कमाइ मेरो जीवनभरको ॥

यस्तो लाग्छ लाखौँ आँखा रसाइदिए हुन्थ्यो
मेरै लासमाथि हजारौँ नयनले आँशु खसाइदिए हुन्थ्यो ॥

चितामाथि हुरूरु बदन जल्दा पनि
सबले मलाई सम्भिरहुन् आखिरी समय जीवन ढल्दा पनि ॥

धेरै धेरै मान्छे बसी रोइदिए हुन्थ्यो
तिनै अश्रु छिर्किएर चिता पखालिन्थ्यो  ॥

चिरञ्जीवी गुणवान्को ओढ्न पाए बर्को
सबैभन्दा ठूलो कमाइ हुन्थ्यो जीवनभरको ॥


नव वर्ष २०८१ सालको
पावन अवसरमा समस्त वडाबासी
आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,
देश तथा विदेशमा रहनुहुने सम्पूर्ण
नेपालीहरूलगायत हाम्रा शुभेच्छुक
महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा
उत्तरोत्तर प्रगतिको साथै क्याम्पसको उच्च
शैक्षिक उन्नयनका लागि **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछु ।



**सुरेन्द्र प्रजा**
अध्यक्ष
वडा नं. ४
गजुरी गाउँपालिका

# घडी



मन्जिल ढुङ्गाना

जहाँ गर्छु म
टिकटिक हल्लिँदै
अरूलाई समय बताउँदै
कहिले घर र कार्यालयको भित्तामा
त कहिले मान्छेको हातमा ।

कही मेरो गोलो अनुहार त
कहिले चारपाटे अनुहारका साथ
आउँछु मानिसको सामु
उनीहरूलाई समयको महत्त्व बताउँदै
हाँस्छु खेल्छु म
मान्छेको हातमा
भएर घडीको रूपमा ।

तीनवटा सुई छ मेरो
कोही घण्टा त
कोही मिनेट र सेकेण्ड
हाँस्छु, खेल्छु र रमाउँछु
उनीहरूलाई समयको महत्त्व बुझाउँदै ।

कहिले बताएँ जीवनको महत्त्व त
कहिले समयको महत्त्व
यी सबै बताएर खुसी छु
म र ती व्यक्ति
जसले बुझ्दै छन्
जीवन र समयको महत्त्व ।

घडी जस्तो महान् स्वरूप
जहाँ समय र जीवनको महत्त्व हेरिन्छ
मलाई चिन्नेहरू
निकै अगाडि पुगे
मलाई नचिन्नेहरू
अझै पछाडि छन् ।
म सबैको सफलता बन्न चाहन्छु
त्यसैले तिमी मेरो सदुपयोग गर्ने गर
म तिमीलाई सुनौलो जीवन दिनेछु ।

नव वर्ष वि.सं. २०८१ का अवसरमा आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,
स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरू, सेयर होल्डरहरू, हाम्रा शुभेच्छुक
ग्राहक महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको
**हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछु ।

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK

**कृष्ण भट्टराई**
प्रबन्धक
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
शाखा, कार्यालय, गजुरी– १ धादिङ

# शिक्षा

अप्सरा भण्डारी

मस्तिष्कको अन्धकारलाई छेड्न सक्ने जून तिमी
मनभरिको पीडालाई छुन सक्ने तिमी
काम सबैले गऱ्यो तर प्रेरणा चाहिँ तिनै हो यो
सबैले गाउँने गाथा भा'छ नेपालमा ।

शिक्षाको एक मात्र ज्योति तिमी
पुग्या छैन यति गर्दा अझ धेरै गर्नुपर्छ
गाउँ, बस्तीमा सबले पुज्ने छुट्टै देवता बन
मुक्तकण्ठले प्रशंसा गर्दा नझुक्किने एउटा बन ।

जीवनको मर्म तिमी, कर्म तिमी
मेरो जीवनको साम, दाम, दण्ड, भेद तिमी
बालेर शिक्षाको उज्यालो दीप सदा
सत्मार्ग पछ्याउँदै
जिन्दगीलाई सफलतातर्फ ढाल्न सकूँ ।

सदा मेरो हृदयमा रहनू तिमी
यो जुनीको एक सारथी बनेर
लिएर ज्ञान र शिक्षाको भण्डार
यो राष्ट्र र समाजको लागि केही गर्न सकूँ ।

ज्ञान त्यो हो
जसले मानवलाई देवता बनाउँछ
मन, वचन र कर्ममा परिवर्तन ल्याउँछ
दीक्षा त्यो हो
जसले अन्धकारमा पनि प्रकाश ल्याउँछ ।

हरेक मनुष्यको जीवनको सार तत्व शिक्षा
हरेक विघ्नबाधाको मूलभूत मार्ग शिक्षा
ज्ञान विना मनुष्य चोलाको सार छैन
शिक्षा नै हो
यो राष्ट्रमा सकारात्मक परिवर्तन ल्याउने ।

नव वर्ष २०८१ सालको
पावन अवसरमा प्राध्यापक, अभिभावक तथा
समस्त विद्यार्थी साथीहरू तथा देश, विदेशमा
रहनुहुने सम्पूर्ण नेपालीहरूमा सुस्वास्थ्य,
दीर्घायु तथा उत्तरोत्तर प्रगतिको साथै
क्याम्पसको उच्च शैक्षिक उन्नयनका लागि
**हार्दिक मङ्गलमय शुभकामना**
व्यक्त गर्दछौँ ।

**सभापति तथा**
**स्ववियु परिवार**
**आदर्श बहुमुखी क्याम्पस**
गजुरी- १, धादिङ

नव वर्ष २०८१ सालको
पावन अवसरमा समस्त वडाबासी
आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,
देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरू
लगायत हाम्रा शुभेच्छुक महानुभावहरूमा
सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको
साथै क्याम्पसको उच्च शैक्षिक उन्नयनका
लागि **हार्दिक मङ्गलमय शुभकामना**
व्यक्त गर्दछु ।



**बुध घले**
अध्यक्ष
वडा नं. ५
सिद्धलेक गाउँपालिका

# मेरी आमा

प्रेमनाथ लामिछाने

दिनरात सधैँभरि मेरो हेरचाहमा खटिन्थ्यौ आमा
मलाई केही हुँदा खेरी वेदनामा छट्पट्टिन्थ्यौँ आमा ॥

मनभरि पीडा लुकाएर म हाँस्दा हाँस्ने गर्थ्यौ आमा
दुई छाक टार्न गाउँबाट बेसी झर्ने गर्थ्यौ आमा ॥

जन्मायौ, हुर्कायौ ज्ञानको ज्योति दिँदैछौ आमा
जति बुद्धिमानी भयौँ असल मार्गमा हिँड्छौँ आमा ॥

सम्मान छ तिमीलाई भगवान् सरी पुऱ्याउँछौँ आमा
सुख खुसी दिन्छौ तिम्रो वेदना पीडा बुझेको छु आमा ॥

सङ्घर्ष गर्न्या छु दुधको भारा तिर्न दिन रातमा
हातका दश नङ्ग्रा खियाउँदै छु आमा तिम्रै साथमा ॥

तिम्रो बाहेक अरू कसैको पाउ छुँदिन आमा
तिम्रो ममतामयी काख छाडेर
अरू कसैको हुँदिन आमा ॥

नव वर्ष २०८१ सालको
पावन अवसरमा समस्त वडाबासी
आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,
देश तथा विदेशमा रहनुहुने सम्पूर्ण
नेपालीहरूलगायत हाम्रा शुभेच्छुक
महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा
उत्तरोत्तर प्रगतिको साथै क्याम्पसको उच्च
शैक्षिक उन्नयनका लागि **हार्दिक**
**मङ्गलमय शुभकामना** व्यक्त गर्दछु ।



**सुरेन्द्रकुमार मगर**
अध्यक्ष
वडा नं. ६
सिद्धलेक गाउँपालिका

नव वर्ष २०८१ सालको
पावन अवसरमा समस्त वडाबासी
आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,
देश तथा विदेशमा रहनुहुने सम्पूर्ण
नेपालीहरूलगायत हाम्रा शुभेच्छुक
महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा
उत्तरोत्तर प्रगतिको साथै क्याम्पसको उच्च
शैक्षिक उन्नयनका लागि **हार्दिक**
**मङ्गलमय शुभकामना** व्यक्त गर्दछु ।



**द्रोण कडेल**
अध्यक्ष
वडा नं. २
गजुरी गाउँपालिका

# आवाज



सोबिता लामिछाने

खाऊँ न एक भोक सङ्गसङ्गै प्रेमको भान्छामा
पिऊँ न एक तिर्खा सङ्गैसङ्गै ममताको धारामा !

एक ग्यालेक्सी सपनाहरू बोकेर
अन्जान-अन्जान यात्रुहरूसँगको यो यात्रामा
मिलाउँदै अपनत्वको हात
भिज्दै खुशीका बाछिटाहरूमा
समवेदनाको मलम बाँड्दै ।

गाँसौ न साइनो सद्भावनाको
फालेर खोल रुढीवादी सङ्कीर्णताको
ओढेर च्यादर मानवीयताको
गाउँ न एउटै गीत बन्धुत्वको !

प्रेम प्रेम हो अनि विभेद विभेद हो
मेरो इतिहासको गर्भगृहमा सुरक्षित छन्
तमाम शोषण र दमनका प्रमाणहरू
तमाम विखण्डनकारी कदमहरू
आऊ उत्खनन गरौँ ।

आऊ मुर्झाएको हृदयको बगैँचामा
छरौँ प्रेमका बाछिटाहरू
कतै छुटेको म
कतै तिम्रो मौनता
कतै मेरो ज्यादति
खोजौँ सब हिसाब किताब
र निकालौँ हामी
तिमी र मबाट !

वर्षौंदेखि तिमी सभ्यताको ढोका खुल्छ भनेर पर्खियौ
वर्षौंदेखि म तिमीभित्र आउलाऊ भनेर पर्खिएँ
असहजतालाई नै सहज मानेर बसिरह्यौँ
पर्खिरह्यौँ
कोही आउनेछ र भन्नेछ
छोड मझेरी रुँघ्न
जाऊ सभ्यताका घरभित्र !

बिउँझाऊ न युगौंदेखि मस्त निन्द्रामा परेको समयलाई
खाऊँ न एक भोक सँगसँगै प्रेमको भान्छामा
पिऊँ न एक तिर्खा सँगैसँगै ममताको धारामा ।


नव वर्ष २०८१ सालको
पावन अवसरमा समस्त वडाबासी
आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,
देश तथा विदेशमा रहनुहुने सम्पूर्ण
नेपालीहरूलगायत हाम्रा शुभेच्छुक
महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा
उत्तरोत्तर प्रगतिको साथै क्याम्पसको उच्च शैक्षिक
उन्नयनका लागि **हार्दिक मङ्गलमय**
**शुभकामना** व्यक्त गर्दछु ।



**तारानाथ भण्डारी**
अध्यक्ष
वडा नं. १
गजुरी गाउँपालिका

# लाहुरेको कथा



सरस्वती भण्डारी

स्वदेशमा केही नपाउँदा काम विदेशमा पसियो
गरिबलाई सुख रहेनछ केही दुःखमा फसियो ।

कमाएँ भने पठाउँला धन साहुको ऋण तिर्दिनू
कस्तो छ परदेशी भनेर सोधे जिउँदै छ भन्दिनू ।

परदेशको खबर के लेख्नू खै यो मुटु जल्दै छ
कहाँ हो कहाँ बिरानो गाउँमा लडाइँ चल्दै छ ।

जन्मेको घर साथीसङ्गी सम्झिन्छु झलझली
जङ्गलको बास राइफलको साथ पसिना खलखली ।

कुन दिन मर्छु खुकुरीको धारमा छ मेरो शिर
अहिलेसम्म जिउँदै छु ए आमा ! नमान्नु है पिर ।

तस्विरमा हेर्नू सम्झनाले रोयो भने त्यो मन
विदेशी भूमिमा पोखियो रगत व्यर्थ भो जीवन ।

हरपल काँधमा राइफल कम्मरमा हुन्छ खुकुरी
अर्कैका लागि बजार्नुपर्‍यो यो नेपाली पाखुरी ।

हेर्दाहेर्दै कत्तिको ज्यान लिइसक्यो सिसाको गोलीले
बाँच्ने आशा बगायो सबै रातो रगतको खोलीले ।

बाटो हेरेर बसे है ए आमा ! मलाई पर्खेर
मरिनँ भने बाँचेर आउँछु अर्को साल फर्केर ।

नव वर्ष २०८१ सालको
पावन अवसरमा समस्त वडाबासी
आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,
देश तथा विदेशमा रहनुहुने सम्पूर्ण
नेपालीहरूलगायत हाम्रा शुभेच्छुक
महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा
उत्तरोत्तर प्रगतिको साथै क्याम्पसको उच्च
शैक्षिक उन्नयनका लागि **हार्दिक मङ्गलमय**
**शुभकामना** व्यक्त गर्दछु ।



**बद्री जमकट्टेल**
अध्यक्ष
वडा नं. ७
गजुरी गाउँपालिका

नव वर्ष २०८१ सालको
पावन अवसरमा समस्त वडाबासी
आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,
देश तथा विदेशमा रहनुहुने सम्पूर्ण
नेपालीहरूलगायत हाम्रा शुभेच्छुक
महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा
उत्तरोत्तर प्रगतिको साथै क्याम्पसको उच्च
शैक्षिक उन्नयनका लागि **हार्दिक मङ्गलमय**
**शुभकामना** व्यक्त गर्दछु ।



**देवराज ओझा**
अध्यक्ष
वडा नं. ८
गजुरी गाउँपालिका

# तिमी चाहन्छौ नै भने आऊ न त



सङ्गीता विश्वकर्मा

मेरो जीवन गल्लीमा छ
मेरो जीवन अस्तव्यस्त अनि खल्लीबल्लीमा छ
म फ्याँकिएको फोहोर जस्तै छरपष्ट छु
यताउता जतातत‍ै पोखिएकी छु
साँच्चै तिमी चाहन्छौ नै भने आऊ न त
अङ्गालेर, सम्हालेर अनि मिलाएर लैजाऊ ।

मैले देखेको छैन तिमीलाई
न त भेटेको नै छु
आज बजारमा हल्ला सुनेँ मैले
तिमीले पहाडभरि मेरै नाम खोपेका छौ रे
तारा खस्दा होस् या त मन्दिर पस्दा
मेरो नाम जपेर, जुनी-जुनीको निम्ति
मलाई माग्छौ रे
अँ, साँच्ची तिमी चाहन्छौ नै भने आऊ न त
अङ्गालेर सम्हालेर अनि मिलाएर लैजाऊ ।

बजार हल्ला रै'छ
तिमी त पागलप्रेमी भएका छौ रे
यी हावाले सुटुक्क सूचना दिई गयो मलाई पनि
रातदिन मेरै सपना बुन्छौ अरे
मैले भनिसकेँ त, तिमी चाहन्छौ नै भने आऊ न त
अङ्गालेर, सम्हालेर अनि मिलाएर लैजाऊ ।

"विश्वासको सम्बन्ध, एकताको प्रतीक"
"गतिशील छौं, विश्वसनीय छौं, प्रतिबद्ध छौं"

नव वर्ष २०८१ को पावन असरमा हाम्रा समस्त सेवाग्राही, उद्योगी, व्यवसायी, व्यापारी एवम् शुभचिन्तकहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र दीर्घायुको **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछौँ ।

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

सवारी साधन, घर/पसल /व्यवसाय बीमा, ठेक्कापट्टा, निर्माणसम्बन्धी बीमा, स्वास्थ्य बीमा, पशु बीमालगायत बीमासम्बन्धी सम्पूर्ण कार्यका लागि हामीलाई सम्झनुहोस् ।

**सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड**
शाखा कार्यालय गजुरी, धादिङ, फोन नं. : ०१०४०२१८८
टोलफ्री नं. १६६००१६६६६६, www.salico.com.np

# बाबा र आमा



सुस्मा मगराती

भगवान्‌रूपी कलम बनी आमा
मेरो भाग्य कोरिदिन्छ्यौ
स-साना चोट लाग्दा मलाई
गहभरि आँसु लिँदै मलम लगाइदिन्थ्यौ ।

थामेर मेरा कलिला हात काँधमा
राखी बाबा संसार डुलायौ
सन्तानलाई संसार देखाउँदा आमा
आफ्नो रहरलाई भुलायौ ।

भनिनौ कहिल्यै नाइँ मलाई
गरिनौ कहिल्यै रोक
दिनरात काममा खटी हरेक दिन
आमा मेटायौ मेरो भोक ।

फूटेको छाला, हात र खुट्टा हरेक दिन लिएर
चिसोमा पनि सबेरै उठी घर सबै लिपेर
आधी रातमा सुत्थ्यौ नि ए मेरी आमा
थाकेका शरीर दुःखलाई भुलेर ।

ताते ताते गरी बाबा पाइला चाल्न सिकायौ
नचिनेका अक्षरहरू आमा पढ्न सिकायौ
हुर्किएसी सही गलत के हो चिन्न सिकायौ
सङ्घर्ष गरी बाबा सफलताको शिखर चुम्न सिकायौ ।

च्यातिएको लुगा सिलाई लगाउँथ्यौ सधैँभरि
मलाई भने किनिदिन्थ्यौ डिजाइन थरीथरी
असल बन छोरी भन्दै दिन्थ्यौ बाबा अर्ती
आफू जली ज्योति दिने आमा तिमी मैनबत्ती सरी ।

जब म डरले ब्यूँझिन्थेँ आधारातमा
तिमी पनि सँगसँगै उठ्थ्यौ मेरै साथमा
राखेर हात शिरमा कपाल मुसार्यौ
काखमा सुताइ आमा तिमीले डरलाई भुलायौ ।

सफल हुन साहस दिने
तिमी नै हौ देउता
निश्चल मनले माया गर्ने
ए मेरो बुबा र आमा तिमी नै छौ एउटा ।


नव वर्ष २०८१ सालको पावन अवसरमा समस्त वडाबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूलगायत हाम्रा शुभेच्छुक महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको साथै क्याम्पसको उच्च शैक्षिक उन्नयनका लागि **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछु ।



**ऋषिलाल श्रेष्ठ**



अध्यक्ष
वडा नं. ३
गजुरी गाउँपालिका

# विदेश जाने किन ?



प्रजिना अधिकारी

देशको युवा बाहिरिए देश भयो खाली
देशमै छैन केही आम्दानी पेट हुन्छ खाली ।

युवा जति बिदेसिए देशको विकास कहिले
सबै जनाले सोच्नुपर्‍यो पछि होइन अहिले ।

हाम्रो देशमा असर पर्‍यो युवा विदेश जाँदा
विदेशीकै भरपरी सबै जनाले खाँदा ।

बाँझो बारी लडि'राछ आम्दनी नै छैन
अब हाम्रो युवाहरू विदेसिनु भै'न ।

विदेशकै पसिनाले तरकारी किन्ने
कैले सम्म यो पाराले हाम्रो देश हिन्ने ?

ट्यालेन्टभन्दा माया मोह सबै भुल्ने दिन आयो
बाबा आमा छोराछोरी भन्दै रुने दिन आयो ।

विदेशको दुःख गरे यहाँ कति हुन्थ्यो होला
बाबा आमा जस्तै नेपाल आमा किन रुन्थिन् होला ।

पाँच छ वटा छोराछोरी हुर्काउँथे पहिले पनि
युवाहरू त गएगए बस्नै छाडे महिला पनि ।

वर्ष दिनको बच्चा छोडी पैसाभन्दा हतार हतार
नेपालमा कोही छैन कोही दुबई कोही कतार ।

तोकिएको मिति नभई घरमा आउन पाइँदैन
भयो भयो मलाई अब यस्तो विदेश चाहिँदैन ।

खान्छु बरु गुन्द्रुक ढिँडो लगाउँछु चोली
विदेशीको नक्कल गरे दुःख हुन्छ भोलि ।

अर्काको देखासिकी कहिलेसम्म गर्ने
आफ्नै नेपाल उच्च बनाऊ किन विदेश जाने ?

नव वर्ष २०८१ सालको
पावन अवसरमा समस्त वडाबासी
आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,
देश तथा विदेशमा रहनुहुने सम्पूर्ण
नेपालीहरूलगायत हाम्रा शुभेच्छुक
महानुभावहरूमा सुस्वास्थ्य, दीर्घायु तथा
उत्तरोत्तर प्रगतिको साथै क्याम्पसको उच्च
शैक्षिक उन्नयनका लागि **हार्दिक
मङ्गलमय शुभकामना** व्यक्त गर्दछु ।



**सानु गिरी**
अध्यक्ष
वडा नं. ७
सिद्धलेक गाउँपालिका

# म र मेरो कोठा



दीपिका तिमल्सेना

"आमा म गएँ है" अँध्यारो अनुहार आँखाभरि आँसु लिएर सुनौलो भविष्य बनाउने सपनासहित आफूलाई चाहिने सामानहरू पोको पारी म घरबाट निस्किएँ । मलाई मेरो नयाँ घरसम्म पुऱ्याउन मेरो बाबा मसँगै आउनुभएको थियो । ठूलाठूला घरहरू र ती घरहरूको बिचमा रहेको साँघुरो बाटो हुँदै एउटा ठूलो घर अगाडि आएर गाडी रोकियो । बाबा आफ्नो काँधमा मेरो सामानहरू हालेको बोरा बोकेर घरभित्र छिर्नुभयो । म बाबाको पछि पछि लागेँ । घरको गेट खोलेर एउटा भऱ्याङ चढेर बिचको तलाको छेउमा आएर पाइला रोकियो । बाबाले ढोका खोलेर "यही हो तिम्रो कोठा । कस्तो लाग्यो ?" भन्नुभयो । आफ्नो घर, आँगन, गाउँ सबै छोडेर कता हो कता सहरको कुनामा रहेको एउटा ठूलो घरको सानो कोठा कसरी राम्रो लाग्थ्यो र ? तर बाबाको अनुहारतर्फ हेरेर मुन्टो हल्लाएर राम्रो छ भन्ने इसारा गरेँ तर मनले चाहिँ राम्रो छैन यो कोठा । म घरै जान्छु भन्न खोजिरहेको थिएँ । बाबाले सबै सामान मेरो कोठासम्म ल्याइदिनुभयो । खाट चाहिँ घरपतिले पहिले कोठा हेर्न आउँदा नै यहीँ छ ल्याउनु पर्दैन भनेकाले ल्याएका थिएनौँ । पहिलेको सहमतिअनुसार घरपति काकाले खाट कोठामा ल्याएर राखिसक्नुभएको रहेछ । बाबा र घरपतिकाका मिलेर मेरो सबै सामानहरू मिलाएर राखिदिनुभयो । सबै काम सकिएपछि "म अब जान्छु ! तिमी राम्रोसँग बस, खाना बनाएर खाऊ, बेलैमा सुत, अनि सुत्ने बेलामा ढोका राम्रोसँग बन्द गर है" भन्नु भयो बाबाले । त्यति भन्दै गर्दा मेरो आँखाबाट आँसु खसिहाले हतार हतार बाबाले देख्नुहोला भन्ने डरले आफ्नो आँसु पुछिहालेँ । "हस् हुन्छ" भन्ने शब्द मुखबाट निकाल्न सकिन । मुन्टो हल्लाएँ । त्यति भनिसक्दा बाबाको अनुहार पनि निकै अध्यारो भइसकेको थियो । म अनुमान गर्न सक्थेँ । यदि छोरा मान्छे रुनु हुँदैन भन्ने समाजको सोचाइ नभएको भए सायद बाबा पनि रुनुहुने थियो । 'ल अब जान्छु है । तिमीलाई डर त लाग्दैन नि ?' बाबाले भन्नुभयो । त्यसपछि मैले केही भन्न नभ्याउदै बाबा आफैँले भन्नुभयो "केही हुन्न । उतापटि कोठामा तिम्रै कलेजमा पढ्ने दाइदिदी पनि बस्नुहुन्छ । तिमी एक्लै हुँदिनौ । ल, अब मलाई ढिला हुन्छ । म गएँ । तिमी राम्रोसँग बस" यति भनेर बाबा जानुभयो । मैले आँखाले देख्ने ठाउँसम्म बाबालाई हेरिरहेँ । बाबालाई "मलाई पनि लैजानुस् न । म यहाँ बस्दिनँ" भन्ने मन थियो । तर सकिनँ । यदि कुरा मेरो भविष्यको थिएन भने बाबाले पनि मलाई यसरी छोडेर जानुहुने थिएन । अब म आफ्नो कोठाभित्र छिरेँ । कुनामा रहेको खाट जहाँबाट बाहिरको दृश्य नियाल्न सकिन्थ्यो । खाटको अर्कोपट्टि छेउमा रहेको किचन ऱ्याक जहाँ भाँडा, खाना पकाउने सामान र ग्याँस चुलो राखिएको छ । त्यहीँ ऱ्याकनजिकै रहेको पानीको जार र त्यस जारको पछाडि ग्याँस सिलिन्डर त्यही हेर्दाहेर्दै रात पऱ्यो । खाना पकाउन मन लागेन । घरको सम्झना आउन थाल्यो । हिजो बेलुकासम्म आमा, बाबा र भाइसँग हाँस्दै, खेल्दै र झगडा गर्दै बसेको दृश्य झलक्क आँखा अगाडि आयो । कतिबेला आँसु खस्यो पत्तै भएन । धेरै बेरसम्म रोइरहेँ अनि बाहिर कसैले ढोका ढक्ढक्याएको आवाज आयो हतार हतार आँसु पुछेर ढोका खोलेँ । तिमी पनि भेटेरिनरी पढ्न भाएको अरे हो ? केही बोल्नु अगाडि नै सिधै प्रश्न सोध्नुभयो । मैले हो भन्ने जवाफ दिएँ । ए !

म पनि त्यही पढ्छु । डराएको छौ कि भनेर सोध्न आएकी । १८-१९ वर्षकी युवतीले भनिन् 'म तिम्रो कोठाभन्दा अगाडिको कोठामा बस्छु । केही गाह्रो भयो भने भन है' भनेर उनी आफ्नो कोठाभित्र छिरिन् । मैले पनि आफ्नो कोठाको ढोका लगाएँ । त्यत्तिकैमा फोनको घण्टी बज्यो । आमाले फोन गर्नु भएको रहेछ । फोन उठाएँ र उहाँको आवाज सुन्नेबित्तिकै आँसु आयो । उहाँले थाहा पाउनुहुन्छ कि भनेर फोन काटिदिएँ । अनि फेरि फोन आयो । त्यस पटक मन दह्रो पारेर फोन उठाएँ र भनेँ, "झुक्किएर फोन काटियो । खाना खायौ त ? उहाँले सोध्नुभयो । खाइसकेँ । भर्खर खाएको । तपाइँले नि ? हामीले पनि खायौँ उहाँले भन्नुभयो । पहिलो पटक घर छाडेर टाढा आएकी म । घरमा एक एक जनाको हालखबर सोधेँ । फोन राख्ने बेलामा उहाँले "ढोका राम्रोसँग बन्द गर, नडराई सुत अनि भोलि कलेज जाऊ है । मोबाइलमा अलार्म राखेर सुत । फेरि उठ्न ढिला हुन्छ" भनी फोन राख्नुभयो । त्यस दिन उहाँसँग झुट बोलेँ भन्ने कुराले धेरै नराम्रो लाग्यो तर त्यस दिनदेखि प्रायजसो सधैं खाना खाएँ भन्ने झुट बोल्न थालेँ त्यसैले होला आजभोलि त त्यति नराम्रो पनि लाग्दैन । घर छाडेर सानो कोठालाई आफ्नो भान्छा, सुत्ने कोठा, पढ्ने कोठा सबै एउटै कोठालाई मानेर बसेको पनि चार वर्ष भयो । बाबाले मिलाएर जानुभएपछि आफ्नो कोठामा रहेको सामानलाई हरेक कुनामा राखेर कस्तो देखिन्छ भनि हेर्न भ्याइसकेकी छु । तर झ्याल नजिकै रहेको खाट भने जहाँको त्यहीँ छ । त्यस खाटमा बसेर बाहिरको दृश्य नियाल्न खुब आनन्द आउँछ । त्यही झ्यालमा बसेर गर्मी महिनामा चिसो हावा खाँदा, जाडो महिनामा १० मिनेट भए पनि घाम ताप्न पाउँदा खुब आनन्द आउँछ । खाटको अर्कोपट्टि भित्तामा जोडेर राखिएको किचन र्‍याक जसको माथिपट्टि ग्याँसको चुलो र भित्रपट्टि भाँडा, खाना बनाउने सामान छ । साथै मेरो प्रिय खाना, खाजाको रूपमा रहेको चाउचाउ पनि प्रायः कहिले टुट्दैन । ग्याँस चुलो भने हप्तामा दुई दिन पनि मुस्किलले बल्छ । खाना खाने कुरामा चाहिँ निकै पछाडि छु म । खाटनजिकै पानीको जार र पानी भरेर रखिएको बोतल छ । पानीलाई खाटनजिकै राख्नुको कारण चाहिँ प्यास लाग्दा खाटबाट उठ्न नपरोस् भनेर हो । झ्यालमा लगाएका पर्दाहरूले साँझ परेर बत्ती बालेपछि गाह्रोको नै काम गर्छ । यदि त्यो पर्दा न हुँदो हो भने मेरो कोठा अगाडिपट्टिका मानिसहरूले मेरो कोठा कस्तो छ के छ सबै सजिलै देख्थे । खाटको तलपट्टि अर्थात् ढोका खोलेरभित्र पसेपछि मुन्टो घुमाएर हेर्दा पहिला देखिनेले दृश्य एउटा सानो र्‍याक छ जसमा मैले मेरो कपडा, जुत्ता र अन्य सामानहरू राखेकी छु । छोरी मान्छेको लुगा धेरै हुन्छ भनेको सुनेकी थिएँ साँच्चै नै हो कि जस्तो लाग्छ । र्‍याकमा मात्र नअटाएर ढोकामा पनि केही कपडा झुन्ड्याएर राखेकी छु । कोठाको अर्कोपट्टि कुनामा सानो काठको टेबल छ जसमा मेरा किताब, कापी र कलमहरू छन् । अघि लेख्न छुटाएको जरुरी कुराचाहिँ किचन र्‍याकको छेउमा रातो रङको तरकारी राख्ने टोकरी छ जसमा तरकारी कम चाउचाउ र चकलेट धेरै हुने गर्छन् । कुनै दिन खाना खान्छु भनेर किनेर ल्याएका तरकारीहरू नखाएर त्यसै कालो भई सुकिराखेका हुन्छन् । पढ्ने सामानहरू राखेको टेबुल नजिकै एउटा बिस्कुटको बाक्सा छ जसभित्र मेरो पुराना कापी र किताबहरू छन् । कपडा राख्ने र्‍याकनजिकै कुनामा कुचो र फोहोर राख्ने एउटा सानो बाक्सा छ, जसमा म बढारेर आएको कसिङ्गरलाई हाल्ने गर्छु र त्यही बाक्सासँगै कुनामा एउटा कुचो छ जुन पुरानो भएर होला टुक्रिन थालेको छ । ढोका खोलेर झलक्क हेर्दा कोठा मिलेको नै छ जस्तो लाग्छ । सायद आफ्नो भएर होला । यही कोठाभित्र विगत चार वर्षदेखि मैले मेरो सपनाहरू पूरा गर्ने कोसिस गरिरहेको छु । म दुःखी हुँदा झ्यालढोका सबै बन्द गरेर ओढ्नेले मुख छोपेर रोएकी छु । खुसी हुँदा गीत बजाएर नाचेकी छु । बिरामी हुँदा खाटलाई अस्पतालको बेड बनाएकी छु । अल्छी लाग्दा केही नगरी सुतेकी छु । पढ्नुपर्ने बेलामा आफ्नो कक्षाकोठा यही कोठालाई बनाइएकी छु । सपना पूरा गर्ने र सुन्दर भविष्य बनाउने क्रममा आमा बाबाको काख र आफ्नो घर छाडेर आएपछि मेरो घर, परिवार, साथी, रुने, हाँस्ने र खेल्ने ठाउँ मेरो कोठा हो ।

बचत सँग सँगै समृद्ध बनौं

Digi युवा बचत खाता



माछापुच्छ्रे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित

सबल, उत्कृष्ट एवं विस्तारित

बीमितहरुलाई सर्वाधिक प्रतिफलको लागि

उत्कृष्ट बोनस दर रू.६४ देखि ८५ सम्म*
(सावधिकमा)

विगत ३७ वर्ष देखि सञ्चालनरत
नेपालकै पहिलो र अग्रणी जीवन
बीमा कम्पनी

- नेपाल सरकारको पूर्णस्वामित्व रहेको राष्ट्रिय वाणिज्य बैंक प्रवर्धक रहेको

भरपर्दो र प्रतिफलयुक्त

National Life



नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED

गजुरी शाखा कार्यालय
माछापुच्छ्रे बैंक, गजुरी शाखाको ठिक अगाडी
फोन नं : ०१०-४०२४४८

गजुरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गजुरी, धादिङ

## गजुरी गाउँबासीहरूमा हार्दिक अनुरोध

१. जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइ जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र निःशुल्क रूपमा आ-आफ्नो वडा कार्यालयमा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं ।

२. गाउँपालिकामा तोकिएका करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।

३. नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।

४. रुख रोपौं, वातावरण संरक्षण गरौं र हरियाली बढाऔं ।

५. आफ्नो घर, कार्यालय, भान्सा तथा अन्य सम्बद्ध स्थलबाट उत्पादित फोहोरमैलालाई स्रोतमै कुहिने, नकुहिने तथा सिसाजन्य गरी अलगअलग रूपमा वर्गीकरण गरी फोहोरमैला व्यवस्थापनमा सहयोग गरौं ।

६. खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

७. आफ्नो घर वरपरका लामखुट्टेले फुल पार्न सक्ने सम्भावित ठाउँहरूको पहिचान गरी सफा राखौं र डेंगी, मलेरिया जस्ता रोगहरूबाट सुरक्षित रहौं ।

८. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउनेको सूचीमा छ छैन प्रत्येक श्रावण महिनामै आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

९. विकास निर्माणका काममा सहभागी बनौं र खबरदारी गरौं, सभ्य नागरिकको परिचय दिऔं ।

साथै

नव वर्ष २०८१ सालको पावन अवसरमा गजुरी गाउँपालिकावासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूप्रति सुख,शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु र उत्तरोतर प्रगतिको **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| **राजु अधिकारी** | **शर्मिला बिसुराल** | **गणेशलाल श्रेष्ठ** |
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**website:** gajurimun.gov.np